एमालेभित्र प्रचण्ड गुट | रूपकले बचाएको सालिक

आइतबार • २१ माघ २०७४ • मूल्य रु. २५

नेपाल

nepal.ekantipur.com

राष्ट्रिय साप्ताहिक



मन्त्रिपरिषद्को मनपरी

Dabur
आयुर्वेदको शक्तिका साथ
Dabur RED Gel
ताजा सास मात्र होइन
अब सुरक्षा पनि
Ad Media/Dabur RG/017
नयाँ
Dabur RED Gel
Ayurvedic Gel for
12 Hours
Freshness Effective Oral Care
Effective Clinically Proven Oral Care
Dabur RED Gel
Ayurvedic Gel for
12 Hours
Freshness Effective Oral Care
Effective Clinically Proven Oral Care

AMBE
GROUP

अम्बे सिमेन्ट

गुणस्तरीय पहिचान | मजबुत जडान | वर्षौंसम्मको शान

अम्बे सिमेन्ट

यो देशको शिर, उच्च राख्दै...

नेपाल गुणस्तर प्रमाण चिन्ह
ने.गुण ३८५

नेपालमा बनेको

ISO 9001:2008 CERTIFIED COMPANY

झंडु बाम,
अब ROLL ON मा पनि
ZANDU
EXPERT IN LIFESTYLE DISORDERS
New Improved No.1
ZANDU
Balm
Fast Action
Fast Absorption
ZANDU
ZANDU
ROLL-ON
अब नयाँ झंडु रोल-अन पनि बजारमा उपलब्ध छ
अधिक दुखाईको लागि
सामान्य दुखाईको लागि
New Improved No.1
ZANDU
EXPERT IN LIFESTYLE DISORDERS
Balm
FAST ACTION
FAST ABSORPTION
ZANDU
EXPERT IN LIFESTYLE DISORDERS
ULTRA POWER
Balm
For Strong Headache, Bodyache & Cold

मन्त्रपरिषद्को मनपरी निर्णय

आवरण ३२

१४ विकास
पुरानो मार्ग ब्युँताउने प्रयत्न

१८ राजनीति
एमालेमा पुष्पकमल गुट

२३ इतिहास
सालिक अपहरणको त्यो प्रयास



'प्रहरी नेतृत्व नै मेरो विपक्षी भएकाले उसले गरेको अनुसन्धान निष्पक्ष र विश्वसनीय हुँदैन'
– नवराज सिलवाल

२८ संवाद

५४ झल्याकझुल्युक
प्रचारको सास्ती
रिमा अब आइटमतिर



४० लेखन
कमाउने यस्तो कौशल

नियम नमानी निर्णय	१६
अतिक्रमणमा ताल	१७
उद्योगमा अत्याधुनिक प्रविधि	३८
सन्दर्भ : कृष्णमान मानन्धर	३९
नचन नाच जोगाउने प्रयास	४२
परदेशबाट : विश्वास हमाल	४३
रोनाल्डिन्हो बिदाइ	४४

स्थायी स्तम्भ >>

पाठकको पत्र (६), सोझै (९), परिहास (१०), झटारो (११), स्मरण (१३), पुस्तक (४६), साहित्य (४८), सूचना/प्रविधि (५०), चित्रपट (५२), झल्याकझुल्युक (५४), फिल्म (५६), नोटबुक (५८)

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया । **निर्देशक** : स्वस्तिका सिरोहिया । **प्रधान सम्पादक** : प्रशान्त अर्याल

साहित्य/कला : रमण घिमिरे, **प्रमुख उप-सम्पादक** : सन्तोष आचार्य, **वरिष्ठ संवाददाता** : राजकुमार बानियाँ, रामबहादुर रावल, बाबुराम विश्वकर्मा
सहायक वरिष्ठ संवाददाता : माधव बस्नेत, **संवाददाता** : मनबहादुर बस्नेत, प्रदीप बस्याल, गोकर्ण गौतम

कपी डेस्क : ईश्वरी ज्ञवाली, गुरुङ सुशान्त, **तस्बिर** : रवि मानन्धर (संयोजन), भास्वर ओझा
सज्जा : चन्द्रकुमार प्रजापति (संयोजन), घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी, **कार्टुन/ग्राफिक्स** : रवीन्द्र मानन्धर, **मार्केटिङ** : असुरारी ज्ञवाली

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौँ, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. २१०७),
फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np
पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौँमा मुद्रित, प्रकाशन मिति : १४ माघ २०७४, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८



nepalpatra@kmg.com.np

सेनालाई विवादमा तान्ने काम

नेपाली सेनालाई मुलुकको सुरक्षार्थ खटाउनुको साटो व्यापार-व्यवसाय र ठेक्का-पट्टामा लगाउने हो भने सेनाको छवि थप धमिलिने निश्चित छ (*फास्ट ट्र्याकको 'ट्र्याप', १४ माघ*)। निष्पक्ष र विवादरहित संस्थाका रूपमा आफ्नो परिचय बनाएको सेनालाई जबरजस्ती निश्चित कार्यक्षेत्र र भूमिकाबाट बाहिर तानेर के गर्न खोजिएको हो, बुझ्न सकिएन। सेनालाई सडक निर्माणमा संलग्न गराउने हो भने सडक विभागको के काम ? बाटोघाटो, पुलपुलेसा र विकास निर्माणका काम गर्न भनेर विभिन्न मन्त्रालय र विभाग छँदाछँदै सेनालाई यस्तो काममा सरिक गराउनु सेनालाई विवादमा तान्ने प्रयास हो।

● **मिलन तुलाधर**
इन्द्रचोक, काठमाडौँ

– फास्ट ट्र्याकमा शीर्ष दलका नेताले कमिसनको ऱ्याल काढेका छन्। मुलुककै बहुप्रतीक्षित र चर्चित राष्ट्रिय आयोजना फास्ट ट्र्याक खर्बौं रुपियाँको लागतमा बन्ने अनुमान गरिएको छ। सरकारले १० अर्ब बजेट छुट्याइसकेको छ भने तत्कालै चार अर्ब रुपियाँ सेनालाई दिन लागिएको छ।

चार अर्ब रुपियाँ सेनालाई दिँदा निश्चित कमिसनबापतको रकम राजनीतिक दलका शीर्ष नेताहरूले भागबन्डा गरेर लिने छन्। यही हो त लोकतन्त्र ? यही हो त हामीले खोजेको विकास ?

● **पुरुषोत्तम पन्त**
झापा

थप प्रमाणको आश

पदमसिंह कार्कीले संस्कृतिविद् सत्यमोहन जोशीको भनाइ उद्धृत गर्दै नेपालमा अभिलेखालयको सूत्रपात विसं १४२९ मा जयस्थिति मल्लबाट भएको हो भनी लेखेको कुरा नौलो लाग्यो (*अभिलेखको अन्त्येष्टि, ३० पुस*)। यसबारेमा थप प्रमाणसहित खुलाउन पाए अझ राम्रो हुन्थ्यो। हुन त नेपालको लिखित इतिहास सुरु भएदेखि नै दरबारमा पुस्तक संग्रह अवश्य नै हुनुपर्छ। होइन भने लिच्छविकाल र त्यसपछिका अभिलेखमा पनि विभिन्न

धर्मशास्त्र र इतिहास-पुराणका उद्धरण आउने थिएनन्।

हनुमानढोका दरबारबाट विसं १९०४ मा वसन्तपुर दरबारमा राजकीय पुस्तक संग्रह सारिएको त थाहा भएन, बरू हनुमानढोका दरबारबाट थापाथली दरबारमा श्री ३ जंगबहादुरको पालामै राजकीय पुस्तक संग्रह सारिएको थियो। त्यस बेला दरबार स्कुल पनि थापाथली दरबारमै भएकाले बेलायतबाट विसं १९४१ मा अन्वेषण गर्न नेपालमा आएका प्रोफेसर सेसिल बेन्डलका लागि दरबारभित्रकै कुनै घरबाट स्कुल भएको घरमा ती पुस्तक सारिएका थिए भन्ने कुरा बेन्डलको यात्रावृत्तान्तबाट बुझिन्छ। यसबारेमा महेशराज पन्तले 'पुरावस्तुको बहिर्गमन' शीर्षकमा एक दैनिक पत्रिकामा लेखिसकेका छन्।

● **रोशनी श्रेष्ठ**
थानकोट, काठमाडौँ

संगति नमिलेको कांग्रेस

नेपाली कांग्रेस विचारले होइन, तदर्थवादले सञ्चालन भइरहेकाले भावशून्य भएको दलको अस्तित्व रहन कठिन हुन्छ (*कसले ब्युँताउँछ कांग्रेस ? कसरी ?, २३ पुस*) तदर्थवादले गर्दा दल बिरामी हुन्छ। बिरामी भएपछि अस्पतालमा नलगेर कहाँ लाने ? सरकारमा जानु र दल सञ्चालन गर्नु पृथक् विषय हुन्। वैचारिक रूपमा स्पष्ट नभएको दल सत्तामा भएर पनि आर्थिक समृद्धिको कार्यक्रममार्फत जनमानसमा आशा जगाएन भने त्यस्तो दल र सरकार असफल हुन्छ। कांग्रेसको सन्दर्भमा सोही विषय लागू भएको छ।

मूलतः कांग्रेसभित्र आन्तरिक प्रजातन्त्र छैन। अराजक र अनुशासनहीनता छ। पार्टीभित्र चाहिने सबैभन्दा महत्त्वपूर्ण विषय

प्रजातन्त्र, अनुशासन र गतिशीलता हुन् । सो विषय दलमा छैन भने उक्त दल असफल हुँदै जनताबाट बिस्तारै विस्थापित हुन्छ । कांग्रेसभित्र केही तथाकथित ठालू नेताहरू र सभापतिको हैकमवाद छ । सभापतिको दिमागमा लागेको विषय छलफलबिना नीतिका रूपमा ल्याइने प्रवृत्ति कांग्रेसमा छ । यस किसिमको प्रवृत्ति ढालूवाद हो । प्रजातन्त्रवादी भनिने दलमा पूरै तानाशाही चिन्तन मौलाउनु दुर्भाग्य हो । सिद्धान्तमा प्रजातन्त्र भनिए पनि व्यवहारमा हैकमवादी प्रवृत्ति कांग्रेसमा मौलाइरहेको छ ।

गिरिजाप्रसाद कोइरालाको हैकमवादी प्रवृत्तिले सर्वमान्य नेता गणेशमान सिंह र सन्तनेता कृष्णप्रसाद भट्टराईलाई कांग्रेस परित्याग गर्न बाध्य पारियो । यो नेपाली कांग्रेसको इतिहासमा भुल्नै नसकिने कुचक्र हो ।

नीति के हो ? स्पष्ट छैन । अरुले देखाएको धर्मनिरपेक्षताको मार्गचित्रमा कांग्रेस हिँड्नुले पनि उसको नीतिविहीन भएको प्रस्ट हुन्छ । बीपी चिन्तनलाई चटक्कै छोडेर गएको मार्ग कसरी सफल हुन्छ ? हिंसालाई आत्मसात् गरी बुद्ध धर्म कसरी मान्न सकिन्छ भनेझैं बीपीको मूल आत्मा 'राष्ट्रिय मेलमिलाप'लाई फालेर बीपी विचार कसरी मानिन्छ ? गलत व्याख्या गरिन्छ भने समस्या उत्पन्न हुन्छ । बीपी विचारको गलत व्याख्या गरेकाले यो दलमा समस्या आएको हो । उदारवाद र प्रजातान्त्रिक समाजवादलाई कसरी आत्मसात् गर्ने सन्दर्भमा कांग्रेस आफैं अलमलिएको छ । रुमल्लिएको कांग्रेसले कसरी नेतृत्व गर्न सक्छ ? प्रश्न विचारणीय छ ।

जापानको लिबरल डेमोक्रेटिक पार्टी र बेलायतको लेबर पार्टी आन्तरिक सुधार गरेर पुनः स्थापित भई निर्वाचनमा विजयी भएर सत्तामा पुगेको थियो । यस विषयमा कांग्रेसले ध्यान दिनैपर्छ । कांग्रेसको वैचारिक नेतृत्व र संगठन कसले गर्ने ? पार्टीभित्रको अधिनायकवादले न त संगठन मजबुत हुन्छ, न त वैचारिक नेतृत्व निर्माण हुन्छ । दलभित्रको अधिनायकवादले कोटरी र सानो झुन्ड मात्रै तयार पार्छ ।

गणेशमान सिंह र कृष्णप्रसाद भट्टराईले पार्टी छोड्दा कोइरालाहरू दुःखी भएनन् भन्ने लेखमा इंगित भावले कांग्रेसभित्र वैचारिक धरातल गौण बनेको स्पष्ट हुन्छ । गिरिजा प्रवृत्तिको सिको हालका पार्टी सभापति शेरबहादुर देउवाले पनि गर्दैछन् । उनको नेतृत्वको कांग्रेस अज्ञानतामा बाँचिरहेको छ । अज्ञानताबाट ब्युँझनु नै कांग्रेसलाई मजबुत गराउने बाटोमा लाग्नु हो ।

● **महेन्द्रमान श्रेष्ठ 'व्यथित'**
पोखरा, कास्की

पूर्वसैनिकहरूको लगानी तथा यथार्थ

भारतलगायत विदेशी सेनामा कार्यरत पूर्वनेपाली सैनिकहरूले प्राप्त गरिरहेको रकम फजुल खर्चमा होइन, उत्पादक काममा लगानी भइरहेको छ *(आम्दानी : ८० अर्ब, लगानी : न्यून, ७ माघ)* । उक्त आलेखको सत्य र तथ्यमा चित्त बुझाउन नसकी केही बुँदामा संशोधन गर्नुपर्ने आवश्यकता महसुस गरेको छु । जस्तो कि, शीर्षकमा उल्लेख भएको लाहुरेहरूको आम्दानी ८० अर्ब रुपियाँ साँचो हो । तर, लगानी न्यून भन्ने तथ्य साँचो होइन । भूतपूर्व सैनिकहरूले सुनसरी (धरान), गोरखा, कास्की, काठमाडौं, रुपन्देही, चितवन आदि जिल्लामा बैंक, सहकारी, यातायात, पेसा, व्यवसाय, शिक्षा आदि क्षेत्रमा लगानी गरेका छन् । पेन्सनको धेरैजसो रकम देश विकासमा प्रयोग भइरहेको छ । त्यस्तै, भारतमा सातवटा मात्र गोर्खा बटालियन रहेको तथ्यांक उल्लेख गरिएको छ । वास्तवमा त्यो संख्या ५२ हो । ५-६ वटा प्यारामिलिटरी रेजिमेन्टहरू पनि छन् । यसबाहेक असम राइफल, बर्डर सेक्युरिटी फोर्स, भारतीय वायुसेना, भारतीय जलसेनामा धेरै नेपाली सैनिक छन् । प्रस्तुत आलेखले भारतीय सेना र बेलायती सेनाका बारेमा मात्र चर्चा गरेको छ । सिंगापुर, ब्रुनाई र अन्य देशमा कार्यरत र सेवानिवृत्त सैनिकहरूको योगदानका बारे मौन छ । आफ्नो पेन्सनबाट परिवारको लालनपालन, शिक्षा र स्वास्थ्यमा खर्च गरी बचेको रकमबाट पेसा-व्यवसाय गर्नु विलासिता हुन्छ र ?

पूर्वसैनिकहरूको पेन्सनस्वरूप ठूलो रकम नेपाल भित्रिने तथ्य साँचो हो । यो रकमलाई लगानीका रूपमा परिणत गर्न पूर्वसैनिकहरूलाई नियमन गर्ने नीति निर्माण गरी राज्यले निर्देशित गर्नुपर्ने आवश्यकता छ । त्यसै गरी, भारतीय सेनाका करिब १५ हजार एकल नेपाली महिलाले पेन्सन सुविधा प्राप्त गर्न नसक्दा अर्बौं रकम नेपाल भित्रिन नसकेको तथ्यप्रति गम्भीर भई नेपाल सरकारले भारत सरकारसँग कूटनीतिक पहल गरी समस्याको समाधान गर्नेतर्फ केन्द्रित हुनुपर्छ ।

● **धनबहादुर मास्की राना**
पूर्वकर्णेल, भारतीय सेना तथा केन्द्रीय अध्यक्ष, नेपाल भूतपूर्व सैनिक संघ
कावासोती-२, नवलपुर

(**भूलसुधार** : गतांकको 'अचानक' स्तम्भमा सेनानी सृष्टि खड्काको परिचयमा 'छुट्टै महिला गुल्म खडा गरेर गुल्मको नेतृत्वसमेत महिलालाई दियो' र 'महिला सैनिक अधिकृत सृष्टिले गुल्मपति बन्ने मौका पाइन्' हुनुपर्नेमा अन्यथा भएकाले सच्याइएको छ ।

– प्रधान सम्पादक)

सोझै



विदेशबाट

हिमालय-अध्येताको अवकाश

नेपालमा बसेर ५० वर्षदेखि हिमालय शृंखलामा हुने आरोहणहरूको अभिलेख राख्दै आएकी अमेरिकी पत्रकार एलिजाबेथ हलीको ९४ वर्षको उमेरमा काठमाडौंमा निधन भएको छ । सन् १९५९ मा पहिलोपटक नेपाल आएकी उनी समयक्रमसँगै आरोहणबारे प्राधिकार प्राप्त व्यक्तिका रूपमा गनिइन् । आफूले स्थापना गरेको अभिलेख साइट *हिमालयन डाटाबेसको* पाँच वर्षअघिसम्म उनी स्वयं व्यवस्थापन तथा सञ्चालन गर्थिन् । उनले आफ्नो पुस्तक *द नेपाल सीनमा* लेखेकी छन्, 'म मर्नु र अवकाश पाउनु एउटै कुरा हो ।'

आफू स्वयंले कहिल्यै हिमाल नचढे पनि कीर्तिमानी आरोहण दाबीको पुष्टि र विवाद साम्य पार्ने कामका लागि उनी सुपरिचित थिइन् । हाल *हिमालयन डाटाबेसको* सञ्चालन गरिरहेका आरोही तथा पत्रकार बिल्ली *बिर्लिङले फ्रान्सेली समाचार संस्था एएफपीसँग* भनेका छन्, 'उनी आफूले चित्तबुझ्दो उत्तर नपाएसम्म स्रोतहरूलाई छोड्दिन्थिन् ।'

अमेरिकाको सिकागोमा जन्मे-हुर्केकी उनी विश्वविद्यालयको पढाइ सकेर *फर्चुन* म्यागेजिनमा रिसर्चरको काम सुरु गरेकी थिइन्, जसमा झन्डै एक दशकको कामपछि दिक्क मानेर विश्व घुम्न भन्दै निस्केकी थिइन् । उनी नेपाल त्यतिखेर आइन्, जतिखेर नेपालले भर्खर विदेशीका लागि आफ्नो ढोका खोलेको थियो । उनी सन् १९५९ देखि नेपालमै बसिन् । नेपालबाट केही समय उनी *रोयटर्स* समाचार संस्थाको रिपोर्टरका रूपमा काम गरिन् । सन् २०१४ मा नेपाल सरकारले ६ हजार १ सय ८२ मिटरको एक हिमाललाई उनको सम्मानमा 'पिक हली' नामकरण गरेको थियो । ◆

सातका चर्चित

डा सन्दुक रूइत
चिकित्सक

भारत सरकारले प्रतिष्ठित पद्मश्री पुरस्कारद्वारा सम्मान गरेकाले । न्यून लागतमा मोतीबिन्दुको शल्यक्रिया गरी एक लाखभन्दा बढी मानिसलाई ज्योति प्रदान गरेका कारण उनलाई गणतन्त्र दिवसको अवसरमा भारत सरकारले पुरस्कार दिएको हो । भारतरत्न, पद्मभूषण तथा पद्मविभूषणपछिको चौथो दर्जाको नागरिक सम्मान पाउनेहरूमा नेपाली आँखा चिकित्सक डा रूइत परेका हुन् । तिलगंगा आँखा केन्द्रका निर्देशक रहेका रूइत पैसा तिर्न नसक्नेलाई निःशुल्क सेवा प्रदान गर्छन् ।

लकर

तपाईको बहुमुल्य सामानको

भरपर्दो सुरक्षा....

* शर्तहरु लागु हुनेछ ।

लुम्बिनी विकास बैंक लि.

Lumbini Bikas Bank Ltd.

निरन्तर सहयात्रा

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

Sunrise Biz Park, Dillibazar, Kathmandu, Tel : 01-4413232, 4413234, 4421696/4421698
Email: info@lumbinibikasbank.com, Web: www.lumbinibikasbank.com

झ्याम्मै दोहोरी

आफ्नो खास अदाका कारण नायिकाजस्ती लाग्ने गायिका कोमल वलीलाई अन्ततः न्याय गरेको छ, सत्तारोहणका लागि आतुर एमालेले । प्रतिनिधिसभाका लागि आफूलाई टिकट नदिएर गम्भीर धोका दिएको र एमाले मुखिया केपी ओलीले वचन पूरा नगरेको दुखेसोमा उनले बागी उम्मेदवारी पनि दिएकी थिइन् । तर, एमाले कणहरूलाई अविवाहित कोमल कठोर देखिएको रत्तिभर चित्त बुझेनछ । यसैले अहिले एमालेले प्रदेश-५ बाट उनलाई राष्ट्रियसभाका लागि उम्मेदवार बनाएन मात्रै, निर्विरोध जितायो पनि ।

राष्ट्रियसभा आफैंमा निकै नीरस थलो हो । 'प्रबुद्ध व्यक्ति'हरूको गफ हाँक्ने थलोमा सुन्दरी गायिकाको प्रवेशलाई निश्चित गरेर एमालेले ठूलो छाती देखाएको छ । ठूलो छाती यस अर्थमा कि राष्ट्रियसभामा एमाले मात्र होइन, माओवादी, कांग्रेसलगायतका सांसद पनि हुने नै छन् । कोमललाई पनि प्रतिपक्षीहरूसँग झ्याम्मै दोहोरी खेल्न सहज हुने, सांसदहरूले पनि कोमलको नृत्य, अदा अनि 'पोइला जान पाम्' शैलीको गायनको स्वाद लिन पाउने । क्याबात् !

■ **बाटरगेट उपाध्याय**

बालुवाटारको डायलग

'जहाँ से हम खडा होते है, लाइन वहीं से सुरू होती है ।'

हिन्दी फिल्मको यो 'डायलग'ले कुनै दिन भारतमा मात्र नभएर नेपालमा समेत हलचल मच्चाएको थियो । यो डायलग

चाहियो, वासिङ मेसिन

लोककल्याणकारी राज्य व्यवस्थामा मुलुकमा कसैले पनि आफ्नो निधारमा भ्रष्टाचारी, अपराधी, तस्कर, दुराचारी आदिको छाप लिएर हिंड्नुपर्ने अवस्था भनेको सारै लाजमर्दो हो । नेपाल प्रहरी, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, वन कार्यालय आदि कुनै पनि निकायले अनुसन्धान र अभियोजन गरिसकेपछि कोही न कोही दोषी ठहर हुन्छ नै । तिनलाई न्याय दिने ठाउँ चाहिन्छ । तिनको मैलो व्यवहारलाई सुकिलो पारिदिनुपरेको छ । तिनको छविमा लागेको दाग तत्कालै पखालिदिनु परेको छ । एउटा यस्तो वासिङ मेसिन होस्, जसले अपराधीलाई तत्कालै निरपराध बनाउन सकोस् । भ्रष्टाचारीलाई सदाचारीको छाप लगाउन सकोस् । बेइमानलाई इमानदार करार गरोस् । कालो धनलाई सेतो बनाओस् । जेजस्तो उद्यम गरे पनि त्यसलाई धोइपखाली गर्ने एउटा विशेष यन्त्र होस् । तब पो राम राज्य । कतै देख्नुभएको छ यस्तो वासिङ मेसिन ?

■ **रुन्चे राइँलो**

प्रतिशोध निवारण आयोग बनाऔं

प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र । जुनसुकै तन्त्रमा पनि हलक्कै मौलाउने चीज के हो ? भ्रष्टाचार । तर, यो फगत देशको दुर्नाम बनाउने प्रपञ्च रहेछ । पौरखी पाखुराबाट प्राप्त प्रगति देखिनसहनेहरूले लगाउने कुबात रहेछ । जग्गा खरिद गरेर देशभर इन्धन भण्डारणको जगेर्ना गर्ने राष्ट्रप्रेमी कार्य गर्दा नेपाल आयल निगमका तत्कालीन कार्यकारी निर्देशक गोपाल खड्काले यस्तै प्रतिशोधको सिकार हुनुपरेछ । अख्तियारमा बयान दिंदै उनले आफू प्रतिशोधको च्याँखेमा परेको पीर किन सुनाउँथे ? धन्न उनलाई अदालतले पहिल्यै पुनःस्थापना गरिदिएर मात्र, थोरै भए नि राहत पाए । यो देशमा गरिखाको रिस गर्नेहरूको जमात ठूलो छ । राजनीति, प्रशासन, प्रहरी, सेना सबैतिर प्रतिशोधको कथा अग्लो छ । आखिर प्रतिशोधले नै मानिसलाई भ्रष्टाचारी बनाउने हो । सम्पत्तिको प्रतिशोध, रवाफको प्रतिशोध । अब प्रतिशोध निवारण आयोग बनाऔं र भ्रष्टाचार निर्मूल गरौं ।

■ **लुकुवा बाजे**

भएको फिल्म चल्दा शेरबहादुर देउवा जवान थिए । सायद कलेजबाट भागेर फिल्म हल पुग्ने गर्थे । जवानीमा धेरै हिन्दी फिल्म हेरेका तिनै मान्छे अहिले हाम्रा प्रधानमन्त्री छन् ।

अहिले उनी सरकारी निवास बालुवाटारमा बस्छन् । जहाँ आफू बस्छन्, त्यहीं नै पार्टी कार्यालयको बैठक बोलाउँछन् । सुशासनका वेत्ताहरू प्रधानमन्त्री निवासमा पार्टीको बैठक बस्नु भ्रष्टाचार हो भनेको भन्यै छन् । हो त, प्रधानमन्त्री निवास राज्यकोषको खर्चमा चल्छ, त्यसमा कुनै पार्टीको रजाइँ हुनुहुन्न । यसरी सरकारी सुविधा पार्टी विशेषले दुरूपयोग गर्नु भ्रष्टाचार हो । तर, हाम्रा प्रधानमन्त्री माने पो ! सायद उनी बालुवाटारभित्र बसेर डायलग मार्दै होलान्, 'जहां हम बैठते हैं, बैठक वहीं सुरु होती है ।'

■ **सूर्जे नेवा:**

अब 'अध्यक्षलेस' पार्टी ?

सरकार कहिले बन्छ ? को प्रधानमन्त्री बन्छ ? हिजोआज यस्ता चर्चा बासी भइसके । बरू एमाले र माओवादी केन्द्रको एकता कहिले हुन्छ ? एकीकृत पार्टीको सर्वशक्तिमान अध्यक्ष को बन्छ ? सहरका गफाडीहरूको रसबस यसमै देखिन्छ । गाडीमा चढ्यो, त्यही गनगन । चिया पसलमा गए, त्यही चियोचर्चो । टेलिभिजनमा त्यही शुभ साइतको चिन्तन । पत्रिकामा त्यही खबर, अनलाइनमा त्यही समाचार । धैर्य पनि कतिसम्म गर्ने ? दुई पार्टीले पहिले चुनावअगाडि भने, त्यसपछि चुनावपछाडि भन्न थाले । अहिले त भाका सारेर सरकार गठनअगावै भन्न थालेकाले गफाडीहरू पिरोलिएका छन् । अहिलेको एकता समाजवादी सपनाले रोकेको हो कि पदीय भागबन्डाले ? गफाडीहरूलाई थाहा छ- 'समाजवाद' त जन्मिसकेको छ, दुई वर्ष पहिले संविधानसँगै । 'क्लासलेस सोसाइटी' कार्ल मार्क्सको कविता मात्रै हो, अब 'अध्यक्षलेस पार्टी' बनाएर विश्वलाई 'सनसनीखेज' समाचार दिन कमरेडहरूले किन कन्जुस्याइँ गरेका हुन् कुन्नि ?

■ **लाल कुमाल**

झटारो | ■ **लक्ष्मण गाम्नागे**

शपथ संवाद

शपथ खाने, शपथ खाने भन्छन्, के रहेछ यो शपथ खाने भनेको ? मलाई सधैं अचम्म लागिरहन्थ्यो । यसपालि पनि प्रदेशसभाका सांसदहरूले शपथ खाएको नियालेर हेरियो, टेलिभिजनमा । जति नै ध्यान दिएर हेर्दा पनि शपथ खानेहरूले कुनै चीज खाएको भने देखिएन । अचम्म लागेर मैले एक पुराना अनुभवी र हालै प्रदेशसभामा निर्वाचित भएर शपथ खाइसकेका माननीय सांसदज्यूलाई डराइडराइ सोधेँ, 'हे माननीय महोदय ! हजुरले त यस्ता शपथ कति खानुभयो कति ! तर, मलाई सधैं एउटा जिज्ञासा मनमा लागिरहन्छ, यो शपथ खाँदा खासमा हजुरहरू के खानुहुन्छ ? काँक्रो खाएजस्तो मरडमरड चपाएको पनि देखिँदैन, भात खाएजस्तो सप्रडसप्रड पनि सुनिँदैन । जुस पिएजस्तो घुटुकघुटुक पनि छैन, चुइगम चपाएजस्तो मच्याकमच्याक पनि छैन । तापनि, यसलाई शपथ खाने भन्नुहुन्छ । यसको अर्थ के हो माननीय महोदय ? कृपा गरी यो अज्ञानीलाई बेलिबिस्तार लगाइदिनुहोस् ।'

मेरो जिज्ञासा सुनेर उत्साहित हुँदै माननीयज्यू भन्नुहुन्छ, 'हे बालक ! वास्तवमा यो शपथ खाने भनेको भनाइ नै गलत छ । यो हाम्रो भाषागत त्रुटि हो । नेपाली भाषामा पानी पिउनेलाई पानी खाने भनिन्छ । धूवाँ तान्नेलाई चुरोट खाने भनिन्छ । घूस लिनुलाई पनि खाने भनिन्छ । धोका पनि खाने, गोता पनि खाने, जुत्ता पनि खाने, लात्ती पनि खाने, दिमाग पनि खाने । यस्तो पनि कहीं हुन्छ ! शपथ भनेको पनि खाने होइन, निल्ने कुरा हो । यसलाई नजानेर खाने भनिएको हो ।'

'अर्को कुरा सुन, शपथ खाँदा केही पनि खाएको देखिँदैन भनेर तिमीले जो भन्यौ, त्यो सरासर गलत हो । शपथ खाएका बेला ध्यान दिएर हेऱ्यौ भने सबैले केही न केही निलिरहेको तिमीले प्रस्ट देख्नेछौ । वास्तवमा शपथ खाएका बेला हामीहरू घुटुकघुटुक थुक निलिरहेका हुन्छौं । त्यसैले शपथलाई खानेकुराको वर्गमा राखिएको हो । च्यापु नचलाए पनि यसमा निल्ने कार्य अनिवार्य हुन्छ । रुद्रघन्टी तलमाथि गरेकै हुन्छ ।'

मैले थप उत्सुक हुँदै सोधेँ, 'यो त झन् अनौठो भयो । थुकचाहिँ किन निल्ने नि महोदय ?'

उनले बुझाए, 'शपथ खाएपछि नै हाम्रा धेरैथोक खाने बाटाहरू खुल्छन् । मुख्यमन्त्री, मन्त्री, सभापति आदि अनेक हुने सम्भावना हुन्छ । त्यो केही नभए पनि शपथ खाएकै साँझदेखि तलबभत्ता पाक्न थाल्छ । कर्मचारी, ठेकेदार, व्यापारी, दलाललगायत आमजनता वर्गबाट बाटोबाटैमा, घरघरैमा, अफिस-अफिसमा जतासुकै नमस्कार खान पाइन्छ । शपथ खाइरहेका बेला हामी मनमनमा अनेक खानेकुरा सम्झिरहेका हुन्छौं । जसका कारण हाम्रो जिब्रो रसाइरहेको हुन्छ । गाडी सम्झिन्छौं, इन्धन सम्झिन्छौं, झन्डा सम्झिन्छौं, विदेश भ्रमण सम्झिन्छौं । बालुवा, गिट्टी, तेल, अलकत्रा, खानी, पेट्रोलपम्प, ठेक्का, कमिसन, अनेकअनेक सम्झिन्छौं । अनि, घुटुक्क थुक निल्छौं ।'

'वास्तवमा यसरी थुक निल्नु नै शपथ खानु हो । अर्थात् शपथ खानु भनेको भोक जगाउने प्रक्रिया हो । त्यसरी भोक जागेपछि मूर्खहरूले देशको विकास निर्माण केके जाति पनि गरिटोपल्छन्, बुद्धिमानहरूले आफ्नै विकास हुने काम गर्छन् । कुरा बुझ्यौ बाबु ?' उनले हलल्ल हाँस्दै भने ।

मैले भनेँ, 'बुझे-बुझेजस्तो भयो महोदय !'

kathmandupost.ekantipur.com
KMG
KANTIPUR MEDIA GROUP
BRANDING
THERE ARE "WAYS" TO DO IT...
AND THERE IS THE RIGHT WAY TO DO IT.
What makes a good Brand? What attracts people?
What can companies do to establish their message? Can we find a balance?
Find all you need to know about Branding.
the kathmandupost
escalate
BRAND
The Kathmandu Post brings you Escalate. A perfect set of tools in the form of cutting edge information, analytical knowledge and expert insight on LEADERSHIP, MANAGEMENT, BRANDING, HUMAN RESOURCE...
escalate
IT'S ALL ABOUT THE BRAND
EVERY MONDAY
IN THE KATHMANDU POST
ANS-16



फिल्मी शैलीमा बीपीको गिरफ्तारी

सधैँझैँ १ पुस ०१७ का दिन पनि म साइकल चढेरै त्रिचन्द्र कलेज पुगेको थिएँ । आईए दोस्रो वर्षमा अध्ययनरत सहपाठी एवं अत्यन्तै हितैषी मित्र नातिकाजी पनि साइकल चढेरै कलेज पुगेका थिए । बिहीबारको त्यो बिहान त्यस्तै १० बजेको हुँदो हो, कक्षा सुरु भइसकेको थिएन । आकाश पनि खुलेको थिएन, धुम्म कुइरो लागेको थियो ।

नातिकाजीले 'प्रधानमन्त्री बीपी कोइरालाले तरुण दलको अधिवेशन उद्घाटन सत्रमा जोडदार भाषण दिने खबर छ, हिँड सुन्न जाऊँ' भनी प्रस्ताव गरे । मलाई पनि उनको कुरा ठीकै लाग्यो । उनी त जानैपर्ने रहेछ किनभने त्यहाँ गाउन लागिएको स्वागत गीतमा संगीत उनैले भरेका रहेछन् । सोचेँ, साथीलाई साथ पनि हुने, तरुण-विद्यार्थीसम्बन्धी बीपीका कुरा पनि सुन्न पाइने ।

हामी दुई जना साइकल चढेर त्रिचन्द्र कलेजबाट थापाथलीतर्फ लाग्यौँ । कुनै राणाको भव्य दरबारलाई कार्यक्रम स्थलका रूपमा सजाइएको थियो । ठूलठूला पर्खालले घेरिएको त्यस दरबारको बाहिरपट्टि साइकल राखी हामी दरबारभित्र प्रवेश गर्‍यौँ । दरबारको पिँढीलाई मञ्च बनाएर त्यसको प्रांगणलाई सभास्थलको रूप दिइएको थियो । जहाँ, तरुण दलका झन्डा फरफराइरहेका थिए । युवा-विद्यार्थी र आमन्त्रितहरू आउने क्रम जारी नै थियो ।

देशभरिका तरुण दलका प्रतिनिधिहरूको सहभागिता रहेको कार्यक्रम भव्य र आकर्षक थियो । त्यसबेला नेपाली कांग्रेसको रापताप पनि चर्कै थियो । जसको छनक त्यहाँ पनि देख्न पाइन्थ्यो । प्रतिनिधिहरूका लागि खानाको व्यवस्था गरिएको थियो । ठूलठूला डेक्चीमा पुलाउ पाकिरहेको थियो ।

हामी पुगेको पनि झन्डै डेढ घन्टापछि १२ बजेतिर तरुण दलका अध्यक्ष सिंहध्वज खड्काको अध्यक्षतामा कार्यक्रम सुरु भयो । अतिथिको आसन ग्रहण गराउने क्रममा प्रधानमन्त्री बीपी कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, सूर्यप्रसाद उपाध्याय आदि नेताहरूका साथ नातिकाजीलाई पनि मञ्चमै बोलाइयो । मञ्चको तलपट्टिको पहिलो लहरमा बसेर म त्यो सब हेरिरहेको थिएँ ।

बीपी कोइरालाले कार्यक्रमको उद्घाटन गर्दै सानो मन्तव्य दिए । त्यो ज्यादै मन छुने खालको थियो । समसामयिक सन्दर्भका साथै तरुण-विद्यार्थीहरूको अबको भूमिकालाई लिएर उनले आफ्ना विचार राखेका थिए । तरुणहरूप्रति बीपीको ठूलो आशा र विश्वास रहेको उनको अभिव्यक्तिबाट थाहा हुन्थ्यो ।

सांगीतिक समूहले स्वागत गीत गाएर सहभागीहरूलाई स्वागत गर्‍यो । त्यस क्रममा नातिकाजीले हार्मोनियम बजाए । युवाहरूले तालीको गडगडाहटले सांगीतिक समूहलाई हौसला प्रदान गरे । स्वागत गीतपछि श्रीभद्र शर्माले मन्तव्य दिइरहेका थिए, राजदरबारका कर्णेल समरराज कुँवर, सुरेन्द्रबहादुर शाह (जो पछि जनरल कमान्डर इन चिफसमेत भए)सहित सैनिक पोसाकमै कार्यक्रम स्थलमा प्रवेश गरे । मञ्चमा पलेटी कसेर बसेका अतिथिहरूका बीचमा रहेका बीपीलाई समरराजले झट्ट देखेनन् । उनले बीपीका अंगरक्षक नजिकै पुगेर कानमा केही कुरा गरे । बडीगार्डले दाहिने हातको चोरऔँलाले बीपी बसेको स्थलतर्फ संकेत गरे । एउटा संयोग नै भनौँ, समरराज र बीपीका आँखा जुधे । उनले प्रधानमन्त्रीलाई सलाम गरे । बीपीले टाउको हल्लाउँदै सलाम फर्काए । त्यसपछि उनी बीपीका अंगरक्षकलाई लिएर कार्यक्रमस्थलबाट बाहिरिए ।

बीपीले जुरुक्क उठेर चारैतिर हेरे । कार्यक्रम स्थललाई पर्खालबाहिरबाट सेनाले घेरिसकेको रहेछ । झन्डै तीन सयको संख्यामा आएका सेनाले कार्यक्रम स्थल पूरै घेरा हालेको थियो । त्यहाँबाट भाग्ने र प्रतिकार गर्न सक्ने कुनै गुन्जायस थिएन । बीपीका अंगरक्षक लिएर बाहिरिएको दुई मिनेट पनि बितेको थिएन, समरराज तुरुन्तै सैनिक टुकडीका साथ कार्यक्रम स्थलमा प्रवेश गरे र 'कोही पनि आफू बसेको स्थानबाट यताउति नगर्नू, त्यसो गरेमा गम्भीर परिणाम भोग्नुपर्नेछ' भन्दै चेतावनी दिन थाले । प्रधानमन्त्री बीपी कोइराला र गणेशमान सिंहलाई सँगसँगै मञ्चबाट तल ओराले र तयारी अवस्थामा राखिएका जिपमध्ये एउटामा चढाएर लगे । लगत्तै अरू नेता पनि समातिए ।

सहभागीहरूबीच भागाभाग हुन थाल्यो । यहीबीच कार्यक्रममा सहभागी तरुण दलका एक नेता कमल चित्रकार नाराबाजीमा उत्रिए । सेनाले उनलाई पनि तत्कालै पक्राउ गर्‍यो र अर्को जिपमा राखेर लग्यो । यसपछि मात्र सहभागीहरूले नेताहरूलाई गिरफ्तार गरिएको र मुलुकमा ठूलै अनिष्ट निम्तिएको आशंका गरे । हामी पनि बिस्तारै सभास्थलबाट बाहिरियौँ र आ-आफ्ना साइकल समातेर बाटो लाग्यौँ । यसरी बीपीलगायतका नेताहरूको फिल्मी शैलीमा गिरफ्तारीको पर्दा पटाक्षेप भयो ।

॥ प्रस्तुति : **ईश्वरी ज्ञवाली**

नुन मार्ग ब्युँताउने प्रयत्न

नुन ओसार–पसारको यस्तो प्राचीन मार्ग, जो बन्न सक्छ प्रदेश–६ को कायाकल्पको माध्यम

जनक नेपाल/नेपालगन्ज

कुनै बेला यस्तो थियो, तिब्बतको नुन र कर्णालीको खाद्यान्न साटिन्थ्यो । चौरी, भेडा-बाख्रा र घोडा-खच्चडका ठूलठूला 'क्याराभान'हरू ओहोरदोहोर गर्थे । तिब्बती सुक्खा पठारमा उब्जनी हुँदैनथ्यो । कर्णालीका उब्जाउ पाखा र सानासाना फाँटले सीमावर्ती तिब्बतलाई पाल्थ्यो । कर्णाली क्षेत्र अहिले तिनै प्राचीन नुन मार्ग हुम्लाको सीमकोट-हिल्सा, मुगुको गमगढी-नाक्चेनाङ्ला र डोल्पाको दुनै-मरिम्ला नाका खोल्ने तरखरमा छ ।

यी ऐतिहासिक मार्ग भारतबाट आयोडिनयुक्त नुन भित्रिएसँगै रोकियो । हिमाली जनजीवन र संस्कृतिका शोधकर्तासमेत रहेका हुम्लाका सांसद छक्कबहादुर लामा भन्छन्, "यी नाका नखुल्दासम्म बिथोलिएको हिमाली व्यापार र जीवन पद्धति सम्हालिन कठिन छ ।" उनी प्रदेश-६ को विकासको पहिलो प्राथमिकता सीमकोट-हिल्सा र लिमी-लाप्चा नाका खोल्नु रहेको बताउँछन् ।

मानसरोवर-हिल्सा नाका खुलेसँगै तिब्बतको तिन्चु सहर नजिकिने छ । दुवै सडक महत्त्वपूर्ण छन् । लिमी-लाप्चा नाकाबाट नेपालबाटै कैलाश दर्शन गर्न मिल्ने खालको छ । दुवैतर्फ दुई-दुईवटा हाट बजार पनि छन् । लिमी उपत्यका हुँदै पर्यटकले रोमाञ्चक हिमाली यात्रा गर्न पाउँछन् । यी दुवै सडकका लागि करिब-करिब ट्र्याक खुलिसकेका छन् । च्याछहरा चट्टाने खण्ड खोल्न नसक्दा ढिलाइ भइरहेको छ ।

मानसरोवर तीर्थयात्राले केही वर्षयता सीमकोट-हिल्सा मात्र होइन, तिब्बतको ताक्लाकोटमा समेत व्यापारिक गतिविधि वृद्धि भएको छ । यो मार्ग, बौद्ध र हिन्दु धर्मावलम्बीहरूका लागि भारतको बोधगया, नेपालको लुम्बिनी, काँक्रेबिहार, दुल्लु, सिञ्जा हुँदै लिमी र हिल्साबाट मानसरोवर कैलाश दर्शन गर्ने प्राचीन धार्मिक मार्गसमेत हो । चीनको सहयोगमा मितेरी पुल बन्ने क्रममा छ, त्यससँगै यसले अन्तर्राष्ट्रिय नाकाको रूप धारण गर्नेछ ।

गमगढी-नाक्चेनाङ्ला नाका

मुगु पुवागाउँका झिक्मेद लामा बर्सेनि तिब्बत पुगेर नुन, तेल, चामल र भेडा-च्याङ्ग्रा ल्याउँछन् । यताबाट यार्चागुम्बा, उवा र चुलीका बोक्रा लगेर तिब्बतमा बिक्री गर्छन् । उनले तिब्बतबाट सामान ओसार्न थालेकै १८ वर्ष बितिसक्यो । "सुर्खेत-नेपालगन्ज त कहाँ हो कहाँ ! हामीलाई तिब्बत नजिक छ," उनी भन्छन्, "त्यसैले यो नाका जतिसक्दो छिटो खुल्छ, त्यति छिटो हामीलाई सुविधा हुन्छ ।"

सात वर्षअघि सुर्खेत-जुम्ला हुँदै कालीकोटको नाग्मबाट मुगु गमगढीसम्म मोटर बाटो खुल्यो । तर, तिब्बततर्फको मोटरबाटो निर्माणले एक दशकसम्म कुनै गति लिएन । अहिले मुगु गमगढीबाट तिब्बत नाका नाक्चेनाङ्ला पुग्न पाँच दिन हिँड्नुपर्छ । मुगु कर्णाली नदीको तीरैतीर भएर नाक्चेनाङ्ला पुगिन्छ । बीच बाटोमा भट्टडाँडा, लुम्स, छाइल, माग्री, ढुङधारा, पुलु, तिहारगुम्बा, चितैबगर, सिरानीचौर, सिमा मुगु गाउँ, छुजाङ, रिमार लेक, ह्याङ्लालाटा, खाँचीफुक पर्छन् । तिब्बती सीमा स्तम्भबाट एक घन्टा हिँडेर मुगु र तिब्बतको अस्थायी हाटबजार ह्याजिमार पुगिन्छ । हरेक वर्ष १५ देखि ३० असारसम्म त्यहाँ हाटबजार लाग्छ । त्यहाँ मुगुका डोल्फु, किम्री, ताखा, खारी, चितै, रिउस पुवा, माग्रीलगायत गाउँका बासिन्दाले खाद्यान्न, लत्ताकपडा र च्याङ्ग्राको जोहो गर्दै आएका छन् ।

"ह्याजीमारबाट गाडीमा तिब्बतको ल्हासा जान सकिन्छ," मुगु गाउँका कार्मानोर्बुल लामा भन्छन्, "नाकासम्म मोटरबाटो खुले दुई देशबीच व्यापार वृद्धि हुन सक्छ ।" सन् १९१५ देखि सीमा मुगु गाउँका बासिन्दा र तिब्बतीबीच व्यापारिक सम्बन्ध जोडिँदै आए पनि यो नाकामा भन्सार छैन । त्यसैले अवैध रूपमा सामानहरूको आयात-निर्यात हुँदै आएको छ ।

यसपटकको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा पार्टी र उम्मेदवारहरूले तिब्बततर्फ नाक्चेनाङ्ला नाका मोटरबाटोलाई आफ्नो मुख्य चुनावी नारा बनाए । जिल्ला समन्वय समिति मुगुका संयोजक पूर्णबहादुर रोकाया नाक्चेनाङ्ला प्रदेश-६ को सबैभन्दा छोटो अन्तर्राष्ट्रिय नाका बन्न सक्ने बताउँछन् । अहिले मुगु गमगढीदेखि गाठेसम्मको १६ किमि सडक ट्र्याक खुलेको छ । "उत्तरी छिमेकीसँग जोडिन यो सडक सबैभन्दा छोटो छ । कम खर्चिलो र भूगोल पनि अरूभन्दा सहज छ," रोकाया भन्छन् ।

मुगुका राजनीतिक दलले नाक्चेनाङ्ला नाकालाई ०६४ देखि चुनावी नारा बनाउँदै आएका छन् । तर, सरकारले प्राथमिकतामा नराख्दा सडक निर्माण सुस्त भएको मुगुका नवनिर्वाचित सांसद गोपाल बम बताउँछन् । त्यसैले अहिले बर्खे हाटबजार बाहेक सीमावर्ती बासिन्दाले कुनै लाभ लिन सकेका छैनन् । सांसद बम भन्छन्, "जेठदेखि

तस्बिरहरू : जनक नेपाल

१. मुगु गाउँ
२. मुगु-तिब्बत सडकमार्ग
३. तुमकोटस्थित कर्णाली नदीमा निर्मित बेलीब्रिज

असोजसम्म मात्र नाका खुल्न सक्यो भने व्यापारिक कारोबार वृद्धि हुन सक्छ । यो हिउँ नपरुन्जेल चल्ने ६ महिने मौसमी नाका बन्न सक्छ ।"

उत्तरी नाका जोड्ने सडकमध्ये सुर्खेतबाट मुगु नाक्चेनाङ्ला अरुभन्दा कम ३ सय ८० किमि छ। जबकि, सुर्खेतबाट सीमकोट हुँदै हिल्सा सडक ४ सय ९६ किमि छ। ०६७ देखि निर्माण सुरु भएको नाक्चेनाङ्ला सडकमा अहिलेसम्म १० करोड रुपियाँ लगानी भएर १६ किलोमिटर ट्र्याक खोलिएको छ। ट्र्याक खोल्न ८० करोड रुपियाँ लाग्ने अनुमान छ र ७० किमि ट्र्याक खोल्न बाँकी नै छ। सडक निर्माण आयोजनाका प्रमुख अंगलाल रोकाया माग भए अनुसार बजेट आएर काम भए उत्तरी नाका जोड्ने सडकले गति लिने बताउँछन्। तर, अहिले बजेट अभावले कर्मचारी नियुक्ति र कार्यालय व्यवस्थापनसमेत हुन सकेको छैन ।

डोल्पा दुनै-मरिम्ला नाका

डोल्पाको मरिम्ला नाकाबाट धो हुँदै सदरमुकाम दुनै जोड्ने मोटरबाटो निर्माण सुरु भएको झन्डै १० वर्ष बितेको छ । ०६५ मा पुष्पकमल दाहाल प्रधानमन्त्री भएका बेला पहिलोपल्ट ५० लाख रुपियाँ बजेट छुट्याएर उपभोक्ता समितिमार्फत यो सडकको काम थालिएको थियो । त्यसयता बर्सेनि बजेट छुट्याइएको छ तर नगण्य । जस्तो : बर्सेनि १५-२० लाख रुपियाँ मात्रै आउँथ्यो । त्यसैले धेरै वर्ष कामको गति शून्यझैं भयो । आर्थिक वर्ष ०७२/०७३ मा भने सबैभन्दा धेरै १५ करोड रुपियाँ छुट्याइएपछि कामले गति लिएको छ। अहिले तिब्बतको सीमा मरिम्ला नाकाबाट धोतर्फ करिब ६५ किलोमिटर ट्र्याक खोल्ने काम भइरहेको छ ।

दुनै तर्फबाट पनि धोतिर मोटरबाटो निर्माणको काम भइरहेको छ । दुनैदेखि लसिक्यापभन्दा अलिमाथि झन्डै ३० किलोमिटर मोटरबाटो ट्र्याक खुल्ने क्रममा छ । दुनै-तिब्बत जोडिन धो तराप-खर्क र धो-दुनैतर्फको नावारपानी तलसम्मको ४० किलोमिटर ट्र्याक खोल्न बाँकी छ । त्यसका लागि झन्डै ४० करोड रुपियाँ आवश्यक पर्ने अनुमान छ ।

राष्ट्रिय पञ्चायतदेखि बहुदलको प्रतिनिधिसभासम्म डोल्पाको प्रतिनिधित्व गरेका मोतीप्रसाद पहाडी 'भारतले अब्जेक्सन गर्छ' भन्दै अहिलेसम्म गति नलिएका उत्तरी नाका खोल्नुमै कर्णालीको भाग्य र भविष्य रहेको बताउँछन् । पञ्चायतकालमै ०४२ मा जिल्ला पञ्चायतको अनुदान बजेटमा दुनैबाट तिब्बततर्फको धो-मोरिम्ला नाका खोल्न सुरु गरिएको थियो । तर, भारतीय अब्जेक्सनको त्रास देखाएर दरबारियाहरूले काम रोकेको उल्लेख गर्दै ०५१ का स्वतन्त्र सांसद पहाडी भन्छन्, "भारतलाई देखाएर दरबारियाले काम अघि बढ्नै दिएनन् । अबको सरकारले के गर्छ, हेर्न बाँकी छ ।"

सीमकोट-हिल्सा नाका

हुम्लाको हिल्सा-सीमकोट ९५ किलोमिटरमध्ये हिल्सादेखि दक्षिण नाम्खा गाउँपालिकाको ओखरथलासम्म ७१ किमि ट्र्याक खुलिसकेको छ । सीमकोटदेखि हेक्पाखोलासम्म १५ किमि सडक पनि खुलेपछि गाडीहरू गुड्न थालेका छन् । सदरमुकामबाट हिल्सा नाका खुल्न अब नौ किलोमिटर मात्र बाँकी छ ।

सीमकोट-हिल्सा सडक आयोजनाका प्रमुख विजयकुमार थापा तुम्कोटस्थित कर्णाली नदीमा यो वर्ष बेलीब्रिज निर्माण भएपछि हिल्सादेखि ओखरथलासम्म गाडी चल्न सहज भएको बताउँछन् । पुल नबन्दा हिल्सादेखि तुम्कोटसम्म ३८ किलोमिटर मात्र गाडी गुड्थ्यो । हिल्साबाट दक्षिणमा सञ्चालन गर्ने गरेका गाडी चीनको तिब्बतबाट खरिद गरेका र सदरमुकामको उत्तर दक्षिण चल्ने जिप तथा ट्र्याक्टर हेलिकप्टरबाट ढुवानी गरिएको हो ।

०५४ मा हुम्लामा भोकमरीसँगै भाइरल इन्फ्लुएन्जाबाट करिब चार सय जनाको ज्यान गएपछि स्थायी समाधानका लागि तत्कालीन जिल्ला विकास समितिले चीनसँग सडक जोड्ने योजना बनाएको हो । ०५५/५६ मा आन्तरिक स्रोतको प्रयोग गरी निर्माण सुरु गरिएको सडकमा ०५७/५८ देखि लामो समय विश्व खाद्य कार्यक्रमले सहयोग गरे पनि सरकारी प्राथमिकतामा परेन । पछि, कालीकोटको खुलालु-सीमकोट-हिल्सा सडकलाई राष्ट्रिय गौरवमा राखिएपछि मात्र कामले केही गति लिएको हो। कर्णाली करिडोर अन्तर्गत हिल्सादेखि खुलालुसम्म २ सय ९० किमि सडक निर्माण हुँदैछ । खुलालुदेखि उत्तर सलिसल्लासम्मको १ सय ५४ दशमलव १० किलोमिटर सडक सेनाले निर्माण गर्दैछ ।

उत्तरी नाकाका यी सडक कर्णाली मात्र होइन, सिंगो प्रदेश-६ का भाग्यरेखा हुन् । र, यस्तो भाग्यरेखा कोर्न संघीयताको कार्यान्वयनले मद्दत गर्ने स्थानीयवासीको अपेक्षा छ । ◆

कर्णालीका उत्तर-दक्षिण नाका

हुम्ला नाका : कर्णाली करिडोर
नेपालगन्ज-सुर्खेत-हुम्ला-हिल्सा तिब्बत

डोल्पा नाका : भेरी करिडोर
नेपालगन्ज-छिन्चु-जाजरकोट, डोल्पा-धो मोरिम्ला तिब्बत

मुगु नाका
सुर्खेत-जुम्ला-सिञ्जा-मुगु-नाग्चेनाग्ला तिब्बत

निग्रोधाराममा निर्माणाधीन ध्यान केन्द्र (बायाँ), कन्थक स्तूपनजिकै शिलान्यास गरिएको पार्क स्थल

पुरातात्त्विक स्थलमा मनपरी

अवैध निर्माणका कारण लुम्बिनी विकास कोष विवादमा

मनोज पौडेल/तौलिहवा

एक महिनायता कपिलवस्तु नगरपालिका-२, कुदानस्थित निग्रोधाराममा पक्की ध्यान केन्द्र र कपिलवस्तु नगरपालिका-३ स्थित तिलौराकोटनजिक कन्थक स्तूपमा पार्क बनाउन लुम्बिनी विकास कोषले अनुमति दियो । निग्रोधाराममा कोष आफैँले ठेक्का लगाएर र कन्थक स्तूपमा कोषले एक गैरसरकारी संस्थालाई काम गर्ने अनुमति दिएको थियो । जबकि, पुरातात्त्विक महत्त्वको क्षेत्रभित्र यस्तो निर्माण कार्य गर्न पाइँदैन । सम्पदा संरक्षणको जिम्मा पाएको कोषले नै ऐतिहासिक तथा पुरातात्त्विक ठाउँमा गैरकानुनी कामको अनुमति दिएको त छँदैछ, पुरातत्त्व विभागसँग अनुमतिसम्म लिइएन, जसले गर्दा यी दुवै काम विवादित भए र रोकिए ।

निग्रोधारामको कामका लागि ठेक्का साउनमै स्वीकृत भएको हो तर चार महिनापछि आएर मंसिरमा मात्र निर्माण कार्य थालियो । खासमा सबैको ध्यान चुनावमा जाने भएकाले मौका छोपेर रातारात काम थालिएको हो । करिब ४० प्रतिशत काम सकिन लाग्दा गैरकानुनी निर्माणको विषय उठेपछि निर्माण रोकियो ।

कोषले निग्रोधारामको मुख्य संरचनासँगै आठ मिटर दूरीमा पर्यटक बस्ने र ध्यान केन्द्र बनाउन लागेको थियो । १२ मिटर लामो र ६ मिटर चौडा संरचनाको फाउन्डेसनको निर्माण पूरा पनि भइसकेको छ । पिलरसमेत ठड्याइसकिएको छ ।

त्यस्तै कन्थक स्तूपमा कन्थक पार्क बनाउन शिलान्यास गरियो । स्तूप स्थलमै खनेर पूर्वतिर एक मिटर उँचो र आधा मिटर चौडा पर्खाल बनाइएको थियो । पार्क बनाउन थाइल्यान्डमा दाताहरूबाट रकम उठाइँदै थियो । पार्क शिलान्यास कार्यक्रममा थाइल्यान्डबाट पाँच जना व्यापारी पनि आएका थिए ।

निग्रोधारामको संरचना भत्काउन पुरातत्त्व विभागले कोषलाई लिखित निर्देशन दिएको छ । निर्देशन पाएको एक महिना हुन लाग्दा पनि कोषले उक्त संरचना भत्काएको छैन । कन्थक स्तूपमा शिलान्यास गरिएको संरचना र अस्थायी टहरो भने भत्काइसकिएको छ । स्तूपमा पार्क बनाउन काठमाडौँस्थित बोधीग्राम फाउन्डेसनले अनुमति पाएको छ । फाउन्डेसनले डेढ करोड रुपियाँको लागतमा पार्क बनाउन लागेको थियो ।

"दुवै संरचना प्राचीन स्मारक र पुरातात्त्विक स्थल संरक्षण गर्न बनाइएको नेपाल प्राचीन स्मारक संरक्षण ऐन, २०१३ विपरीत छ," पुरातत्त्व विभागका प्रवक्ता तथा प्रमुख पुरातत्त्व अधिकृत रामबहादुर कुँवर भन्छन्, "जुन ठाउँमा संरचना बनाइएको छ, त्यहाँ पक्की संरचना बनाउनै पाइँदैन । अर्कोतर्फ यो निर्माणकार्य पुरातात्त्विक मूल्य-मान्यताविपरीत भएकाले तत्काल काम रोकेर भत्काउन निर्देशन दिएका हौँ ।" कोषले निर्देशन अटेर गरे कारबाही थाल्ने कुँवरको भनाइ छ । कुँवरका अनुसार कोषले निग्रोधारामको बनिसकेको संरचना भत्काएर विभागलाई तत्काल जानकारी गराउनुपर्छ ।

पुरातात्त्विक महत्त्वका ठाउँमा सिमेन्ट, इँटा र छड प्रयोग गरेर संरचना बनाउन पाइँदैन । तर, निग्रोधाराममा यो मान्यतालाई पूरै लत्याइएको छ । "पुरातत्त्वविद् र इतिहासकारले त्यस्तो कामलाई राम्रो मान्दैनन्," वरिष्ठ पुरातत्त्वविद् वसन्त बिडारी भन्छन्, "पहिलोदेखि चौथो र पाँचौँ शताब्दीका पुरातात्त्विक सम्पदाको छेउमा एक्काइसौँ शताब्दीको संरचना बनाउँदा गलत सन्देश जान्छ ।" कन्थक स्तूपको निर्माण पहिलो शताब्दी आसपासको भएको अनुमान छ र यसको आसपास तीन वर्षअघि सर्वेक्षण हुँदा विहार र पोखरीको ठूलो भग्नावशेष पाइएको थियो । त्यस्तै तीन वर्षअघि कन्थक स्तूप नजिकै उत्खनन हुँदा ४ सय ९७ पञ्चमार्क मुद्रा भेटिएको थियो । इसापूर्व ८ सयदेखि २ सयका समयमा प्रयोग भएको ऐतिहासिक स्थान भएको र यसको गौतम बुद्धकालिन पुरातात्त्विक महत्त्व भएकाले पनि यसलाई संवेदनशील ठाउँ मानिएको बुझ्न कठिन छैन । कन्थक स्तूपको उत्खनन भने भएको छैन ।

तापनि, यस्तो पुरातात्त्विक स्थानमा निर्माणकार्य किन भयो ? लुम्बिनी विकास कोषका प्रोजेक्ट म्यानेजर इन्जिनियर सरोज भट्टराई भन्छन्, "मन्त्रालयको वार्षिक कार्ययोजनामा पनि कपिलवस्तुको पुरातात्त्विक क्षेत्रको संरक्षण विकास गर्नु थियो, त्यसैको कार्यान्वयन मात्र गरेका हौँ ।" भट्टराईका अनुसार निग्रोधारामको कामबारे पुरातत्त्व विभागमा चार महिनाअघि स्वीकृतिका लागि कोषले पत्राचार गरेको थियो । तर, स्वीकृति नपाउँदै विकासको काम नरोक्ने भन्दै निर्माण कार्य थालिएको भट्टराई स्वीकार्छन् ।

तिलौराकोट र निग्रोधारामलगायत सात बौद्ध पुरातात्त्विक स्थल संरक्षण र विकासको जिम्मा सरकारले ऐन बनाएर लुम्बिनी विकास कोषलाई दिएको छ । तर, त्यहाँ केही काम गर्नुपरे पुरातत्त्व विभागको स्वीकृति लिनुपर्छ । अहिले त्यस्तो स्वीकृति नलिएर पुरातात्त्विक महत्त्वका स्थानमा अवैध निर्माण कार्य गरिएकाले विवाद भइरहेको हो । ◆

लुम्बिनी विकास कोषको कार्यालय

तस्विरहरू : मनोज पौडेल

खेतमा परिणत नन्दन ताल

तालमा झेल

नवलपरासीका अधिकांश प्राकृतिक ताल अतिक्रमणमा

नवीन पौडेल/परासी

पश्चिम नवलपरासी पाल्हीनन्दन गाउँपालिका-६ का लालु कोइरी, ६०, नन्दन तालवरपर वस्तुभाउ चराउँदै तालमा पौडिएको सम्झन्छन् । फराकिलो फाँटमा ठूलो ताल । स्थानीयले यही तालको पानी पिउने गर्थे । ठूलठूला मेला र खेल प्रतियोगितासमेत यसै स्थानमा हुने गर्थ्यो । प्राकृतिक हरियाली फाँटको बीचमा सुन्दर ताल थियो । अहिले अतिक्रमणमा परेर सबै खेतमा परिणत भयो, ताल सुकेर पोखरी बन्यो ।

विश्व सम्पदा सूचीमा समेत सूचीकृत हुने प्रक्रियामा रहेको पाल्हीनन्दन गाउँपालिका-६ सनई हकुहीमा रहेको ऐतिहासिक नन्दन ताल अहिले पोखरीमा परिणत भएको छ । करिब १ सय ४० बिघामा फैलिएको तालको जग्गामा अहिले स्थानीयले अतिक्रमण गरेर खेती गर्दै आइरहेका छन् । संरक्षण र प्रवर्द्धनका लागि बर्सेनि रकम विनियोजन हुने भए पनि अतिक्रमणकारीको अवरोधका कारण रकम फ्रिज हुने गरेको छ । बर्सेनि अतिक्रमणको चपेटामा पर्नु र संरक्षणका लागि गुरुयोजना नबन्दा तालको अस्तित्त्व नै खतरामा परेको हो । तालमा पानी छैन । ताल क्षेत्रसमेत अतिक्रमण भएर ठूलठूला भवन बनेका छन् । नापी कार्यालयमा ताल लेखिएको क्षेत्रमा राजनीतिक प्रभावमा व्यक्तिका नाममा जग्गा दर्ता भएका छन् ।

विभिन्न सरकारी निकायको कार्यालय स्थापना गर्नुपर्ने भएपछि गाउँपालिकाले अहिले धमाधम सार्वजनिक जग्गा खोजिरहेको छ । गाउँपालिकाका अध्यक्ष बैजुप्रसाद गुप्ता नन्दन ताल अतिक्रमणको चपेटामा परेका कारण अतिक्रमण हटाएर ताललाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्ने प्रयास प्रारम्भ भएको बताउँछन् । भन्छन्, "लामो समयदेखि अतिक्रमणमा परेको भए पनि राजनीतिक स्थायित्व नहुँदा अतिक्रमण रोक्न सकिएको थिएन, अतिक्रमण रोकेर सुन्दर पार्क र तालको संरक्षण गर्न कार्ययोजना तयार पारिएको छ ।" ताल अतिक्रमण हुँदै जाँदा जलचर र जल वनस्पतिसमेत लोप हुँदै गएका छन् ।

नन्दन तालजस्तै पूर्वी र पश्चिम नवलपरासी जिल्लामा रहेका ऐतिहासिक ताल-तलैया धमाधम अतिक्रमण भइरहेका छन् । खेतीपाती वा बस्ती बसाउने नाममा सार्वजनिक ताल-तलैया पुरेर संरचना निर्माण गरिँदासमेत प्रशासन र स्थानीय निकाय मौन बसेपछि अतिक्रमण झन् बढ्दो छ । रामग्राम नगरपालिका क्षेत्रमा मात्र ५० भन्दा बढी ताल तथा सार्वजनिक पोखरी रहेका छन् । केही वर्षअगाडिसम्म स्थानीयले तालको पानी खाने गर्थे । तर, अहिले ताल सुक्दै जाँदा पानीको स्रोतका लागि भौतारिनुपरेको छ ।

पश्चिम नवलपरासीकै बर्दघाट नगरपालिका जहदामा रहेको पुरातात्त्विक एवं ऐतिहासिक महत्त्व बोकेको बुद्धमंगल तालको अवस्था पनि उस्तै छ । करिब १२ बिघा क्षेत्रफलमा फैलिएको ताल वर्षौंदेखि अतिक्रमणको चपेटामा पर्दै अहिले सात बिघामा सीमित भएको छ ।

पूर्वपश्चिम राजमार्ग अन्तर्गत सरावल गाउँपालिका तुलसीनगरको तालदेखि पूर्वी नवलपरासीको कावासोतीमा रहेको ऐतिहासिक टरुवा ताल पनि संरक्षणको अभावमा छ । सीमसार क्षेत्रका रूपमा रहेको ताल क्षेत्र वरपर भौतिक संरचना भरिएका छन् । कतिपय स्थानीयले त सुकुमबासी समस्या समाधान आयोगबाट पुर्जासमेत लिइसकेका छन् । आठ बिघा क्षेत्रफलमा फैलिएको तालबाट पर्यटकीय क्षेत्रसँगै स्थानीयलाई सिँचाइ सुविधा र खानेपानीको स्रोत समेत भए पनि तालको संरक्षण समितिमा नेतृत्व विवाद हुँदा अहिले तालमा झार पलाउनुको साथै अतिक्रमण भइरहेको छ ।

"हेर्दा सामान्य लाग्ने पनि ताल-तलैया अतिक्रमण गरेर पानीको स्रोत मास्नु भनेको भविष्यका लागि वातावरणीय विनाशको सिकार आफैं हुनु हो," जिल्ला भूसंरक्षण कार्यालय परासीका प्रमुख लोकनाथ सापकोटाको कथन छ । ◆

www.planmytrip.com.np

Anjezë Gonxhe Bojaxhiu →

→ Mother Teresa

JOURNEYS ARE MORE POWERFUL THAN YOU THINK

PLAN MY TRIP

एमालेमा प्रचण्ड गुट

वाम गठबन्धन पार्टी एकीकरणमा परिणत नहुँदै एमालेमा प्रचण्ड हाबी

पुष्पकमल दाहाल

■ बाबुराम विश्वकर्मा

सन्दर्भ १५ पुस ०७४ को हो। नेकपा एमालेको काठमाडौँ-सिन्धुली सम्पर्क मञ्च र नेकपा माओवादी केन्द्रको सिन्धुली उपत्यका संघीय जनसम्पर्क मञ्चले जिल्लाबाट प्रत्यक्ष निर्वाचित सांसदलाई सम्मान तथा बधाई ज्ञापन गर्न राजधानीमा एउटा संयुक्त समारोह आयोजना गरे । समारोहको प्रमुख अतिथि माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र विशेष अतिथि एमाले सचिव तथा प्रचार विभाग प्रमुख योगेश भट्टराई थिए। जब सम्बोधन गर्ने पालो एमाले सचिव भट्टराईको आयो, उनले सुरुमै भनिदिए, "यस कार्यक्रमका प्रमुख अतिथि हाम्रो पार्टीका अध्यक्ष कमरेड पुष्पकमल दाहाल 'प्रचण्ड' ।"

उनले यति भनी नसक्दै कार्यक्रममा सहभागी सयौँ एमाले नेता-कार्यकर्ताले ताली बजाएर उनको कथनलाई स्वागत गरे भने प्रचण्डले पुरानै शैलीमा हाँसेर टाउको हल्लाए। एमालेको उपल्लो जिम्मेवारीमा रहेका भट्टराईले माओवादी अध्यक्षलाई 'हाम्रो पार्टीको अध्यक्ष' भनेको उनी चिप्लिएर वा झुक्किएर होइन। किनभने, उनले त्यो भनाइ अहिलेसम्म सच्याएका छैनन्। एमाले सिन्धुली-काठमाडौँ सम्पर्क मञ्चका अध्यक्ष अमरबहादुर थापा भन्छन्, "योगेश दाइले जानी-जानी प्रचण्डलाई हाम्रो पार्टीको अध्यक्ष भन्नुभएको हो, त्यो लाइन अनुसार नै आएको भनाइ हो, झुक्किएर होइन।

वामदेव गौतम

घनश्याम भुसाल

योगेश भट्टराई

किनभने, माधव नेपाललगायतको एमालेको हाम्रो टिम प्रचण्डलाई पार्टी अध्यक्ष दिएर नै एकता गर्नुपर्छ भन्नेमा छ, योगेश दाइको भनाइ त्यसैको संकेत हो ।"

हुन पनि एमालेमा तीन जना पूर्वप्रधानमन्त्री तथा अरू धेरै प्रभावशाली नेता हुँदाहुँदै कार्यक्रममा प्रचण्डलाई प्रमुख अतिथि बनाइएको थियो । त्यसलाई एमाले कार्यकर्ताहरूको प्रचण्ड-मोहकै परिणाम भनेर बुझेको छ, पार्टी संस्थापन पक्षले । अध्यक्ष थापा आफैं पनि नेपाल पक्षीय कार्यकर्ताका रूपमा चिनिन्छन् ।

एमाले सचिव भट्टराई र थापाले गरेको यो संकेतले प्रस्ट पार्छ, दुई वाम दलबीच एकताअघि नै प्रचण्ड एमालेको एउटा गुटको अध्यक्ष नै भइसकेका छन् । १७ असोज ०७४ को सहमति अनुसार ६०/४० को चुनावी भागबन्डा गरेर वाम गठबन्धनबाट चुनावमा होमिएका एमाले र माओवादी पार्टीबीचको एकीकरणमा ११ माघसम्म तात्त्विक प्रगति भएको छैन । आमचुनावअघि एउटै चिह्नमा चुनाव लड्ने र सकभर चुनावअघि नै पार्टी एकता गर्नेजस्ता चर्चा गरिए पनि चुनावपछि पार्टी एकता प्रक्रिया सेलाएको छ र एकता प्रसंग नै ओली-दाहालको 'वान टू वान' संवादमा खुम्चिएको छ ।

तर, रोचक के छ भने दुई पार्टी एकताअघि नै एमालेभित्र प्रचण्डलाई चाहनेहरूको संख्या बढ्दो छ, उनको गुट र प्रभाव दुवै बलियो बन्दै गएको छ । त्यसैको परिणाम हो, सरकार बन्नुअघि नै पार्टी एकता गरी ओली प्रधानमन्त्री र प्रचण्ड एकीकृत पार्टीको अध्यक्ष बन्नुपर्ने एकथरीको आग्रह । एमालेमा आफूलाई चाहनेवालाहरूको संख्या बढ्दै गएकाले हुन सक्छ, प्रचण्ड चुनावपछि झन् शालीन रूपमा प्रस्तुत भएका छन् । उनले अहिलेसम्म एमालेको कुनै पनि गुट र नेतालाई चिढ्याएका छैनन् । यसले एमालेभित्र प्रचण्डलाई बिच्क्याउने अभिव्यक्ति दिनेहरू पनि मत्थर देखिएका छन् । जस्तो : एमाले महासचिव ईश्वर पोखरेलले चुनावलगत्तै पार्टी अध्यक्ष, संसदीय दलको नेता र प्रधानमन्त्री एउटै व्यक्ति हुने अभिव्यक्ति दिए । त्यसको एमाले र माओवादी दुवैमा चर्को आलोचना भयो । पोखरेलको अभिव्यक्तिले यतिसम्म असर गर्‍यो कि ओली र प्रचण्डले दुवै दलका कुनै पनि नेता-कार्यकर्ताले एकताविरोधी अभिव्यक्ति दिन नपाउने निर्देशन नै जारी गर्नुपर्‍यो ।

एमाले-माओवादीबीचको एकता पक्कै पनि रातारात सम्भव छैन । त्यसका लागि दुवै दलले केही आधारभूत काम गर्नुपर्ने छ । पहिलो, नीतिगत तथा वैचारिक एकताको खाका र त्यसमा दुवै दलको सहमति । त्यो भनेको एमालेको बहुदलीय जनवाद र माओवादीको एक्काइसौं शताब्दीको जनवादबीच तादात्म्यता, एकता र समायोजनको खोजी । दोस्रो, संगठनात्मक एकता र समायोजनको रूपरेखा र त्यसमा सहमति । तेस्रो, नेतृत्वको व्यवस्थापनको खाका र त्यसमा सहमति । यी काम गरेपछि पनि एमाले र माओवादीको स्कुलिङ अलग-अलग भएकाले दुई दलका नेता-कार्यकर्ताबीच व्यापक अन्तरघुलन र अन्तरक्रिया जरुरी हुन्छ, एउटै स्कुलिङमा ल्याउन । ओली निकट एमाले नेता विष्णु रिमाल भन्छन्, "यी काम टुंगोमा पुगेपछि एकता महाधिवेशनमा जानका लागि दुवै पार्टीको अन्तरिम नेतृत्व तयार हुन्छ, अन्तरिम विधान लागू हुन्छ र महाधिवेशनमा प्रतिस्पर्धाबाट श्रेष्ठता हासिल गरेर नै नयाँ नेतृत्व चयन हुन्छ । विधि यही हो ।" यति काम सक्दा कम्तीमा एक वर्ष लाग्ने अनुमान छ ।

तर, पार्टी एकताको विस्तृत मार्गचित्र र खाका तयार गरेर त्यसमा दुवै दलको शीर्ष नेतृत्व सहमत हुनुअघि नै एमालेको आसन्न नेतृत्वको केन्द्रमा प्रचण्ड आइसकेका छन् । एकताको प्रसंग वरिपरि उनै घुमिरहेका छन् ।



जस्तो : प्रधानमन्त्री र पार्टी अध्यक्ष आलोपालो, दुवै जना पार्टी अध्यक्ष, एउटा प्रधानमन्त्री, अर्को अध्यक्ष, सह-अध्यक्ष, संयोजक, कार्यवाहक अध्यक्ष, सर्वमान्य नेता आदि पद प्रचण्डकै रापबाट उत्पन्न भएका हुन् ।

यसले सिद्धान्त, नीति, विचार र संगठनको विषयमा होइन, एकीकृत पार्टीको नेतृत्व ओली र प्रचण्डमध्ये कसले गर्ने वा दुवैले गर्ने भन्नेमा बहस मोडिएको देखाउँछ । अहिले एमाले र माओवादीका अरू नेताहरूको हैसियत र स्थान के हुनेभन्दा पनि प्रचण्डलाई कुन जिम्मेवारी दिने भन्नेमै एमाले नेताहरूको टाउको दुखाइ भएको छ । रिमाल थप्छन्, "दुई अध्यक्षबीच फुट सिर्जना गर्ने र अरूले खेल्न थालेकै कारण नेतृत्वबारे दुई नेताले समझदारी गरेपछि मात्र पार्टी एकता संयोजन समितिमा ल्याउने भनिएको छ, एकताका धेरै विषय दुई नेताले नै टुंग्याउनु हुन्छ, त्यसपछि तल आउँछ ।"

नेपाल पक्षको दाउ

स्वाभाविक छ, दुई पार्टीको एकतापछि एकीकृत पार्टीको नेतृत्व कसले गर्ने भन्ने विषय लोकतान्त्रिक विधि अर्थात् महाधिवेशनबाट नै तय हुने हो । तर, एकताअघि नै एमालेमा प्रचण्डको प्रभाव बढ्दै गएकाले ओली पक्षीय नेताहरूचाहिँ असुरक्षित अनुभव गर्न थालेका छन् । त्यसको प्रस्ट कारण छ, प्रचण्डलाई एकपटक कार्यकारी भूमिका दिएपछि उनले अरूलाई निल्ने एकथरी एमाले नेताहरूको आकलन छ ।

नेपाल पक्षीय नेताहरू भने ओलीभन्दा आफ्ना लागि प्रचण्ड नै सहज हुने र प्रचण्डमार्फत आफू एकीकृत पार्टीमा हाबी हुने दाउमा छन् । पूर्वअर्थमन्त्री तथा एमाले नेता भरतमोहन अधिकारीले त सार्वजनिक रूपमै प्रचण्डले कार्यकारी प्रमुखका रूपमा पार्टी एकता प्रक्रियाको नेतृत्व गर्नुपर्ने अडान राखेका छन् । भन्छन्, "दुई दलका शीर्ष नेतालाई सामेल गरेर पार्टी एकता संयोजन समितिलाई १७ सदस्यीय बनाउने र त्यसको प्रमुख प्रचण्डजीलाई बनाउनुपर्छ । त्यही समितिले एकता प्रक्रियाको सम्पूर्ण जिम्मेवारी पूरा गर्छ । ओलीले प्रधानमन्त्रीका रूपमा देशको नेतृत्व गर्नुहुन्छ ।"

चार वर्षअघि काठमाडौंमा सम्पन्न एमालेको नवौं महाधिवेशनबाट पार्टी अध्यक्षमा ओली निर्वाचित भएपछि एमालेभित्रको गुटगत राजनीति कमजोर भएको ठानिएको थियो । किनभने, त्यो महाधिवेशनमा माधव नेपालले अध्यक्षमा ओलीलाई टक्कर दिए पनि

"एमालेमा एकताअघि नै प्रचण्डको अघोषित नेतृत्व स्थापित भइसकेको छ । पार्टी एकताको केन्द्रमा प्रचण्ड हुनुको कारण नै त्यही हो ।

श्याम श्रेष्ठ
राजनीति विश्लेषक"

पराजय भोगेका थिए । प्रधानमन्त्री भएका बेला भारतीय नाकाबन्दीविरुद्ध निर्वाह गरेको भूमिकाले गर्दा ओलीले लोकप्रियता हासिल गरे । त्यही कारण उनका विरुद्धमा पार्टीभित्र कोही पनि उभिन सकेन । प्रधानमन्त्रीबाट हटेपछि त ओलीले पार्टीभित्रको गुटबन्दी अन्त्य गर्न केन्द्रीय समितिको बैठक नै राखेर आन्तरिक एकतासम्बन्धी विशेष प्रस्ताव पारित गराइदिए, यसले पार्टीको आन्तरिक एकता सुदृढ गरेको मानिन्छ ।

तर, १७ असोजमा एमाले-माओवादीबीचको वाम गठबन्धन र एकता प्रसंग अघि बढेसँगै एमालेभित्र प्रचण्डको नयाँ गुट तयार भएको हो । वाम राजनीति र एमाले-माओवादी एकतालाई नजिकबाट नियालिरहेका राजनीतिक विश्लेषक श्याम श्रेष्ठ भन्छन्, "एमालेमा प्रचण्डको गुट मात्र बनेको छैन । प्रचण्ड झन्डै-झन्डै ओलीकै हाराहारीमा एमालेको नेता भइसकेका छन् । एकताअघि नै एमालेमा प्रचण्डको स्वीकार्यता बढ्नु उनका लागि सुनौलो मौका हो ।"

अध्यक्षका रूपमा ओलीको उत्थानले एमालेले इतिहासमै सबैभन्दा ठूलो सफलता हासिल गरेको छ । स्थानीय चुनाव होस् वा प्रतिनिधिसभा र प्रदेशसभाको चुनाव, एमालेले पाएको सफलतामा ओलीको राप र तापले काम गरेको छ । ओली शक्तिशाली वाम सरकार र एकीकृत वाम दलको नेतृत्व गरेर इतिहास रच्ने रहरमा छन् भने प्रचण्ड एउटै कम्युनिस्ट केन्द्र बनाएर त्यसको नेता हुने दाउमा । त्यसैले दुई दल एक भएमा एकीकृत पार्टीमा प्रचण्डबाहेक ओलीलाई अहिले टक्कर दिने कोही हुने छैन । किनभने, १५ वर्ष पार्टी महासचिव र एकपटक प्रधानमन्त्रीका रूपमा

"पार्टी एकता संयोजन समितिलाई १७ सदस्यीय बनाउने र त्यसको प्रमुख प्रचण्डजीलाई बनाउनु पर्छ । ओलीले प्रधानमन्त्रीको रूपमा देशको नेतृत्व गर्नुहुन्छ ।

भरतमोहन अधिकारी
पूर्वअर्थमन्त्री"

वरिष्ठ नेता नेपालको सम्पूर्ण नेतृत्व क्षमता परीक्षण भइसकेको छ भने अर्का वरिष्ठ नेता झलनाथ खनाल पनि अध्यक्ष र प्रधानमन्त्रीका रूपमा परीक्षित भइसकेका छन् ।

दोस्रो तहको एमाले नेतृत्वले सार्वजनिक क्षेत्रमा आफ्नो क्षमता र योग्यता देखाउन नसकेकाले उसले प्रमुख नेताको वरिपरि बसेर आफूलाई फाइदा हुने विधि मात्रै खोजेको छ । त्यसैले ओलीपछि एमालेमा सशक्त नेतृत्वको खडेरी नै देखिएको छ । तर, एमाले-माओवादी एकतापछि त्यो खडेरी प्रचण्डबाट पूर्ति हुने ठानेर एकथरी एमाले नेता-कार्यकर्ता प्रचण्डलाई आफ्नो पार्टी अध्यक्षका रूपमा हेरिरहेका छन् । विश्लेषक श्रेष्ठ भन्छन्, "माधव नेपाल, झलनाथ खनाल र वामदेव गौतमका लागि ओलीभन्दा प्रचण्ड नै अनुकूल नेता हुन् । त्यसैले त्यो समूह प्रचण्डलाई नै एमालेको अध्यक्ष बनाउनुपर्ने पक्षमा अहिलेदेखि नै लागेको हो ।"

दुई पार्टीको एकता बहससँगै तत्कालीन महासचिव मदन भण्डारीले ०४९ मा लेखेको एमालेको मार्गदर्शक सिद्धान्त जनताको बहुदलीय जनवाद (जबज)को सच्चा उत्तराधिकारी ओलीले आफूलाई ठानेका छन् । तर, एकता प्रसंगसँगै एमाले उपमहासचिव घनश्याम भुसालले जबजको 'च्याप्टर क्लोज' भनेर ओली समूहलाई रुष्ट र माओवादी नेतृत्व अनि प्रचण्डलाई प्रफुल्ल पारेका छन् । ज्ञातव्य रहोस्, भुसाल नवौं महाधिवेशनमा नेपाल समूहबाट उपमहासचिव भएका हुन् ।

एमालेभित्र प्रचण्डको गुट र प्रभाव बढ्दै गएकाले नै ओलीले पछिल्लो समयमा प्रचण्डसँग वान टू वान संवाद थालेका

"दुई अध्यक्षबीच फुट सिर्जना गर्ने र अरूले खेल्न थालेकै कारण नेतृत्वबारे दुई नेताले समझदारी गरेपछि मात्र पार्टी एकता संयोजन समितिमा ल्याउने भनिएको हो ।"

विष्णु रिमाल
नेता, नेकपा एमाले

हुन् । ओली निकट एक नेता भन्छन्, "दुई अध्यक्षलाई फुटाएर आफू हिरो हुने खेल सुरु भयो, त्यसैले ओली प्रचण्डसँग प्रत्यक्ष संवादमा जानुभएको हो ।"

प्रचण्ड रणनीति

ओलीसँग वान टू वान संवाद गरे पनि प्रचण्डको एमालेका अरू समूहका नेतासँग पनि उत्तिकै सुमधुर र सन्तुलित सम्बन्ध छ । उनी दुवै समूहलाई रिझाएर एमालेमा आफ्नो प्रभाव बढाउने र नेतृत्व लिने रणनीतिमा छन् । त्यसैको परिणाम हो, वरिष्ठ नेता माधव नेपालको चुनावी अभियानमा सघाउन पुग्नु । त्यति मात्र होइन, उनी माओवादीलाई सूर्य चिह्नमै चुनाव लडाउनसमेत राजी भएका थिए । तर, नारायणकाजी श्रेष्ठलगायतले नमानेपछि आफ्नै चिह्नमा उनको दल चुनावमा गयो । एमालेका दुवै समूहका नेता-कार्यकर्तालाई रिझाउनकै लागि उनी माओवादीलाई 'एमालेको भाइ'को संज्ञा दिन थालेका छन् । १५ पुस ०७४ मा राजधानीमा भएको सिन्धुली जमघटमा पनि उनले वाम नेता ऋषि देवकोटा आफ्नो राजनीतिक गुरु भएको बताएर एमाले कार्यकर्ताको ताली खाए । विश्लेषक श्रेष्ठ भन्छन्, "एमालेमा एकताअघि नै प्रचण्डको अघोषित नेतृत्व स्थापित भइसकेको छ । पार्टी एकताको केन्द्रमा प्रचण्ड हुनुको कारण नै त्यही हो ।"

त्यसो त प्रदेश र प्रतिनिधिसभाको चुनावपछिका राष्ट्रिय राजनीतिक मुद्दामा पनि प्रचण्ड ओलीभन्दा फरक देखिए । चुनावपछि ओली राष्ट्रपतिबाट कुनै पनि हालतमा राष्ट्रियसभासम्बन्धी अध्यादेश जारी गर्न नहुने पक्षमा थिए भने प्रचण्ड अध्यादेश जारी गराउने पक्षमा । त्यस्तै, राष्ट्रियसभाबिना नै सरकार गठन गर्नुपर्ने, प्रदेश प्रमुखको नियुक्ति तथा अस्थायी राजधानी नयाँ सरकारले तोक्ने, प्रदेश प्रमुख जबर्जस्ती तोकिए सांसदहरूले शपथग्रहण नगर्नेजस्ता अभिव्यक्ति दिएका थिए ओलीले । जबकि, यी मुद्दामा प्रचण्ड मौन थिए ।

राष्ट्रियसभाको चुनावका बारेमा पनि बहुमतीय प्रणालीमा गरिनुपर्ने ओलीको अडान थियो भने प्रचण्ड, वरिष्ठ नेता नेपाल र पूर्वअध्यक्ष खनाल आदि ओलीभन्दा फरक धारमा उभिएका थिए । एमाले उपाध्यक्ष वामदेव गौतमले त राष्ट्रियसभाको चुनावबिना सरकार गठन नहुने भनेपछि ओली आफ्नो अडानबाट पछि हटेर प्रचण्डलाई राष्ट्रपतिकहाँ पठाएर अध्यादेश स्वीकृत गर्न लगाए । प्रचण्ड, नेपाल, खनाल र गौतमले ओलीको अडानलाई साथ नदिएकैले हो, ओलीको इच्छाविपरीत राष्ट्रपतिबाट अध्यादेश जारी गरिनु । विश्लेषक श्रेष्ठ भन्छन्, "राजनीतिक गतिरोध प्रचण्ड, गौतमलगायतले खोलेका हुन् । अरूको साथ नपाएपछि ओली आफ्नो अडानबाट पछि हटेका हुन् ।"

नेपाल र प्रचण्ड मिले आफू कमजोर हुने ठानेर नै होला, ओलीले नेपालसँग पनि पछिल्लो समय निकटता बढाएका छन् । स्रोतका अनुसार बालकोटमा प्रचण्ड-ओलीजस्तै नेपाल-ओलीबीच पनि वान टू वान वार्ता बाक्लिएको छ । स्रोतका भनाइमा ओलीले नेपाललाई कुनै फर्मुला दिएका हुन सक्छन् । यसको अर्थ पार्टी एकीकरणपछि भावी नेतृत्वमा नेपाललाई उनको स्थान देखाइदिएका हुन सक्छन् ।

प्रचण्ड पनि के कम, उनी पनि ओलीजसरी नै एमालेका बाँकी नेतासँग उत्तिकै सघन संवादमा छन् । ओली र उनको कोर समूह प्रचण्डलाई कुनै पनि हालतमा अध्यक्ष नदिने, सह-अध्यक्ष वा अरू कुनै भूमिका दिएर एकता गर्ने सोचमा छ भने अर्कोथरी एमाले प्रचण्डलाई अध्यक्ष र ओलीलाई प्रधानमन्त्री बनाएर एकता प्रक्रियालाई अघि बढाउने पक्षमा छन् । पूर्वअर्थमन्त्री अधिकारी भन्छन्, "ओलीपछिको एमालेको नेता प्रचण्ड नै हो । माधव नेपालगायतका अरू वरिष्ठ नेतालाई सम्मानजनक व्यवस्थापन गर्न नयाँ पद सिर्जना गर्नुपर्छ । नेताहरूले एकअर्काप्रति सशंकित भएर एकता प्रक्रियाबाट पछि हट्न मिल्दैन ।" ◆

www.planmytrip.com.np

PLAN MY TRIP

समाचार अझै सहज, अझै अनुकूल

सर्वाधिक नेपालीसँग जोडिएको राष्ट्रिय दैनिक अब छुट्टै एप र वेबसाइटमा

प्रदेशहरुको हालचाल होस् या देश-विदेशका जानकारी, आर्थिक जगत्को उतारचढाव होस् या नेपाली डायस्पोराका गतिविधि, आफ्नो प्रिय खेलकुद टिमलाई पछ्याउन होस् या मनोरञ्जनका खबर थाहा पाउन, बद्लिँदो समयसँगै सूचना ग्रहण गर्ने तौरतरिका फेरिनसक्छ, तर समाचार र विश्लेषणमा तपाईंको हक सुनिश्चित गर्ने हाम्रो प्रतिबद्धता अपरिवर्तनीय छ ।

डाउनलोड गर्नुहोस्

GET IT ON Google Play

Available on the App Store

www.kantipurdaily.com



सालिक अपहरणको त्यो प्रयास

रूपकराज शर्माले चोरिनबाट यसरी बचाए भूपतीन्द्र मल्लको मूर्ति

गोकर्ण गौतम

*साप्ताहिक मञ्च*का सम्पादक पदम ठकुराठीको फोनको घन्टी बज्यो, ०४१ पुसको एक बिहान । रिसिभर कानमा लानासाथ उताबाट आवाज सुनियो, 'म भक्तपुरको डीएसपी रूपकराज शर्मा बोलेको । तपाईंलाई एउटा काम लाग्ने समाचार छ । छाप्ने हो ?'

ठकुराठीले पहिले 'खास कुरा के हो' भनेर सोधे । शर्मा भन्दै गए, 'हिजो अधिराजकुमार धीरेन्द्रले पठाएको भनेर एउटा जत्था क्रेन लिएर भक्तपुर दरबार स्क्वायर आएछ । मलाई प्रहरीले खबर गरे । म पनि हेर्न गएँ । उनीहरूले सरकारले रिपियर गर्न भूपतीन्द्र मल्लको सालिक ल्याउनु भनिबक्सेको छ, हामी दिउँसै आउनुपर्ने, क्रेन बिग्रिएर राती भयो भने । मैले कागजपत्र मागेँ, केही रहेनछ । मौखिक आदेश छ भने । मैले यही आधारमा सालिक लान दिन्नँ, पत्र ल्याएर दिउँसो स्थानीयलाई साक्षी राखेर लैजाने हो भने मात्र छोडिदिन्छु भनेँ । कर गर्दै थिए । तर, उनीहरूको केही सीप लागेन, त्यत्तिकै फर्किए ।'

*साप्ताहिक मञ्च*को मिसन नै दरबारभित्र र बाहिरका 'भूमिगत गिरोह'को भण्डाफोर गर्नु थियो । त्यसमाथि मूर्ति चोरी मौलाएको समय थियो त्यो । उपत्यका मात्र होइन, दुर्गम जिल्लाका ऐतिहासिक सम्पदाको समेत तस्करी हुन्थ्यो । त्यसैले शर्माले सुनाएको खबर ठकुराठीका लागि 'स्कुप' थियो । तैपनि, उनले शर्मालाई एउटा सर्त राखे, 'समाचार स्रोतमा तपाईंको नाम उल्लेख गर्न मिल्छ भने मात्र छाप्छु ।' निर्भीक शर्माले उत्तिखेरै 'हुन्छ' भनिदिए ।

सालिकको ऐतिहासिकता

रूपकराज शर्माकै बहादुरीका कारण अहिले पनि ठडिरहेको भूपतीन्द्र मल्लको सालिकका बारेमा बुझ्न *नेपाल*कर्मी १० माघमा भक्तपुर दरबार स्क्वायर पुग्दा रत्नभक्त किजु, ६७, भेटिए। टौमढीका किजु पचपन्न झ्याले दरबारको पेटीमा घाम तापिरहेका थिए, जसको सामुन्नेमा थियो, भूपतीन्द्र मल्लको त्यही सालिक । उनलाई सोधियो, "यो सालिकका बारेमा के थाहा छ ?" उनले तत्कालै भने, "यो सालिक ०४१ सालतिर यहाँको डीएसपीले बचाएको हो, नत्र कहाँ लगेर बेचिसक्थे ।" उनका भनाइमा त्यतिबेला दरबार क्षेत्रभित्र अहिलेजस्तो बस्न पाइँदैनथ्यो, हिँड्न मात्र पाइन्थ्यो । त्यसैले प्रहरीले आँखा चिम्लिदिएको भए सालिक कसले लग्यो भन्ने स्थानीयवासीले पत्तै पाउँदैनथे। सँगै सालिकसम्बन्धी एउटा नयाँ तथ्य सुनाए। भूपतीन्द्रको कम्मरमा पटुका थियो, उनकै आँखाले देखेको तर त्यो घटनापछि पटुका एकाएक हरायो । अहिले पनि पटुका छैन। तर, पटुका लगाएको निसानी छ। किजु मात्र होइन, भक्तपुरका स्थानीयवासी तथा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छे पनि उक्त सालिकलाई प्रहरीले बचाएको कुरा आफूले सुनेको बताउँछन्।

भूपतीन्द्र मल्लको उक्त सालिकको ऐतिहासिकतालाई केलाउँदा तस्करहरूले आँखा लगाउनु सामान्य नै देखिन्छ । किनभने, सालिकको तत्कालीन रणनीतिक महत्त्वदेखि निर्माण प्रक्रियासम्म विशिष्ट छ। थाहा भएकै कुरा हो, मल्लकाल वास्तुकलाका लागि उर्वर थियो। भूपतीन्द्र मल्लको कलाप्रेम अझ गाढा। भक्तपुरको शोभा मानिने पचपन्न झ्याले दरबार होस् वा चारवटा महाभूकम्प थेगेर ज्यूँका त्यूँ उभिरहेको न्यातपोल, दुवै भूपतीन्द्रले बनाएका हुन्। त्यतिबेला उपत्यकाका मल्ल राजाहरूबीच दरबार, मठमन्दिर र आफ्नो सालिक बनाउने होडबाजी नै थियो । सोही क्रममा काठमाडौँमा प्रताप मल्ल, पाटनमा योगनरेन्द्र मल्ल र भक्तपुरमा भूपतीन्द्रले आफ्नो सालिक बनाए। ०७२ को भूकम्पले प्रताप र योगनरेन्द्रको सालिक भत्कियो तर भूपतीन्द्रको जस्ताको त्यस्तै छ। संरक्षणकर्मी रवीन्द्र पुरी भन्छन्, "भूकम्पबाट बच्नु नै यो स्तम्भ र सालिक कति वैज्ञानिक ढंगले बनाइएको रहेछ भनेर पुष्टि हुन्छ।"

स्तम्भ करिब १८ फिट र सालिक ६ फिट अग्लो छ। क्रेन लिएर आउनेहरूले स्तम्भमाथिको राजाको सालिक फुत्त उठाएर लान चाहेका थिए। स्वर्णद्वारको अगाडि रहेको सालिकमा भूपतीन्द्रले तलेजु भवानीतिर फर्केर नमस्कार गरेका छन्। तलेजु सम्पूर्ण मल्लहरूका इष्ट देवता हुन् । त्यतिबेला मूर्ति भगवान्को मात्र बनाइन्थ्यो । त्यही भएर आफ्नो मूर्ति स्वीकार्य नहोला कि भनेर भूपतीन्द्रले तलेजुलाई प्रणाम गरेको बनाउन लगाएर सुरक्षित हुन खोजेको



तस्बिरहरू : भास्कर ओझा

अनुमान गरिन्छ। इतिहासकार पुरुषोत्तम श्रेष्ठका अनुसार यो स्तम्भ अहिलेको भन्दा तीन गुणा अग्लो थियो। त्यसमाथि आफ्नो सालिक राख्न भूपतीन्द्रले पाटनका कालीगढ बोलाए । स्तम्भको उचाइ देखेर पाटनका राजालाई ईर्ष्या लागेको थियो, त्यही भएर उनले कालीगढ त पठाए तर अरूले हेक्का नपाउने गरी स्तम्भ भत्काउन आदेश दिए। कालीगढले त्यस्तै गरे, फलस्वरूप यो तीन टुक्रामा ढल्यो । श्रेष्ठ भन्छन्, "बाँकी दुई टुक्रा भूपतीन्द्रका छोरा रणदीप मल्लले घन्टा अड्याउन प्रयोग गरे।" स्तम्भको अग्रभागमा तामामा सुनको लेप लगाएको चार कुनामा सिंहजडित सिंहासन छ, जसमा भूपतीन्द्र विराजमान छन्। उनलाई छत्र ओढाइएको छ। टाउकोमा त्यतिबेलाका मल्ल राजाले बाँध्ने फेटा छ भने बायाँतिर तरबार र ढाल। स्तम्भ कछुवाको आकृतिमाथि ठडिएको छ, जसको धार्मिक विश्वास हुन्छ, कछुवाजस्तै स्तम्भले जति पनि भार थेग्न सक्छ।

र, खबर छापियो, पुसको अन्तिम साता। ठकुराठीकै शब्दमा, त्यो समाचारले सोचेभन्दा कयौं गुणा ज्यादा हंगामा मच्चायो। दरबारका केही भाइभारदार र तिनका आसेपासेहरू पुराना मूर्ति/सालिक चोर्दै विदेश निर्यात गर्छन् भन्ने हल्ला छँदै थियो। त्यो काण्डमा अधिराजकुमार नै मुछिएको हल्लापछि दरबारको मात्र होइन, राजसंस्थाकै साख धमिलियो । यद्यपि, उक्त घटनामा तत्कालीन अधिराजकुमार धीरेन्द्रको संलग्नताको आधिकारिक पुष्टि भने अहिलेसम्म भएको छैन।

तर, एउटा डीएसपीले सालिक लैजानबाट रोकेन मात्र, समाचार छपाएर नागरिकलाई सुसूचित गरायो पनि । भलै, डीएसपी शर्माको उद्देश्य आफूले महान् काम गरेको भनेर प्रचार गर्नु थिएन, आफूमाथि हमला भयो भने अरूले थाहा पाऊन् भन्ने थियो। उनलाई यो सल्लाह दिएका रहेछन्, नेपाली सेनाका लेफ्टिनेन्ट कर्णेल


ने.गु 385
PPC
ने.गु 384
PSC
आऔं सबै मिली देश बनाऔं
नेपालको
सर्वाधिक बिक्री हुने
सिमेन्टको साथमा
ISO 9001 : 2015 & 14001 : 2015 प्रमाणित कम्पनी
मेरो देश, मेरो
जगदम्बा सिमेन्ट
customer service: 9801110345
jagdambacement.com
facebook.com/jagdamba.cement
जगदम्बा सिमेन्ट इण्डष्ट्रिज प्रा. लि., रुपन्देही, नेपाल, फोनः ०७१-४१२०४१/ ४५/ ४६
प्रमुख कार्यालयः न्यौपाने टावर, तीनकुने, काठमाडौं, फोनः ०१-४१११५००/ १५५०/ ६३३, ईमेलः admin@jcement.com.np
शुभश्री जगदम्बा सिमेन्ट मिल्स् प्रा. लि., पर्सा, नेपाल, फोनः ०५१-५८०२५०/ ५१०

(प्रमुख सेनानी) ज्ञानजंग थापाले । क्रेनलाई फर्काएपछि शर्माले खरीपाटीस्थित सैनिक प्रशिक्षण प्रतिष्ठानमा कार्यरत थापा, जो उनको चिनजानका पनि थिए, लाई घटनाको बेलिबिस्तार लगाएछन् । ठकुराठीका अनुसार थापाले शर्मालाई यस्तो सुझाव दिएछन्, 'तिम्लाई एक्सन लिन्छन्, लिन्छन्, तिमी प्रेसमा जाऊ । भोलि गाह्रो भयो भने पनि मान्छेहरूले थाहा पाउँछन् ।'

थापाले भनेजस्तै तत्कालीन भूमिगत गिरोहले शर्मासँग रिसईवी साँध्यो नै । आममान्छेले थाहा पाए । तर, यो घटनाले शर्माको जीवनलाई अफवाहको भूमरीमा धकेलिरहयो धेरै समयसम्म । पञ्चायत 'बन्द समाज' थियो । सञ्चारमाध्यमको विकास भएको थिएन । यही कारण 'रे'का भरका खबर सलहझैं फैलन्थ्यो । अनेक हल्ला चले, चलाइए । त्यो घटना र त्यसपछि शर्मासम्बन्धी चलेका चर्चाहरू कुनै किंवदन्तीभन्दा कम लाग्दैनन् । शर्मा डीएसपी मात्र थिएनन्, उनले १६ वर्ष नेपाली फुटबल टोलीको कप्तानी पनि सम्हालेका थिए । अनि, उनी पहिलो नेपाली फिफा रेफ्री पनि थिए । यही बहुआयामिक व्यक्तित्वले उनीबारे बृहत् आमचासो थियो ।

त्यसो भए खासमा भएको चाहिँ के थियो ? शर्मालाई त्यस्तो आँट कहाँबाट आयो ? अनि, त्यो सालिकको त्यस्तो के विशेषता थियो र त्यसलाई उठाउन खोज्नेले त्यत्रो जोखिम किन मोले ? यस्ता प्रश्नहरू अनुत्तरित रहँदारहँदै १२ असोज ०४९ मा पाकिस्तानको कराँचीबाट काठमाडौं आउँदै गरेको पाकिस्तान इन्टरनेसनल एयरलाइन्सको विमान दुर्घटनामा परी शर्माको निधन भयो ।

*साप्ताहिक मञ्च*मा समाचार छापिएको केही दिन बित्न नपाउँदै शर्मालाई कारबाही स्वरूप सर्लाही सरुवा गरियो । यत्तिमै गिरोह चुप लाग्दैन भन्ने जोकोहीले अनुमान गरेका थिए । शर्मा पनि बिनाआनाकानी खटाइएको जिल्ला पुगे । यता काठमाडौंमा हल्ला चल्यो, उनलाई तराईमै सिध्याइँदैछ भन्ने । शर्माका सहोदर दाजु तथा नेपाली कांग्रेसका नेता दीपकुमार उपाध्यायका अनुसार केही समयपछि त मारिएकै हल्ला आयो । उनका भनाइमा क्रेन फिर्ता पठाएको घटनाबारे घरमा कुरा हुँदा शर्माको जवाफ यत्ति हुन्थ्यो, 'एउटा प्रहरी अधिकृतका रूपमा मैले जे गर्नुपर्ने हो, त्यही गरेँ ।' रोचक संयोग ! त्यो घटनाभन्दा अगाडि नै शर्मा लन्डनको स्कटल्यान्ड यार्डमा प्रशिक्षणका लागि छानिएका थिए । उपाध्यायका अनुसार उनी पूर्वनिर्धारित कार्यक्रम अनुसार बेलायत उडे । हल्ला चलाउन थप मसला


रूपकराज शर्मा

मिलिहाल्यो । उपाध्याय ती दिनहरू सम्झँदै भन्छन्, "कोही यहाँ मार्ने भएकाले लुक्न बेलायत गएको भन्थे, कोही बेलायत गएको हल्ला मात्र हो, डीएसपीलाई यहीं मारिसके भन्थे ।"

शर्मा मारिएको हल्ला यत्तिमै सामसुम भएन । उनले लन्डनबाट *बीबीसी नेपाली* सेवाका लागि खगेन्द्र नेपालीलाई अन्तर्वार्ता दिएरै भने, 'मलाई केही भएको छैन । बेलायतमा प्रशिक्षण लिइरहेको छु ।' तैपनि, कसैले पत्याएनन् । बरू, अर्को चर्चा चल्न थाल्यो कि 'उस्तै स्वर बनाएर अन्तर्वार्ता दिने अरू नै कोही हुन् ।' पञ्चायतकालमा दरबारविरुद्ध बोल्ने अधिकांशलाई गुपचुप सिध्याइन्थ्यो, कतिपय घटना त आममान्छेले थाहै पाउँदैनथे । शर्माका कारण दरबारनिकट भूमिगत गिरोहको पर्दाफास भएको थियो । त्यसैले उनलाई 'बाँकी राख्छन्' भन्ने आश कमैमा थियो । उपाध्याय भन्छन्, "कालजमाना त्यस्तै थियो, त्यसैले अफवाह फैलियो । सामसुम बनाउनै सकिएन । कतिसम्म भने राजदरबारका सचिवहरू हाम्रो छिमेकी थिए । उनीहरूले समेत आफ्ना नजिकका मान्छेलाई रूपकको घरमा कोरा बारेको छ कि छैन भनेर बुझ्न पठाउँथे ।"

त्यो अफवाह कति गहिरो थियो भन्ने अर्को एउटा घटनाले प्रस्ट पार्छ । शर्मासम्बन्धीका हल्ला नेपाल प्रहरीकै लागि टाउको दुखाइको विषय बनेकाले ०४३ को सुरुआततिर फुटबल खेल आयोजना गरियो । रेफ्री थिए, तिनै रूपकराज शर्मा । खेल सकिनासाथ रेफ्रीका बारेमा जानकारी गराइयो । एक्कासि दर्जनौं दर्शक मैदानभित्र छिरे, कोही शर्मालाई एकोहोरो हेर्थे, कोही चिमोट्थे । उनलाई जोगाउनै हम्मेहम्मे पर्‍यो । उपाध्याय मुस्कुराउँछन्, "सग्लो मान्छे अगाडि हुँदा पनि प्लास्टिक सर्जरी गरेर ल्याइएको हो । सक्कली रूपकराज शर्मालाई त मारिइसक्यो भन्न थाले । फर्केर आएपछि पनि मान्छेमा विश्वास थिएन ।" हल्ला चल्दै गयो तर त्यसपछि पनि उनी कोसी टप्पु क्षेत्रमा खटिएर तस्करहरूसँग भिडे, दुर्लभ वन्यजन्तु बचाउनका खातिर ।

भक्तपुरलाई कलाकृति र सम्पदाले धनी बनाउन भूपतीन्द्रले अतुलनीय योगदान गरे । आफ्नो सम्झना रहिरहोस् भनेर सालिक बनाउन लगाए । त्यति विशिष्ट महत्त्व बोकेको विशाल सालिकलाई जगेर्ना गर्नु त परको कुरा, उल्टै उखेल्न तत्कालीन सत्तासँग नजिक भूमिगत शक्तिहरू नै लागिपरे । कस्तो विडम्बना ! यही प्रसंगलाई बारबरा एडम्सले आफ्नो पुस्तक *बारबराज् नेपाल*मा सम्पदा चोरीमा ठालूहरूको संलग्नता र त्यसले जनमानसमा पारेको प्रतिनिधि घटनाको रूपमा उल्लेख गरेकी छन् । उनी लेख्छिन्, 'यसले प्रस्ट पार्छ, नागरिकहरू के मात्र विश्वास गर्दैनन् कि सरकारले नेपालको सांस्कृतिक सम्पदाहरू पश्चिमा मुलुकका संग्रहालय र निजी संग्रहमा पुर्‍याउन दिएको मात्र छैन, केही निश्चित उच्च अधिकारीहरू त्यस्ता कलाको निर्यातमा सक्रिय रूपमा सहयोग गरिरहेका छन् ।'

अन्त्यमा एउटा प्रेरणादायी प्रसंग, आफ्नो पत्रिकामा छापिएको समाचारकै कारण शर्माको सरुवा भएपछि ठकुराठीले फोन गरेर 'सरी' भने । ठकुराठीका अनुसार शर्माको जवाफ थियो, 'सरुवा, बढुवा, घटुवा भइरहन्छ । मलाई चिन्ता छैन । बरू, मैले एउटा ऐतिहासिक सम्पदाको रक्षा गरेँ । त्यसमै गर्व गर्छु ।'

हुन पनि हो, शर्माले ऐतिहासिक र पुरातात्त्विक महत्त्व बोकेको भूपतीन्द्रको सालिक जोगाएर साहसी काम गरेकाले जनताका तर्फबाट सधैं सलाम पाए, पाइरहेका छन् । ◆

25 Years in ICT Development
CAN Federation

Let's Build e-Nepal: Together we CAN
www.can.org.np

SUBISU
CAN Info-Tech 2018
24th Nepal Information, Technology, Entertainment Show & Conference
in association with motorola

25th -30th January, 2018
(माघ ११-१६ गतेसम्म २०७४)
Bhrikuti Mandap, Exhibition Road, Kathmandu
भृकुटीमण्डप, प्रदर्शनी मार्ग, काठमाडौं

10:00 AM to 05:00 PM
A Mega Event of Information, Communication & Entertainment Technology

माघ ११-१६ गतेसम्म २०७४, भृकुटीमण्डप, प्रदर्शनी मार्ग, काठमाडौं

Organized by
CAN Federation

Title Sponsor
SUBISU

Associate Sponsor
motorola

Platinum Sponsor
WORLDLINK

Diamond Sponsor
NEPAL TELECOM
tp-link

Gold Sponsor
HUAWEI
mi
TECNO Mobile

Silver Sponsor
netis – Easy Network, Trustable
S-POWER
Technos SMART TV
LBEF CAMPUS – Celebrating 20 Years 1998-2018

Print Sponsor
Hisense

Supporters
MoIC, DoIT, NITC, OCC, NTA, FNCCI, NCC, Metro Traffic FM, Traffic Police, ISPAN, ASOCIO, WITSA

Officials

Bank: सनराइज बैंक लिमिटेड SUNRISE BANK LIMITED – RISING TO SERVE – www.sunrisebank.com.np
ISP: SUBISU
TV: MOUNTAIN
Insurance: Prudential Insurance Co. Ltd.
Online Ticketing: f1soft
Online Payment: eSewa
Nepali IT Magazine: आइसिटी
SMS: Sparrow – Power of Text
Hospitality: Hotel Marshyangdi
CCTV: Wilson Technology – cctvnepal.com.np
Creative: biti – www.bitiprintings.com

SMS **CAN (Space) Ticket No. to 35001** and win attractive prize.

For Audio Notice dial: 1618070700226

'दुइटा कार्य सम्पादन मूल बनाएको देखिएन र ?'

ललितपुर-१ बाट प्रतिनिधिसभामा निर्वाचित नेपाल प्रहरीका पूर्वडीआईजी **नवराज सिलवाल** एक वर्षदेखि चर्चामा छन् । प्रहरी महानिरीक्षक नियुक्ति प्रकरणदेखि प्रधानन्यायाधीश सुशीला कार्कीविरूद्धको अविश्वास प्रस्ताव र आमनिर्वाचनसम्मका धेरै घटनाक्रम उनैका वरिपरि घुमिरहे । प्रहरी महानिरीक्षक नियुक्तिसम्बन्धी मुद्दामा किर्ते कार्य सम्पादन मूल्यांकनको फोटोकपी अदालतमा पेस गरेको आरोपमा उनी अनुसन्धानको दायरामा तानिएका छन् । त्यस क्रममा प्रहरीले उनलाई बयानका लागि खोजिरहेको बताएको छ । *नेपाल*को सम्पर्कमा आएका सिलवालले **मनबहादुर बस्नेत**सँग लामो कुराकानी गरे, त्यसैको सम्पादित अंश :

तपाईं साँच्चै फरार हो ?

जनताबाट चुनिएको म जनतासँगै छु । सरकार र प्रहरीका केही मानिसले एउटा झूटलाई हजारचोटि भन्दा त्यो सत्य हुन्छ भन्ने गोयबल्स शैलीमा 'नवराज सिलवाल अपराधी हो' भन्दै दुष्प्रचार गरिरहेका छन् । राज्य संगठित र प्रायोजित रूपमा मविरुद्ध प्रतिशोध साँध्ने हिसाबले प्रस्तुत भएको छ ।

कस्तो प्रतिशोध ?

राजनीतिक प्रतिशोध देखिन्छ । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले आफ्ना विश्वासपात्रमार्फत मलाई अदालतको मुद्दा फिर्ता लिएमा प्रधानमन्त्रीको सुरक्षा सल्लाहकार बनाउने प्रस्ताव पठाएका थिए । मैले पद प्राप्तिका लागि नभई अन्यायका विरुद्धमा लडेकाले मुद्दा फिर्ता नलिने, बरू एउटा टुंगोमा पुऱ्याउने सन्देश पठाएँ । यही विषयलाई लिएर तत्कालीन प्रधानन्यायाधीशमाथि महाभियोग लाग्यो । यसका सूत्रधार देउवा नै थिए । त्यसपछि यो प्रकरणका विभिन्न रूप देखिए । म प्रहरी सेवाबाट राजीनामा दिएर राजनीतिमा आएँ । त्यस प्रकरणसँग जोडिएका सबै कुरा चुनावी एजेन्डा बने र नेपाली कांग्रेसको पक्षमा लज्जास्पद नतिजा आयो । यसको कारण मेरै प्रकरणलाई ठानियो र देउवाले ममाथि राजनीतिक प्रतिशोधको डन्डा चलाइरहेका छन् ।

तपाईंमाथि लागेको आरोपबारे राज्यले अनुसन्धान नै गर्न नपाउने हो र ?

म नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)को नेतृत्व गरेको मानिस । अनुसन्धानको थालनी तथ्यका आधारमा हुनुपर्छ । तर, यहाँ त तथ्य एकातिर छ, अनुसन्धान अर्कैतिर । जहाँबाट सुरु गर्नुपर्ने हो त्यहाँबाट नगरी एकैचोटि अन्तिममा रहेको ममाथि अनुसन्धान केन्द्रित छ । निष्पक्ष ढंगले अनुसन्धान गर्ने हो भने त कार्य सम्पादन मूल्यांकन राख्ने अधिकारीदेखि अनुसन्धान सुरु गर्नुपर्छ । कसरी मिडियामा त्यो गोप्य कागजात गयो ? यसमा छानबिन हुनुपर्छ । अनि पो मेरो पालो आउँछ ।

त्यो गोप्य कागजात त तपाईंले नै बुझाउनुभएको होइन, अदालतमा ?

मैले त मिडियामार्फत जे सार्वजनिक भएको छ, त्यही प्रिन्ट गरेर बुझाएको भनेर बारम्बार भनिसकेको छु ।

तपाईंले बुझाएको फोटोकपीमै किर्ते भएको विधिविज्ञान प्रयोगशालाको परीक्षणबाटै पुष्टि भएको छ नि ?

८ चैतमा सर्वोच्च अदालतको पूर्ण इजलासको परमादेशमा 'चार वर्षको कार्य सम्पादन मूल्यांकन कुल औसत अंक सबैभन्दा बढी नवराज सिलवालले, दोस्रोमा प्रकाश अर्यालले, तेस्रोमा बमबहादुर भण्डारीले र चौथोमा जयबहादुर चन्दले प्राप्त गरेको तथ्य सरकारको सम्बद्ध निकायबाट विवादको सुनुवाइका क्रममा उपलब्ध गराइएको कार्य सम्पादन मूल्यांकन फारामको सक्कल प्रतिहरूबाट देखिन आयो'

यांकन सरकारले नै

भनिएको छ । तर, पछि सरकारले अर्कैलाई एक नम्बर भनेर आईजीपी बनायो । सर्वोच्चले एक नम्बर भनेर किटान गर्दागर्दै सरकारले मलाई महानिरीक्षक नबनाएपछि न्यायालयको आदेश कार्यान्वयन गरी पाऊँ भनेर फेरि अदालत गएको हुँ । यसबाट दुई खालको कार्य सम्पादन मूल्यांकन सरकारले नै बनाएको देखिएन र ? संसारमा कहीँ पनि कार्य सम्पादन मूल्यांकन सार्वजनिक हुँदैन । यसको गोप्यता र सुरक्षाको काम जसको हो, उसैले यसको जिम्मेवारी लिनुपर्छ । छानबिनको विषय नै यही हो । तर, यसमा संलग्नहरूलाई बचाउने र मलाई जसरी पनि अपराधी करार गर्ने दुर्नियत सरकारको छ । प्रहरी शक्तिको चरम दुरुपयोग हो, यो ।

अदालतले पनि छानबिन अघि बढाउन भनेको होइन ?

मलाई सर्वोच्च अदालतले दोषी भनेको छैन । कार्य सम्पादन मूल्यांकन दुई खालको देखिएकाले यसबारे छानबिन गरी दोषीलाई कारबाही गर्नु भनेको हो । यति संवेदनशील कागजात कसरी बाहिरियो, कसले नक्कली बनायो, छानबिन गरी कारबाही गर्नुपर्छ भन्ने त मेरो पनि माग हो । छानबिनको दायरामा पहिले नै आउनुपर्नेचाहिँ नआउने अनि अन्तिमतिरको मचाहिँ सुरुमै कठघरामा उभिनुपर्ने ?

तपाईंलाई फेला पारेर प्रहरीले बयान लिन नसक्नुले प्रहरीको अनुसन्धान पद्धति त साह्रै फितलो रहेछ भनेर बुझ्दा हुन्छ ?

यो प्रकरणमा ९९ प्रतिशत प्रहरी मेरो पक्षमा छन् । उनीहरू 'प्रहरी नेतृत्वले सरलाई अन्याय-अत्याचार गरेको छ, तपाईंलाई हामी सुरक्षा दिन्छौँ' भन्छन् । म प्रहरीसँगै छु । प्रहरीले नै मलाई संगठनभित्र भएका मेरा विरुद्धका षड्यन्त्रकारी सूचना दिइरहेका छन् ।

प्रहरीभित्रैबाट सूचना चुहिएर तपाईं फेला नपरेको अवस्था पो रहेछ उसो भए ?

प्रहरीका बहुसंख्यकको मप्रति भरोसा छ ।

अदालतले नै आदेश दिएकाले छानबिन गर्न तपाईंले कसरी सहयोग गर्नुहुन्छ त ?

अहिलेको जस्तो अनुसन्धान स्वीकार्दिनँ । निष्पक्ष निकायले छानबिन गर्नुपर्छ । यो प्रकरणमा संलग्न मेरो विपक्षीचाहिँ शक्ति केन्द्रको ओतमा बसेर मालिकको सेवक बनेर निर्दोष हुन खोज्ने ? मुख्यसचिव लोकदर्शन रेग्मीले प्रधानमन्त्री देउवालाई खुसी पार्न एकै दिनमा पटक-पटक प्रहरी अधिकारीलाई फोन गरेर 'सिलवाललाई समात्नुपर्‍यो' भन्दै दबाब दिइरहेका छन् । यस्तो दबाबपूर्ण अनुसन्धानको तटस्थता रहँदैन । स्वतन्त्र अनुसन्धानलाई म सहयोग गर्छु ।

फेरि पनि अनुसन्धान गर्ने निकाय त प्रहरी नै हो नि, होइन ?

प्रहरी नेतृत्व नै मेरो विपक्षी भएकाले उसले गरेको अनुसन्धान निष्पक्ष र विश्वसनीय हुँदैन ।

कसले गर्ने त ?

अलग खालको निकायले गर्नुपर्छ । एकपक्षीय अनुसन्धान गरेर हुँदैन ।

विपक्षी संलग्न भएको निकायले गर्ने अनुसन्धानमा बयान दिन्न, बयान/अनुसन्धान रोकिपाऊँ भनेर अदालत जाने बाटो त थियो नि तपाईंसँग ?

यो अदालत जानुपर्ने विषय नै होइन । सही अनुसन्धान हुनुपर्छ ।

आईजीपी बन्नुभएको भए अवकाशपछि राजनीतिमा आउनु हुन्थ्यो ?

अवकाशपछि विश्वविद्यालयहरूमा पढाउने योजना थियो । किताब लेख्छु, पढ्छु भन्ने सोच थियो । तर, परिस्थितिले राजनीतिमा हुत्यायो । आफ्नो क्षमता नयाँ प्लेटफर्ममा उपयोग गर्छु र मुलुकलाई योगदान गर्न सक्छु भन्ने मलाई विश्वास छ ।

राजनीतिक दलको छहारीचाहिँ सबैलाई चाहिने रहेछ, होइन ?

बर्दीमा रहन्जेल म कुनै पार्टीको विचार, आस्थामा रहेर काम गरिनँ । राजनीतिक हस्तक्षेपको जहिल्यै विरोध गरेँ/गर्छु । आज बहुसंख्यक प्रहरी मेरो पक्षमा उभिनुको कारण पनि मेरो व्यावसायिक निष्ठा र नैतिकता नै हो । तर, सबै कुराले सक्षम हुँदाहुँदै पनि देउवाले मलाई प्रहरी नेतृत्वमा पुग्नबाट रोके । प्रचण्डले एक नम्बरलाई नबनाउँदा पापै लाग्छ भन्दा देउवाले सरकार नै छोड्ने धम्की दिए । देउवाको अन्यायपूर्ण प्रहारविरुद्ध म एक्लै लडिरहेको अवस्थामा विपक्षी दलका नेता केपी शर्मा ओलीले सदनमै मेरो न्यायको पक्षमा बोल्नुभयो । त्यसले मलाई तत्काल ठूलो राहत मिल्यो र कालान्तरमा पार्टीमै गएँ ।

आईजीपी नियुक्ति प्रकरणदेखि सांसद चुनिदासम्मको उतारचढावलाई कसरी मूल्यांकन गर्नुहुन्छ ?

यो प्रकरणले नेपालको राजनीति, न्याय प्रणाली, प्रहरी प्रशासनको अवस्थिति सर्लक्क देखाइदियो । मुलुकले भविष्यमा सुधार गर्नुपर्ने पाटो देखाएको छ ।

शपथ कसरी लिनुहुन्छ त अब ?

लिइहाल्छु । जनता, प्रहरीकै माझमा छु । मेरो प्रतिरोध भनेको यो अनुसन्धानको नियतप्रति मात्र हो ।

अनि, किन लुक्नुभएको त ?

कसरी लुकेँ ? हिजो (९ माघ) मात्रै पूर्वप्रहरी अधिकृतसँगै बसेर खाना खाएँ । यति प्रहरी पठाएँ, उति पठाएँ भनेर नाटक मञ्चन गर्नेले मलाई देख्नै सक्दैन ।

अलि सहज भएपछि सबैले देख्ने गरी आउनुहुन्छ, त्यसो भए ?

सहजभन्दा पनि निष्पक्ष अनुसन्धान भएमा कुन प्रश्नको कहाँ गएर उत्तर दिनुपर्ने हो दिन तयार छु । अनुसन्धानको दायरामा भएका १५ जनामध्येको एक हुँ । पहिले ती सबैको अनुसन्धान गरियोस् अनि म जवाफ दिन्छु । अनुसन्धानको चेन र सिद्धान्त मिल्नुपर्‍यो ।

भनेपछि आफू अनुकूलको अनुसन्धान हुने भए सहयोग गर्नुहुन्छ ?

आफू अनुकूलको अनुसन्धान भनेकै छैन । निष्पक्ष, स्वतन्त्र र कानुनसम्मत अनुसन्धान हुनुपर्‍यो, अहिले नै तयार छु । बहुला कुकुर टोक्नका लागि आइरहेका छन् भने म निर्दोष भनेर उभिने कि बच्ने ? बच्नैपर्‍यो ।

भोलि तपाईंको पार्टी पनि सत्तामा आउँछ, फेरि प्रतिशोधको अर्को चक्र सुरु हुने होला होइन ?

मलाई हिजो देउवा र उनका सिन्डीकेटवालाले दुःख दिएकाले अझ फराकिलो क्षितिजयुक्त प्लेटफर्म पाएँ । जनताको माया पाएँ । उनीहरूको यो योगदान त धन्यवादको हकदार छ । हिजोबाट पाठ सिकेर अगाडि जाने हो । प्रतिशोधको निकृष्ट सोचबाट माथि उठेको मानिस हुँ म । ◆



MI
Presents
Radio Kantipur
रेडियो राष्ट्रको
National
MUSIC
awards
2074
Powered by
Crompton
LED BULB
नेपालको सांगीतिक क्षेत्रकै
सबैभन्दा ठूलो अवार्ड
माघ २६ गते, २०७४ (9th Feb, 2018)
Mi A1
Picture Perfect Dual Camera
Created by Xiaomi, Powered by Google
YONDER
MUSIC Presents
Peoples Choice
Award
Categories
80 NOMINEES
15 CATEGORY AWARDS
1 LIFETIME ACHIEVEMENT AWARD
1 PEOPLES CHOICE AWARD
LIVE ON
KANTIPUR
Optical Zoom Dual Camera
4 GB RAM
32/64 GB ROM
5.5" FHD Display
Career Partner
merojob
AIM HIGHER
Medical Partner
NEPAL MEDICITI
Insurance Partner
नेको इन्स्योरेन्स लि.
NECO INSURANCE LTD.
CITY EXPRESS
MONEY TRANSFER
Celebration Partners
Xtraa!
प्रिती

KMG

नेशनल म्युजिक अवार्डका लागि नामांकित कलाकारहरू

वर्षको उत्कृष्ट आधुनिक गायिका

- मेलिना राई — तिमीले बाटो
- बानिका प्रधान — यति धेरै माया
- मिलन अमात्य — टिप टिप
- संगीता राना प्रधान — आँशु पिएर
- अन्जु पन्त — बहारमा रमाउने

वर्षको उत्कृष्ट लोक गायिका

- देबी घर्ती ढकाल — एउटा कुरा
- टिका पुन — गाउँमा भो हल्ला
- मुना थापा — मुटुमा बसेको माया
- रमिला न्यौपाने — सललल मै बगी आउँला
- बिष्णु माझी — दास बनेर

वर्षको उत्कृष्ट आधुनिक गायक

- रामकृष्ण ढकाल — यस्तो को हौ तिमी
- राजेश पायल राई — दर्शन नमस्ते
- सत्यराज आचार्य — मधुशाला
- सुरज कुमार थापा — भो माया
- अजर जंगम — आज फेरि

वर्षको उत्कृष्ट लोक गायक

- रामजी खाँण ठकुरी — मुटुमा बसेको माया
- पशुपति शर्मा — जोगाउनु छ कालापानी
- खुमन अधिकारी — सललल मै बगी आउला
- बद्री पंगेनी — लाली जोबन
- ऋसि खड्का — आँखाँको नानी

वर्षको उत्कृष्ट एल्बम

- आवरण — राम कृष्ण ढकाल
- दर्शन नमस्ते ३ — राजेश पायल राई
- मधुशाला — सत्यराज आर्चय
- आकाश मिचिएको शहर — अजर जंगम
- अग्रज — राजु बाबु श्रेष्ठ

वर्षको उत्कृष्ट संगीत निर्देशक

- हरी लम्साल — आज फेरी
- काली प्रसाद बास्कोटा — साँइली
- अर्जुन पोखेल — भन्छु आज
- महेश खड्का — दर्शन नमस्ते
- न्यूह बज्रचार्य — किन हेरिनौ

वर्षको उत्कृष्ट सांगीतिक समूह

- कब वेब — के तेरो के मेरो
- १९७४ ए.डी. — हजार सपना
- नाइट — तुईनको छ है भर
- पहेलो बत्ती — लोरी
- मङ्की टेम्पल — त्यो के

वर्षको उत्कृष्ट राष्ट्रिय गीत

- हरिदत्त फुलारा — मेरो देश
- सुमित खड्का — देश को
- मनोज राज शिवाकोटी — आमा
- सन्दिप — मेरो नेपाल
- कर्णदास — हाम्रो नेपाल

वर्षको उत्कृष्ट गीतकार

- उत्तम जंग लिम्बु — शिरैमा शिर बन्दी
- सुवाश गौतम — कतै मन
- रमेश बि.जी — म हुरी मा
- विरेन्द्र पाठक — आज फेरी
- पुरन गिरी — यति धेरै माया

वर्षको उत्कृष्ट नव कलाकार

- मेनुका पौडेल — एक जमानापछि
- बेनुप श्रेत्री — तिमी सँग
- लाक्पा शेर्पा लामा — छुपुमा छुपु
- स्वप्न सुमन — कसरी भनौ
- सज्जन राज बैध — हवाई जहाज

वर्षको उत्कृष्ट गीत

- सत्यराज आचार्य — मधुशाला
- कमल खत्री — जाउँला रेलैमा
- अजर जंगम — आज फेरि
- राम कृष्ण ढकाल — मं हुरिमा
- बानिका प्रधान — यति धेरै माया

वर्षको उत्कृष्ट पिपल्स च्वाइस अवार्ड

- हेमन्त राना — साँइली
- राजनराज शिवाकोटी र मेलिना राई — कुटुमा कुटु
- मिना निरौला र काली प्रसाद बास्कोटा — ठमेल बजार
- लाहुरे — सुपर राগा
- स्वप्न सुमन — चिया कफि

वर्षको उत्कृष्ट पार्श्व गायिका

- मेलिना राई — कुटुमा कुटु
- अन्जु पन्त — तिमी रोएको पल
- इन्दिरा जोशी — मोटर साईकलमा
- शशी रावल — झकास झापाली
- मिना निरौला — ठमेल बजार

वर्षको उत्कृष्ट पप गायिका

- वार्तीका राई — खै
- इन्दिरा जोशी — गलफ्रेण्ड
- तृष्णा गुरुङ — गुरासँ फुल्यो
- श्रेया सोताङ — माया हो कि होइन
- नट्टु शाह — आँखा भरि

वर्षको उत्कृष्ट पार्श्व गायक

- सुगम पोख्रेल — तिमी रोएको पल
- प्रताप दास — मोटर साईकलमा
- रोहित जोन क्षेत्री — कहानी यो प्रेम गीतको
- राजेश पायल राई — आकाशैमा
- आसिफ शाह — कथा तिम्रो सुनु

वर्षको उत्कृष्ट पप गायक

- लाहुरे — सुपर राগा
- धमेन्द्र सेवान — पहाडमा हुर्केकी
- सुगम पोख्रेल — दर्शन
- कमल खत्री — जाउँला रेलैमा
- दिपक बज्रचार्य — सानी

In Association with

RUSLAN 100% PURE MUSIC

goodlife

JJ JEWELLERS

Education Partner
AECC GLOBAL — STUDY ABROAD | VISAS | TUTORIALS

Digital Wallet Partner
khalti — DIGITAL WALLET

Telecom Partner
Nepal Telecom

Ticketing Partner
SASTO TICKETS — www.sastotickets.com

Hotel Partner
SOALTEE CROWNE PLAZA KATHMANDU-NEPAL

अँध्यारोमा ब्रह्म

जनमत गुमाएको सरकारका अपारदर्शी निर्णय, स्वेच्छाचारी शैली

रामबहादुर रावल

- ६५ वर्ष उमेरदेखि नै वृद्धभत्ता दिने ।
- भूकम्पपीडित र बाढीपीडितलाई एक लाख रुपियाँका दरले थप राहत बाँड्ने ।
- अन्तर्राष्ट्रिय पदक जित्ने खेलाडीलाई आजीवन मासिक पाँच हजार रुपियाँ भत्ता दिने ।
- चितवनको बाँदरमुढेमा द्वन्द्वकालमा मारिएका ३८ जनालाई सहिद घोषणा गरी प्रत्येकका परिवारलाई १० लाख रुपियाँ क्षतिपूर्ति दिने ।
- सातवटै प्रदेशमा अन्तर्राष्ट्रिय व्यापार प्रदर्शनी केन्द्र स्थापना गर्ने ।

मन्त्रिपरिषद्को १० र ११ माघमा लगालग बसेको बैठकका केही निर्णय हुन् यी, जुन बैठकलगत्तै मन्त्रीहरूले सञ्चार माध्यममार्फत जानकारी गराएका हुन् । तर, बैठकबाट भएका निर्णय यति मात्र भने होइनन् । केही लोकप्रिय देखिने खालका निर्णय सार्वजनिक गरिए पनि बाँकी सबै लुकाइएका छन् ।

मन्त्रिपरिषद्बाट गरिएका निर्णयहरू सरुवा, बढुवा, राजनीतिक नियुक्ति, विदेश भ्रमण, सुरक्षा निकायहरूमा दरबन्दी सिर्जना, नीतिगत परिवर्तन, संसद्द्वारा पारित बजेटमा नभएका शीर्षकमा कार्यक्रम स्वीकृति र खर्च, आर्थिक सहायता वितरण, विदेश भ्रमण स्वीकृति र स्वार्थ समूहलाई पोस्ने प्रकृतिका छन् । "भित्र डेढ सय निर्णय गरेर बाहिर सातवटा सार्वजनिक गरिएका छन् । खासै विरोध नहुने खालका निर्णय सुनाएर सीमित व्यक्तिका स्वार्थ पूरा गर्ने र नीतिगत भ्रष्टाचार ठहरिने प्रकृतिका निर्णय ढाकछोप गरिएका छन्," प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका एक सचिव भन्छन्, "यो हदसम्मको अराजकता, अपारदर्शिता र जवाफदेहीविहीनता कहिल्यै देखिएको थिएन ।"

सामान्यतः मन्त्रिपरिषद् बैठक सम्पन्न भएलगत्तै सरकारका प्रवक्ताले प्रेस ब्रिफिङ गरी निर्णय सार्वजनिक गर्ने चलन छ । ०७२ सम्म नेपाल सरकार कार्य विभाजन नियमावलीमा मन्त्रिपरिषद्को निर्णय भएको २४ घन्टापछि सार्वजनिक गर्नुपर्ने व्यवस्था थियो । १४ पुस ०७२ मा नयाँ नियमावली आएपछि २४ घन्टाको त्यो सीमा पनि हटाइयो । र, बैठकलगत्तै निर्णय सार्वजनिक गर्ने प्रचलनलाई कानुनी मान्यता प्रदान गरियो । मन्त्रिपरिषद्का निर्णय मुख्यसचिवले प्रमाणित गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको वेबसाइटमा सार्वजनिक गर्ने चलनसमेत लोकदर्शन रेग्मी मुख्यसचिव भएर आएपछि खण्डित भएको छ ।

मंसिर अन्तिम सातायताका सम्पूर्ण निर्णय कतै सार्वजनिक गरिएका छैनन् । मंसिरसम्मका निर्णय पनि ढिलो गरी अर्थात् पुस मसान्ततिर वेबसाइटमा राखिएका हुन् । पछिल्लो डेढ महिनायता गरिएका निर्णयको विवरण माग गर्दा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सूचना अधिकारी चिरञ्जीवी पौडेल सहजै पन्छिन्छन् । भन्छन्, "वेबसाइटमा जेजति अद्यावधिक गरिएको छ, त्यही जानकारी मैले दिन सक्छु । त्योभन्दा बढी जानकारी हाम्रो पहुँचमा हुँदैन ।"

संविधान र कानुन अनुसार चल्ने हो भने राष्ट्रिय सुरक्षा र विदेश सम्बन्धमा असर पुऱ्याउनेबाहेकका मन्त्रिपरिषद्का निर्णय तत्कालै सार्वजनिक गर्नुपर्छ । संविधानको धारा २७ ले प्रत्येक नागरिकलाई सार्वजनिक सरोकारका विषयमा सहज रूपमा जानकारी लिने हक सुनिश्चित गरेको छ र सुशासन ऐनले पनि सरकारका हरेक निकायका काम-कारबाही पारदर्शी हुने निश्चित गरेको छ । सुशासन ऐन, २०६४ को दफा ६ (ङ) मा सरकारका कार्य सञ्चालनका प्रमुख आधार पारदर्शिता, वस्तुनिष्ठता, जवाफदेहिता तथा इमानदारी हुने उल्लेख गरिएको छ । सूचनाको हकसम्बन्धी ऐनले जनताको सुसूचित हुने अधिकारलाई थप व्यवस्थित र सुनिश्चित गरेको छ । उक्त ऐन कार्यान्वयनको अनुगमन गर्ने निकाय राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त एवं प्रधानमन्त्री एवं मन्त्रिपरिषद् कार्यालयका पूर्वसचिव कृष्णहरि बाँस्कोटा भन्छन्, "मन्त्रिपरिषद्का निर्णय गोप्य राख्नुपर्ने विषय होइन । सर्वसाधारणको पहुँचमै हुनुपर्छ । यसको सार्वजनिकीकरणको जिम्मेवारी मुख्यसचिवको हो ।"

मन्त्रिपरिषद्का बैठक सोमबार र बुधबार गरी सातामा दुईपटक बस्ने नियमित कार्यतालिका प्रचलनमा छ । पछिल्लोपल्ट भने दिनदिनै बैठक बसेर पनि दूरगामी महत्त्वका र राज्यकोषमा भार पार्ने प्रकृतिका निर्णय गरिएका छन् । पछिल्ला केही महिनायता गरिएका निर्णयमा मुख्यसचिव रेग्मीबाहेक प्रधानमन्त्री कार्यालयका अन्य कर्मचारीको पहुँच छैन । "मुख्यसचिवले प्रमाणित गरिसकेपछि जहाँजहाँ पठाउनुपर्ने हो, त्यहाँ निर्णय पुग्छन् । तर, सार्वजनिक जानकारीमा ल्याउन उनी पनि तयार छैनन्," प्रधानमन्त्री कार्यालयका एक अधिकारीको अनुभव छ, "सायद उनी पनि दबाबमा छन् ।"

ठाडो शैली

शेरबहादुर देउवा नेतृत्वको सरकारले मन्त्रिपरिषद् बैठक सञ्चालन र निर्णय गर्दा स्थापित विधि र प्रक्रियासमेत अनुसरण गरेको पाइँदैन । प्रधानमन्त्री र मन्त्रीहरूले बैठकमा ठाडो प्रस्ताव ल्याउँछन् र मुख्यसचिवलाई निर्णय टिपाउँछन् । अझ बैठकसमेत मन्त्रिपरिषद् कार्यालयमा होइन,

लुट



कानुन मिचेर मनपरी

कामचलाउ हैसियतको सरकारले दूरगामी प्रभाव देखिने निर्णयहरू शृंखलाबद्ध तवरमा गरिरहेको छ, जसले मुलुकको ढुकुटीमा दीर्घकालसम्म धक्का दिइरहनेछ । राज्यकोषले धान्न सक्ने/नसक्ने निर्क्योल नगरी जथाभावी बजेट बाँड्ने निर्णयदेखि संघीयता कार्यान्वयनमै बाधा उत्पन्न गर्ने गरी सार्वजनिक प्रशासन उथलपुथल पार्ने, सुरक्षा निकायको उच्च तहको दरबन्दी थप्ने, विभिन्न संस्थान, समितिहरूमा राजनीतिक नियुक्ति गर्नेसम्मका काम गरिरहेको छ, शेरबहादुर देउवा सरकारले ।

१० माघको मन्त्रिपरिषद् बैठकले ज्येष्ठ नागरिक भत्ता प्राप्त गर्ने उमेर ७० बाट ६५ वर्षमा झार्‍यो । जबकि, नेपालीको औसत आयु बढिरहेको तथ्यांकले नै पुष्टि गर्छन् । *ब्रिटिस मेडिकल जर्नल*का अनुसार सन् १९५४ नेपाली महिला र पुरूषको औसत आयु क्रमशः २७ र २८ वर्ष थियो भने सन् २०१५ मा औसत आयु करिब साढे दुई गुणा अर्थात् ६९ र ७२ वर्ष पुगेको छ । तर, विडम्बना, सरकारले भने त्यसभन्दा पनि कम उमेरमा ज्येष्ठ नागरिक भत्ता पाउने उमेर तोकिदिएको छ । बुढ्यौलीसँगै शारीरिक दुर्बलता बढ्ने र काम गर्न नसक्ने हुँदा लोक कल्याणकारी राज्यको अवधारणा अनुरूप संसारभर ज्येष्ठ नागरिकको जीवन सहज पार्न भत्ताको व्यवस्था गरिने चलन छ । तर, नेपालमा भने सस्तो लोकप्रियताको हतियार बन्दै आएको छ । र, राज्यको क्षमतालाई समेत विचार नगरी वितरणमुखी नीतिमा अस्वस्थ प्रतिस्पर्धा देखिएको छ ।

विगतमा वामपन्थी दलहरूले ल्याएको यस नीतिको विरोध गरेको कांग्रेस नेतृत्वको सरकारले यसपटक वामपन्थीलाई नै उछिनेर उमेरदार अवस्थामै यस्तो भत्ता दिने निर्णय गरेको हो । यो भत्ता पहिला ६० वर्षमा पाउँदै आएका कर्णाली क्षेत्र र दलित समुदायकाले भने अब ५५ वर्षमै पाउनेछन् । सामाजिक सुरक्षाका नाममा यसअघि नै वार्षिक ४० अर्ब रुपियाँ खर्च हुँदै आएकामा सरकारको पछिल्लो निर्णयसँगै राज्यकोषमा वार्षिक २५ अर्ब रुपियाँभन्दा बढी थप भार पर्नेछ । "सामाजिक सुरक्षा भत्ता दिनु राज्यको दायित्व हो," अर्थशास्त्री केशव आचार्य भन्छन्, "तर, राजनीतिक लाभ हेरी जथाभावी बाँड्दा अर्थतन्त्रको हालत के हुन्छ भन्ने सोच्नुपर्छ । ढुकुटीले धानेन भने राष्ट्र असफलताको

बालुवाटारस्थित प्रधानमन्त्रीको निवासमा बस्छ । "प्रधानमन्त्रीले जता बोलाउँछन्, फाइल बोकेर मुख्यसचिव रेग्मी उतै पुग्छन् । निर्णय टिप्छन् र प्रमाणीकरण गरिदिन्छन्," मन्त्रिपरिषद्कै एक सचिवको भनाइ छ, "अहिले सरकारका नाममा जे निर्णय हुन्छन्, ती सबै बालुवाटारबाट हुन्छन् । सिंहदरबार पूरै अँध्यारोमा छ ।"

सुशासन ऐन र स्थापित प्रचलन अनुसार मन्त्रिपरिषद् बैठकले निर्णय गर्ने हो भने सुरुमा सम्बन्धित मन्त्रालयले विस्तृत अध्ययन गरी प्रस्ताव तयार गर्नुपर्छ । प्रस्ताव तयार गर्दा नै त्यस निर्णयको नीतिगत तथा कानुनी आधार, राज्यकोषमा पर्ने भार र उपादेयतासमेतको विश्लेषण गरी मन्त्रालयका सचिवले मन्त्रिपरिषद् कार्यालयको बैठक शाखामा दर्ता गर्नुपर्छ । मुख्यसचिवले उक्त प्रस्तावको अंग पुगे-नपुगेको जाँच्छन् र नपुगेको भए पुर्‍याएर ल्याउन भन्दै फिर्ता पठाइदिन्छन् । सुशासन ऐन, २०६४ को दफा १० (ञ) मा मुख्यसचिवको भूमिकाबारे लेखिएको छ, 'नेपाल सरकारको निर्णयका लागि सचिवले पेस गरेको प्रस्तावमा आवश्यक कुराहरू पुगे-नपुगेको जाँची प्रस्तावलाई नेपाल सरकार (मन्त्रिपरिषद्) समक्ष पेस गर्ने र अंग नपुगेको पाइएमा सम्बन्धित सचिवकहाँ फिर्ता पठाउने वा पठाउन लगाउने ।'

लीलामणि पौड्याल मुख्यसचिव छँदा उनले कतिपय अवस्थामा प्रस्ताव तयार गर्ने सचिव वा सम्बन्धित अधिकारीलाई नै बोलाएर आवश्यक गृहकार्य गर्न लगाएका थिए । अंग पुर्‍याएर आएको प्रस्ताव दर्ता भएपछि मुख्यसचिवले उक्त प्रस्तावको महत्त्व र गाम्भीर्य हेरी मन्त्रिपरिषद् बैठकमा पेस गर्न तयारी अवस्थामा राख्नुपर्छ । बैठकमा पेस गर्नुअघि उनले विभिन्न मन्त्रालयबाट आएका प्रस्तावबारे प्रधानमन्त्रीलाई 'ब्रिफिङ' गर्नुपर्छ । किनभने, प्रधानमन्त्रीले अनुमति दिएका एजेन्डा मात्रै बैठकमा पेस गरिन्छन् । मन्त्रीहरूलाई बैठकको निम्ता पठाउँदा एजेन्डासमेत पठाइन्छ, ता कि मन्त्रीहरूले समेत प्रस्तावित एजेन्डामाथि गृहकार्य गरेर बैठकमा उपस्थिति जनाउन सकून् ।

बैठकमा प्रस्तुत एजेन्डामा मन्त्रिपरिषद्को छलफलपछि निर्णय पारित हुन्छन् । कतिपय विस्तृत छलफल गर्नुपर्ने भए मन्त्रिपरिषद्कै विषयगत समितिमा पठाइन्छन् । प्रधानमन्त्रीय प्रणालीमा मन्त्रिपरिषद्मा अल्पमत-बहुमत भने हुँदैन । विवाद भए प्रधानमन्त्रीको निर्णय नै मन्त्रिपरिषद्को निर्णय मानिन्छ र मन्त्रिपरिषद्का निर्णयका लागि जवाफदेही पनि प्रधानमन्त्री नै हुन्छन् । मन्त्रिपरिषद् सचिवका रूपमा मुख्यसचिवले निर्णय प्रमाणित गरी सम्बन्धित मन्त्रालयमा पठाइदिन्छन् ।

चुनावी सरकारका गलत नजिर

गत १४ भदौमा प्रदेश तथा प्रतिनिधिसभाको निर्वाचन घोषणा गरेसँगै देउवा नेतृत्वको सरकार कामचलाउ एवं चुनावी सरकारको हैसियतमा परिणत भएको थियो । र, आचारसंहितामा बाँधिएको थियो । निर्वाचन सहजीकरण, सुरक्षा र दैनिक प्रशासन सञ्चालन गर्नु मात्र उसको दायित्व थियो । यसबाहेक दीर्घकालीन प्रकृतिका नीतिगत निर्णय, आर्थिक सहायता वितरण, नियुक्ति, सरुवा, बढुवाजस्ता निर्वाचनमा जनमत प्रभावित हुने गतिविधि गर्न पाइँदैन । तर, उसले चुनावी सरकारको सीमासमेत कुल्चेर निर्वाचन आचारसंहिताकै धज्जी उडायो र पटक-पटक गलत नजिर स्थापित गर्‍यो (हेर्नूस्, *कामचलाउ एक्सप्रेस, २४ मंसिर*) ।

निर्वाचन आयोगको अभिलेख अनुसार आचारसंहिता आकर्षित हुने गरी देउवा सरकारले १४ भदौदेखि ११ मंसिरसम्म ५३ वटा राजनीतिक



पथमा जानेछ।"

११ माघमा अर्को यस्तै निर्णय भयो, अन्तर्राष्ट्रिय पदक प्राप्त खेलाडीलाई मासिक पाँच हजार भत्ता दिने। यसअघि सरकारले १३ पुसमा दुवै मिर्गौला फेल भएका, क्यान्सर र स्पाइनल इन्जुरीका बिरामीलाई मासिक पाँच हजार रुपियाँ निर्वाह भत्ता दिने निर्णय गरेको थियो। यस्ता रोगीका लागि वार्षिक दुई अर्ब रुपियाँ चाहिने अनुमान छ।

३० पुसमा सशस्त्र प्रहरी बलमा प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी)का पाँच, नेपाल प्रहरीका नायब महानिरीक्षक (डीआईजी)मा सात र राष्ट्रिय अनुसन्धान विभागको अतिरिक्त निर्देशक (एआईजी)को एउटा दरबन्दी थप्यो, सरकारले। पदावधिका कारण अवकाश पाउनै लागेका पाँच जनाको जागिर टिकाउन सरकारले सशस्त्र प्रहरीमा दरबन्दी सिर्जना गरेको हो। पदावधिका कारण अहिले बढुवामा पर्ने सशस्त्रका अधिकारीहरू जानकीराज भट्टराई, सुबोधकुमार अधिकारी, निराकरविक्रम शाह, खडानन्द चौधरी र राजेश श्रेष्ठले आउँदो चैतमा अवकाश पाउँदै थिए। स्मरणीय रहोस्, सशस्त्रको थपिएको दरबन्दी बढुवामा पर्ने पाँच जना रहुन्जेल मात्रै कायम रहनेछ र त्यसपछि स्वतः खारेज हुनेछ।

त्यस्तै नेपाल प्रहरीमा संघीय संरचनामा जाँदा डीआईजी आवश्यक पर्ने भन्दै दरबन्दी थपिएको हो। यही सरकारले संघीय संरचनाकै लागि प्रहरीको एआईजी संख्या दुईपटक थपेर १२ बाट १६ पुर्‍याएको छ।

सरकारले खुला प्रतिस्पर्धाबाट पूर्ति गरिनुपर्ने पदमा समेत कानुन मिचेरै धमाधम राजनीतिक नियुक्ति गरेको छ। खानेपानी संस्थान, स्वास्थ्य बिमा बोर्ड, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, चलचित्र विकास बोर्ड, गुठी संस्थान, घरेलु तथा साना उद्योग विकास समिति, गोरखापत्र संस्थान, *रेडियो नेपाल*, न्यूनतम पारिश्रमिक निर्धारण समिति, राष्ट्रिय समाचार समिति र *नेपाल टेलिभिजन*मा पनि सरकारले नेताका आर्थिक र राजनीतिक सम्बन्ध भएका व्यक्तिहरूलाई भर्ती गरेको छ।

नेपाल दूरसञ्चार प्राधिकरण, नेपाल पर्यटन बोर्ड, बौद्धनाथ विकास समिति, लुम्बिनी विकास कोष, तारा गाउँ विकास समिति, बृहत्तर जनकपुर विकास परिषद्, देवघाट विकास समिति र पर्वतीय प्रशिक्षण प्रतिष्ठान प्रमुखमा मापदण्ड मिचेर निश्चित व्यक्तिलाई जागिरको व्यवस्था गरिएको छ।

२७ कात्तिकमा सरकारले वैदेशिक सम्बन्ध नै प्रभावित हुने गरी चिनियाँ कम्पनी गेजुवा कन्स्ट्रक्सनलाई बूढीगण्डकी जलविद्युत् आयोजना निर्माणको जिम्मेवारीबाट हटाइदिएको थियो।

सुशासन ऐनले हरेक सरकारी निर्णय आमनागरिकको पहुँचभित्र हुनुपर्ने, निर्णयको आधार र कारण खुलाउनुपर्ने, निर्णय गर्नुअघि सरोकारवाला पक्षसँग छलफल गर्नुपर्ने र यो प्रक्रिया पारदर्शी एवं स्पष्ट मापदण्डमा आधारित हुनुपर्ने बाध्यकारी व्यवस्था गरेको छ। तर, देउवा सरकारको शैली हेर्ने हो भने यो कहींकतै मेल खाँदैन। प्रधानमन्त्री र मन्त्रीहरूले ठाडो प्रस्तावको रूपमा मन्त्रिपरिषद्मै एजेन्डा राख्छन्। त्यहीं प्रधानमन्त्रीले सहमति जनाउँछन्। निर्णयका रूपमा मुख्यसचिवले टिप्छन् र सम्बन्धित मन्त्रालयमा पठाइदिन्छन्। "न पर्याप्त गृहकार्य हुन्छ, न त पारदर्शी प्रक्रिया नै," लामो समय बैठक शाखामा रहेर काम गरेका नेपाल सरकारका एक सचिव भन्छन्, "अपारदर्शी र अपरिपक्व प्रक्रियाबाट गरिने कार्यले नतिजा त राम्रो दिँदैन नै, निर्णय गर्ने पदाधिकारीको नियतमा समेत शंका उब्जाउँछ।"

विभागीय मन्त्रीले सके आफ्ना सचिव र सहसचिवहरूलाई दबाब र प्रभावमा पारी यस्ता निर्णय लागू गराउँछन्, नसके कर्मचारीलाई नै सरुवा गरिदिन्छन्। मन्त्रीका स्वार्थ र दबाबमा पाँच महिनामा ६ पटक सचिव सरुवाको निर्णय मन्त्रिपरिषद्बाट गरिनु यसैको उदाहरण हो। पछिल्लोपल्ट ११ माघमा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट पर्यटन मन्त्रालयमा गएका कृष्ण देवकोटाको मात्रै यो चौथो सरुवा हो। भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा छँदा उनले अनियन्त्रित जग्गा प्लटिङ रोक्ने नीति ल्याएका थिए र त्यसलाई निष्प्रभावी बनाउन मन्त्री गोपाल दहितले उनको सरुवा गराएका थिए। त्यसपछि उनी आपूर्ति मन्त्रालय हुँदै सार्वजनिक खरिद अनुगमन कार्यालय खेदिएका थिए।

नियुक्ति, ९० वटा करार नियुक्ति १ सय १२ वटा सरुवा, २ सय ५२ काज, ३१ वटा बढुवासम्बन्धी, एक सयवटा नीति, नियम र बजेट संशोधनका निर्णय, १० वटा आर्थिक सहायता वितरणसम्बन्धी निर्णय, ९ सय ८८ वटा विदेश भ्रमणका र ९७ वटा स्वदेश भ्रमणका कार्यक्रम स्वीकृत गरेको छ। सरकारी पदमा रहेका राजनीतिक नेताहरूले २६ पटक हेलिकप्टर प्रयोग गरेका छन्।

बजेटमा स्वेच्छाचारिता

संसद्बाट स्वीकृत चालू आर्थिक वर्षको बजेटमै नभएका शीर्षकमा आर्थिक सहायतादेखि विविध स्वरूपका सामाजिक सुरक्षा भत्ता वितरण गर्ने, नयाँ जनादेशबाट आउने सरकारका हात बाँध्ने गरी दीर्घकालीन नीतिगत निर्णय गर्ने, अर्थतन्त्रलाई नै दुर्घटनासम्म पुर्‍याउन सक्ने गरी कर्मचारीलाई स्वैच्छिक अवकाशका योजना ल्याउनेजस्ता कार्यले संसद्कै औचित्यमाथि प्रश्न उठाइदिएका छन्। राज्यको ढुकुटी चलाउन संसदीय अनुमति नै नचाहिने नजिर स्थापित गरेर देउवा सरकारले जनताप्रति जवाफदेही र जिम्मेवार राज्यको अवधारणाकै उछितो काढिदिएका छन्।

राज्यको ढुकुटीबाट एक रुपियाँ खर्च गर्न पनि संसद्को अनुमति लिनुपर्छ। संसद्बाट स्वीकृत बजेटको सीमा र शीर्षकमा कुनै पनि सरकारले मनपरी हेरफेर गर्न मिल्दैन। तर, यो सरकारले निर्वाचन घोषणा गरिसकेपछि नै अचाक्ली रकमान्तर गरेको छ। भदौदेखि मंसिरसम्म गरी चार महिनामा २५ अर्ब ५ करोड ४७ लाख रुपियाँबराबरको बजेट संसद्ले स्वीकृत गरेभन्दा फरक शीर्षकमा खर्च गरिएको छ। मासिक औसत ६ अर्बभन्दा बढी रुपियाँ रकमान्तर गरी आफूखुसी खर्च गरेको यस तथ्यांकले देखाउँछ।

गएको चुनावमा जनमत अर्कै शक्तितिर

अराजकताको शृंखला

■ गणेशदत्त भट्ट

सरकार/राज्य पारदर्शी हुनु भनेको जनताप्रति जवाफदेही र जिम्मेवार हुनु हो । लोकतान्त्रिक सरकारका आधारभूत गुण पनि यिनै हुन् । सर्वप्रथम सरकारले निर्णय गर्दा आफ्नो क्षमता र हैसियत हेर्नुपर्छ । चुनाव घोषणा भएलगत्तै यो सरकार कामचलाउ भएकाले भोलिका दिनमा नयाँ जनादेशबाट आउने सरकारलाई कुनै अप्ठ्यारो पार्ने नियतबाट काम गर्नुहुँदैन । सहज वातावरणमा नयाँ सरकारलाई स्वागत गर्न सक्नुपर्छ। गलत नियत राखेर काम गर्दा सहज वातावरण बन्दैन ।

भोलिको सरकारले स्वामित्व लिएन भने यो सरकारले घोषणा गरेका कार्यक्रम लागू हुँदैनन् । तसर्थ, यो जनतालाई छल्ने काम हो । साथै, यो तहमा गरिने निर्णय भनेको परिपक्व र दिगो हुनुपर्छ । राज्यको साधन र स्रोतले धान्न सक्ने हुनुपर्छ, न कि लोकप्रियतामुखी र आफन्तमुखी । कुनै निर्णय गर्नुअघि त्यसले आमजनताको हित गर्छ कि गर्दैन भन्ने हेरिनुपर्छ । आफ्नो स्वार्थमा मात्र काम गर्नेलाई लोकतान्त्रिक सरकार भन्न सकिँदैन ।

केन्द्रको सरकार मुलुकको सर्वोच्च कार्यकारी हो । यसले अन्य तहका सरकार र निकायलाई अर्ती-उपदेश गर्न सक्छ । तसर्थ, यसका क्रियाकलाप पारदर्शी हुनुपर्छ । यही निकाय जनताप्रति जवाफदेही र पारदर्शी भएन भने अरूलाई कसरी निर्देशित गर्न सक्छ ? अन्य निकायले के सिक्छन् ? मुलुकको प्रधानमन्त्री र मन्त्रिपरिषद्बाटै हचुवाको भरमा, जनता र प्रणालीलाई गुमराहमा राखेर निर्णय हुन्छन् भने बाँकी निकायलाई हामी कसरी जिम्मेवार बनाउन सक्छौँ ?

नयाँ संविधान कार्यान्वयनको पहिलो चरणमा छौँ हामी । तसर्थ, यतिखेर केन्द्रले गरेका कार्य स्थानीय र प्रदेश तहले अनुकरण गर्नेछन् । अर्थात्, केन्द्रका कार्य र व्यवहार अरूका लागि पनि नजिर बन्नेछन् । आगामी सरकारकै निम्ति पनि यो सरकारले कस्तो व्यवहार र मूल्य स्थापित गरेर जान्छ भन्ने पक्ष अर्थपूर्ण हुन्छ। आज स्वेच्छाचारी निर्णय गर्नेसँग भोलि योभन्दा गलत काम भएमा पनि विरोध गर्ने नैतिक बल हुने छैन ।

आर्थिक अराजकताको शृंखला जुन तरिकाले मच्चाइएको छ, त्यो संसदीय लोकतन्त्रका निम्ति अर्को गलत नजिर हो । किनभने, नयाँ नीति, कार्यक्रम र बजेट अर्को सरकारले मात्रै ल्याउन सक्छ । र, उसले पनि संसदीय अनुमोदनपछि मात्र नयाँ शीर्षकमा बजेट खर्च गर्न पाउँछ । जाँदाजाँदै यो सरकारले जसरी धमाधम राजनीतिक नियुक्ति दिँदैछ, त्यो उसको अख्तियारीभित्रको कुरा त होइन नै, साथै नियुक्ति पाउनेप्रतिको पनि छल हो । यसले समाजमा तिक्तता बढाउँछ, हार्दिकता र एकताको संस्कृति खलबल्याउँछ ।

सरकारमा बसेको जोसुकै होस्, जिम्मेवार र पारदर्शी हुनुपर्छ भन्नुको अर्थ उसका व्यवहार शासन व्यवस्थालाई संस्थागत गर्ने प्रकृतिको हुनुपर्छ भन्ने हो । राज्यका निकायमा योग्यतमलाई भर्ना गर्नुपर्नेमा आफ्नालाई मात्र भर्ने नियत देखियो । यसले मुलुक सबैको हो भन्ने मान्यतालाई खण्डित बनाउँछ । इमानदार र योग्य चालकले मात्र प्रणालीको सही ढंगले सञ्चालन गर्न सक्छन् । बेइमान र योग्यताहीनलाई अगाडि राखेर कसरी प्रणाली अगाडि बढ्छ ?

यो सरकारले अहिले जे गरिरहेको छ, त्यो राष्ट्रको आवश्यकता हो कि होइन भनेरसमेत हेरिनुपर्छ । अर्थात्, कुनै निहित स्वार्थ वा निर्देशित वातावरणमा पो यो भइरहेको छ कि ? यो सबै परिदृश्यले भन्छ, मुलुकप्रति गम्भीर खेलवाड हुँदैछ । राजनीतिक, आर्थिक र संस्थागत अराजकतातिर अभिमुख हुँदैछौँ । संरचना र व्यवस्था नै ध्वस्त पार्न खोजिँदैछ । हामीकहाँ संस्था चलाउने गतिला मान्छे त भएनन् नै, अब संस्था नै कमजोर बनाउनतिर उद्यत भएका छौँ । संस्था र तिनका चालक दुवै कमजोर भएपछि परिणामतः प्रणाली धराशयी हुनेछ ।

ढल्किएपछि बजेटमा जथाभावी गर्न कर्मचारी प्रशासन अनुकूल हुन छाड्यो । त्यसपछि सरकार प्रशासनमाथि नै हात हाल्न पुग्यो । त्यसैको एउटा दृष्टान्त हो, अर्थ मन्त्रालयको बजेट महाशाखाका प्रमुख परिवर्तन । बजेट महाशाखा प्रमुख केवल भण्डारीलाई अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखामा सरुवा गरी त्यस ठाउँमा निर्मलहरि अधिकारीलाई ल्याइयो ।

पुस महिनाको रकमान्तर विवरण अझ अत्यासलाग्दो रहेको स्रोतको भनाइ छ । यद्यपि, अर्थ मन्त्रालयका प्रवक्ता अर्जुनप्रसाद पोखरेल यो विवरण बजेट महाशाखामा रहेको बताउँछन् भने बजेट प्रमुख अधिकारी आफ्नै मातहतको विवरणप्रति अनभिज्ञता दर्शाउँछन् । भन्छन्, "म यस महाशाखामा नयाँ भएकाले यो विषयमा पूरै अनभिज्ञ छु । मेरा अन्य अधिकृतहरूलाई पनि पूरा विवरण थाहा हुँदैन, सिस्टम नै त्यस्तो छ ।"

कामचलाउ, त्यसमाथि बहिष्कृत

प्रदेश तथा प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भई नयाँ जनादेश आएको दुई महिना पुगिसक्दा पनि कामचलाउ सरकारका प्रधानमन्त्री देउवाको अध्यक्षतामा मन्त्रिपरिषद् बैठक धमाधम बसिरहेको छ र भर्खर चुनाव जितेर आएको सरकारको झल्को दिने गरी आफ्नो घोषणापत्र कार्यान्वयन थालेजस्तो गरी दीर्घकालीन महत्त्वका नीतिगत निर्णय पनि भटाभट गर्दैछ । एकातिर निर्वाचन घोषणालगत्तै यो कामचलाउ हैसियतमा परिणत भएको, अर्कोतिर नयाँ जनादेशसमेत यस सरकारको खिलाफमा आएको छ । अझ, यो सरकारमा सामेल दल र अधिकांश मन्त्रीहरूले निर्वाचनमा पराजय बेहोरेका छन् । प्रधानमन्त्री देउवा प्रतिनिधिसभा सदस्य निर्वाचित भए पनि उनी नेतृत्वको दल पराजित भएको छ । त्यसमाथि सत्ता गठबन्धनको प्रमुख साझेदार माओवादी केन्द्र अलग भइसकेको छ । यी सबै कोणबाट देउवा सरकारको राजनीतिक वैधता क्षीण भइसकेको छ ।

राजनीतिज्ञ नीलाम्बर आचार्यका भनाइमा प्रतिनिधिसभा विघटन भएको दिनबाट यो सरकारको संसदीय शक्ति समाप्त भयो । संसद्को बहुमत छउन्जेल सरकार बन्ने, टिक्ने र चल्ने हो । मुलुक सरकारविहीन हुन सक्दैन भन्ने आधारमा मात्र यो सरकार रहिरहेको हो । दैनिक प्रशासन चलाउने, भइपरी आउने काम गर्ने र सत्ता हस्तान्तरणका अप्ठ्यारा फुकाउने मात्र यसका दायित्व हुन् । आचार्य भन्छन्, "जुन दिन संसद् विघटन भयो, त्यही दिनबाट यो सरकारले निर्णय गर्ने क्षमता गुमाइसकेको छ । दैनिक प्रशासनका अप्ठ्यारा फुकाउनेबाहेक चाहे राम्रा हुन् वा नराम्रा, कुनै पनि निर्णय यसले गर्न पाउँदैन । यो संसदीय लोकतन्त्रको मान्यता हो ।" ◆

सदा सुरक्षित

आफ्नै क्लिङ्करद्वारा उत्पादित

एडभान्स सिमेन्ट

ADVANCE GROUP

अरनिको सिमेन्ट ईन्डष्ट्रिज
अरनिको आँबुखैरेनी सिमेन्ट ईन्डष्ट्रिज
रोल्पा सिमेन्ट प्रा. लि.

प्रविधिमा छलाङ

आधुनिक उपकरण प्रयोग हुन थालेपछि लागत कटौती र उत्पादन गुणस्तरीय

विराटनगरस्थित एक उद्योगमा जडान गरिएको अत्याधुनिक उपकरण

माधव घिमिरे र **विनोद भण्डारी**/विराटनगर

रिजालको पोलिट्यांक प्रालिले अत्याधुनिक ब्लोइन मेसिनबाट ट्यांकी उत्पादन गर्न थालेपछि प्राप्त परिणामले प्रबन्ध निर्देशक नवीन रिजाल दंग मात्र परेनन्, थोरै मानव संशाधनबाट धेरै उत्पादन गर्न सकिएको र उत्पादित वस्तु अन्तर्राष्ट्रिय गुणस्तरको भएकाले उनी उत्साहित पनि भए । पुरानो रोटो मोलडिन प्रविधिबाट ट्यांकी उत्पादन गर्दा गुणस्तर उति राम्रो हुन नसकेकामा चिन्तित रहेका उद्योगमा नयाँ प्रविधि भित्रिएपछि रिजाल आफ्नो उत्पादनको गुणस्तरबाट मक्ख छन् ।

रिजाल मात्र होइन, औद्योगिक नगरी विराटनगरका उद्योगीहरू पुरानो प्रविधि प्रतिस्थापन गर्दै धमाधम नयाँ प्रविधि भित्र्याइरहेका छन् । जस्तो कि, करिब ४० करोड रुपियाँ लागतमा सञ्चालित गुडलाइफ टेट्रा प्याक जुस उद्योगलाई नै लिन सकिन्छ । यति ठूलो उद्योगमा जम्मा १० जनाको जनशक्ति छ । उनीहरूको काम उत्पादित वस्तु लोड अनलोड गर्ने मात्र हो । उद्योगका प्रबन्ध निर्देशन महेश जाजुका अनुसार उद्योगमा कम्प्युटरकृत अत्याधुनिक प्रविधि प्रयोग गर्दा जनशक्ति स्वात्तै घटेको हो । "पहिला सय जना थिए । अत्याधुनिक प्रविधिबाट उत्पादन सुरु भएपछि ९० प्रतिशत जनशक्ति कटौती भयो," जाजु भन्छन्, "यसले उत्पादन लागत घटेर गुणस्तरीय उत्पादनमा पनि सहयोग गर्‍यो ।"

अत्याधुनिक प्रविधिबाट उत्पादन गर्दा सुरुमा लगानी बढी पर्ने भए पनि त्यसले लामो समयसम्म फाइदा दिने उनको भनाइ छ । "उत्पादन लागतमा ५० प्रतिशत बचत हुने र उत्पादित वस्तुको गुणस्तर पनि अन्तर्राष्ट्रिय बजारको हाराहारी हुन्छ," जाजु भन्छन्, "बिस्कुट र चाउचाउ उद्योगमा पनि अत्याधुनिक प्रविधि प्रयोग गरी उत्पादन गर्दा लागत निकै घटेको छ ।"

अहिलेको समय नै प्रविधिमैत्री भएकाले नयाँ प्रविधिमा नगए कुनै पनि उद्योग सफल हुने स्थिति नरहेको उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य अविनाश बोहोराको अनुभव छ । एभरेस्ट सोलमेन्ट, रिफाइन र चामल उद्योगमा यो प्रविधि भित्र्याएका बोहोराका अनुसार अन्तर्राष्ट्रिय बजारको मापदण्ड अनुसारको वस्तु उत्पादन गर्न, उत्पादन लागत घटाउन र गुणस्तरीय वस्तु उत्पादन गरी बाह्य बजारमा सहज रूपमा प्रतिस्पर्धा गर्न यहाँका अधिकांश उद्योगले अत्याधुनिक प्रविधिबाट उत्पादन सुरु गरेका हुन् ।

सुनसरी-मोरङ औद्योगिक क्षेत्रमा नयाँ स्थापना भइरहेका हरेकजसो उद्योगले पनि यही प्रविधि अपनाइरहेका छन् । मोरङ व्यापार संघका अध्यक्ष पवन सारडाका अनुसार पुराना उद्योगले पनि पुरानो प्रविधि छाडेर नयाँ प्रविधि अपनाउन थालेका छन् । "युवा विदेशिने क्रम बढेसँगै जनशक्तिको समस्या छ," सारडा भन्छन्, "उद्योगमा भएका जनशक्तिबाट पनि सस्तो लागतमा गुणस्तरीय वस्तु उत्पादन गर्न सम्भव छैन । कम लागतमा गुणस्तरीय वस्तु उत्पादन गर्न र अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न नयाँ प्रविधिमा जानुको विकल्प पनि छैन ।"

पछिल्लो समय सिमेन्ट, जस्तापाता, फलाम, प्लास्टिक तथा कृषिजन्य उद्योगहरूमा समेत नयाँ प्रविधियुक्त मेसिनरी जडान गरेर उत्पादन गर्न थालिएको छ । ऊर्जा समस्या कम भएसँगै नयाँ लगानी थपिने क्रम बढेको छ । भएका उद्योगबाट पनि उत्पादन परिणाम बढेको छ । यो वर्ष यहाँको औद्योगिक क्षेत्रमा सिमेन्ट, चाउचाउ, टायर, रड, चप्पल, प्लास्टिक, स्टिल, खाने तेल, ब्याट्री, पशुपक्षी दानाजस्ता उद्योगहरू थपिएका छन् । र, उनीहरूले पनि पुरानो प्रविधि छाडेर अत्याधुनिक प्रविधिमार्फत आफ्नो उत्पादनलाई गुणस्तरीय मात्र बनाएका छैनन्, अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्नलायक पनि बनाएका छन् । ♦

नेपाल
KMG
नेपाल
राष्ट्रिय साप्ताहिक
nepal.ekantipur.com
90,000+
fb.com/nepalmagazine
60,000 +
@nepalmagazine

कृष्णमान मानन्धर



सार्वजनिक नभएको त्यो सजाय

निरंकुश राणा शासन उन्मूलन गरी मुलुकमा प्रजातन्त्र ल्याउन आन्दोलन चर्काएबापत ७ माघ १९९७ मा चार वीर योद्धा शुक्रराज शास्त्री, दशरथ चन्द, गंगालाल श्रेष्ठ र धर्मभक्त माथेमालाई मृत्युदण्डको फैसला सुनाइयो। श्री ३ जुद्धशमशेर जबराबाट कमान्डर इन चिफ पद्‌मशमशेर र चार कमान्डिङ जनरल मोहनशमशेर, बबरशमशेर, बहादुरशमशेर, नरशमशेर र वडागुरुज्यूसमक्ष सिंहदरबार बैठकमा उक्त फैसला सुनाइएको थियो।

शोभा भगवतीको भचाखुसी र विष्णुमती नदीको दोभानमा गंगालाल र दशरथ चन्दलाई गोली प्रहार, धर्मभक्त र शुक्रराजलाई सिफल र टेकुमा फाँसी दिने फैसला भएलगत्तै मेरा पिता कम्पाउन्डर चन्द्रमान सैँजुलाई पकनाजोल सल्लाघारीमा झुन्ड्याएर मृत्युदण्ड दिने निर्णय भएको थियो। तर, उक्त निर्णय गोप्य राखिएको थियो।

श्री ३ जुद्धशमशेरले सोधेको प्रश्न बुबाले मलाई पनि सुनाएका थिए । जुद्धशमशेरको प्रश्न थियो, 'रक्तपात मण्डलीले रचेको षड्‌यन्त्रमा तैँले के जिम्मेवारी बोकेको थिइस् ?' बुबाको सीधा जवाफ थियो, 'नारायणहिटी दरबारमा आउने राणा निम्तालुहरूलाई पस्कने भोजमा विष मिलाउने जिम्मा मैले पाएको थिएँ।' साँचो कुरो बोलेबापत सैँजु मृत्युदण्डको सजायबाट त मुक्त भए तर सर्वस्वहरण र जन्मकैदको सजायचाहिँ भोगे।

नेपाल प्रजा परिषद् गठन हुनुअगावै विसं १९८८ मा मैनाबहादुर खत्रीको नेतृत्वमा प्रथम राजनीतिक दल प्रचण्ड गोर्खा खोलिएको थियो। खड्‌गमान सिंह नेतृत्वको यस दलको प्रमुख उद्देश्य राणा प्रधानमन्त्रीलाई मारेर प्रजातन्त्र स्थापना गर्नु थियो। तर, पोल खुल्न गएकाले अभियुक्तहरू पक्राउ परे। र, कारागारमा कडा यातनापश्चात् मारिए।

जनताको मौलिक अधिकारसहित राजाको संवैधानिक नायकत्वमा प्रजातान्त्रिक सरकार गठन गर्ने मूल उद्देश्य राखी नेपाल प्रजा परिषद् स्थापना भएको थियो, २० जेठ १९९३ मा। परिषद्‌का जुझारु नेता थिए- टंकप्रसाद आचार्य, रामहरि शर्मा, चूडाप्रसाद, धर्मभक्त माथेमा, जीवराज शर्मा, दशरथ चन्द, गंगालाल श्रेष्ठ, शुक्रराज शास्त्रीलगायत। कम्पाउन्डर चन्द्रमान सैँजु, सिद्धिचरण श्रेष्ठ, गोविन्दप्रसाद उपाध्याय, पुष्करनाथ उप्रेती, बलबहादुर पाण्डे, चित्रबहादुर केसी, हरिकृष्ण श्रेष्ठ, केदारमान व्यथित पनि परिषद्‌मा सक्रिय थिए। पूर्णबहादुर एमए, सूर्यबहादुर भारद्वाज, सुन्दरराज चालिसे, चन्द्रमान मास्के, गणेशमान सिंह, फणीन्द्रराज हमाल, पण्डित मुरलीधर र रामजी जोशी आदिको पनि सहभागिता थियो।

अत्याचारी राणा शासनविरुद्ध जागरण ल्याउन शुक्रराज शास्त्री र पण्डित मुरलीधरले कथा वाचनको माध्यम अपनाएका थिए। निरीह जनतामाथि राणा शासकले चलाइरहेको दमन र अत्याचारबारे सामग्री छापिएका भारतीय पत्रिका पटनाबाट *जनता*, इलाहबादबाट *चाँद*, कलकत्ताबाट *आडभान्स* काठमाडौँ ल्याइएका थिए। यी पत्रिका र पर्चाबाट राणाहरू भित्रैदेखि डगमगाएका थिए। दुर्भाग्य ! परिषद्‌का गतिविधिको पोल राणा सरकारमा रामजी जोशीले खोलिदिनासाथ धरपकड सुरु भयो। योजना तुहिन पुग्यो।

तत्कालीन अधिराजकुमार महेन्द्रलाई गद्दीसीन बनाई राजा त्रिभुवनलाई गोर्खा धपाउने योजना श्री ३ जुद्धशमशेरले रचेका थिए। यसका लागि राजा त्रिभुवनले प्रजा परिषद्‌सँग सम्बन्ध गाँसेको प्रमाणको खोजी भएको थियो। प्रमाण फुत्काउन चन्द्रमानलाई सिंहदरबारभित्र बाँसमा झुन्ड्याई दुई सय कोर्रा हान्दा पनि उनले मुख खोलेनन्। र, श्री ३ जुद्धशमशेरको योजना असफल हुन पुगेको थियो।

रिसले रन्थनिएर क्रूर राणा प्रधानमन्त्री जुद्धशमशेरले चार जना क्रान्तिकारीलाई मृत्युदण्ड दिने जिम्मेवारी हजुरिया जनरल नरशमशेरलाई सुम्पिए। बाँकी परिषद्‌का सदस्यहरूले आजन्म जेल सजाय पाए, जसमा कम्पाउण्डर चन्द्रमान सैँजु पनि थिए।

राणा घेराभित्र रहेका राजा त्रिभुवनले परिषद्‌ले चलाएको अभियानमा कसरी सहानुभूति र सहयोग जुटाउन सकिन्छ भन्ने विषयमा सरसल्लाह लिन कम्पाउन्डर चन्द्रमान सैँजुसँग सम्पर्क राखेका थिए। सैँजु त्रिभुवनका सहायक चिकित्सक पनि थिए।

परिषद्‌का सदस्यहरूमध्ये खास गरी धर्मभक्तले सैँजुसँग सम्पर्क राखी शोभा भगवती मन्दिर परिसरमा गोप्य वार्ता गरेका थिए। सैँजुले यस विषयमा राजा त्रिभुवनसँग विन्ती बिसाउने निधो गरे। तर, राजा त्रिभुवन मान्न तयार भएनन्। कैयन् दिनसम्म चन्द्रमानले राजा त्रिभुवनको मनस्थिति सावधानीपूर्वक नियालिरहे। प्रजा परिषद्‌प्रति ध्यानाकृष्ट गराउन सैँजुले पुनः विन्ती बिसाए। त्यसपछि राजाबाट सोधनी भयो, 'के प्रजा परिषद्‌का नेताहरूले राणाविरुद्धको अभियान सफल पार्न सक्लान् त ?' सैँजुको जवाफ थियो, 'परिषद्‌को गतिविधि र उद्देश्य मैले राम्ररी बुझेको छु। यसमा जस्तोसुकै चुनौतीपूर्ण काम गर्न तिनीहरू सक्षम छन्।'

ती नेताको अनुहार हेर्ने राजा त्रिभुवनको इच्छा भयो। र, चन्द्रमानले उनीहरूलाई लैनचौरमा जम्मा गराए। त्रिभुवनसँगको क्षणिक देखादेखपछि परिषद् सञ्चालन निम्ति चन्द्रमानमार्फत दरबारबाट आर्थिक अनुदान मिल्न थाल्यो। सोही अनुदानबाट पर्चा छपाउने र छर्ने काममा भयो। लिथो मेसिनबाट पर्चाहरू छपाउँदै जात्रा-पर्वमा जम्मा भएका जनताबीच लुक्दै छर्न थालियो। र, जसले राणा शासन समाप्त पार्ने पृष्ठभूमि तयार पारेको थियो।

चार वीर सहिदकै निडरता र त्यागका कारण मुलुकबाट १ सय ४ वर्षे जहाँनिया निरंकुश राणा शासन अन्त्य भएको र उनीहरूकै त्याग र बलिदानबाट प्रजातन्त्र प्राप्तिको मार्गप्रशस्त भएको त्यो गौरवपूर्ण इतिहास कसैले बिर्सन सक्दैन। ◆



कमाउने काइदा

साहित्यका लागि आफ्नै नाम, पैसाका लागि छद्म नाम

■ राजकुमार बानियाँ

अमेरिका भासिएकी साहित्यकार प्रेमा शाह, ७२, को निधन भयो ६ पुसमा । सँगसँगै खुल्यो- शारदा छद्म नाममा चार उपन्यास लेख्ने तिनै प्रेमा हुन् । यसरी उनको खातामा जोडिन आए- *एक धून बाँसुरीको, त्रिकोण, कृष्ण-पुष्प र धूलोको फूल । पहेँलो गुलाफ, विषयान्तर, मम्मी, आकाश विभाजित* छ आदि आख्यान साहित्यबाटै सग्लो परिचय बनाइसकेकी थिइन् उनले ।

आफ्नो छद्म नामबारे न उनले कहिल्यै स्वीकारिन्, न प्रकाशकले नै गोपनीयता भंग गर्न चाह्यो । "०४० तिर प्रेमा शाहको काठमाडौं बसाइ आर्थिक रूपमा अप्ठ्यारो थियो," रत्न पुस्तक भण्डारका गोविन्दप्रसाद श्रेष्ठ स्वीकार्छन्, "केही भरथेग होस् भनेर चल्तीका उपन्यास लेख्न लगाएका हौं ।"

केही वर्षपहिले 'बेस्ट सेलर' *ह्यारी पोर्टर* शृंखलाकी लेखिका जेके रोलिङका सम्बन्धमा त्यस्तै पोल खुलेको थियो । सन् २०१३ मा उनले रोबर्ट गेलब्रेथ पुरुष नाममा *द कक्कुज कलिङ* नामक अपराध उपन्यास लेखेको तथ्य खोलिदियो, बेलायती अखबार *सन्डे टाइम्सले* । रहस्यमय किन थियो भने *ह्यारी पोर्टर* र *द कक्कुज कलिङका* सम्पादक र एजेन्ट एकै थिए । लेखनशैली पनि मिल्दोजुल्दो । पछि रोलिङले भनिन्, 'म बजारको मानसिक दबाबबिना उपन्यास लेखनको शानदार अनुभव गर्न चाहन्थें । अर्को नाममा आएको आफ्नो उपन्यासबारे पाठक-प्रतिक्रिया जान्न चाहन्थें ।'

मूल लेखक नै विस्मृत हुने गरी छद्म नाममा लेख्ने चलन नयाँ होइन । राजनीतिक, आर्थिक, सामाजिक वा साहित्यिक कारणवश कतिपय लेखक आधिकारिक नाम पूर्णतः गोप्य राख्न चाहन्छन् । त्यसरी महिलाले पुरुषको नाममा, पुरुषले महिलाका नाममा प्रशस्तै लेखेका छन् । कतिपय लेखक छद्म नाममै प्रसिद्ध पनि भएका छन् । मूलतः नामका कारण लेखकलाई कुनै समस्या नपरोस् भन्ने ध्येय हुन्छ यसमा ।

विशेषगरी नयाँ लेखकलाई पाठकको स्वागत हम्मेसी मिल्दैन । उनीहरूलाई गम्भीरतापूर्वक नलिइएका थुप्रै उदाहरण छन् । कतिपयका लागि छद्मनाम वरदान पनि बनेका छन् । जासुसी उपन्यासमा यस्तो प्रचलन ज्यादा छ । खोजकार शिव रेग्मीका अनुसार नेपाली साहित्यमा छद्म नामको सुरुआत भने मृगेन्द्रशमशेर राणाले गरेको देखिन्छ । आफ्नो समयका प्रख्यात अंग्रेजीबाज मानिएका राणाले विसं ००५ मा रन्दगे रिमी (मृगेन्द्रको उल्टो शब्द)को छद्म नाममा *एक पापको कथा* उपन्यास लेखेका छन् । यद्यपि, त्यसलाई मौलिक साहित्य मानिएको छैन । कुनै अंग्रेजी उपन्यासको अनुवाद गरी पात्रहरूको नाम मात्र फेरेको आरोप छ उनलाई ।

मूल लेखकको नाम पनि दिइएको छैन उपन्यासमा । उनको उपन्यास जंगबहादुर राणाको शासनकालमा ब्रिटिस दूतावासमा चिकित्सकका रूपमा आएका ड्यान्यल राइटलाई चुनौती मान्छन्, इतिहासकार महेशराज पन्त । राइटले *हिस्ट्री अफ नेपालमा* लेखेछन्, 'गोरखालीहरू कसरी दिन काट्छन् तथा दिल बहलाउँछन् भन्ने मेरा लागि अझ रहस्यजस्तै छ । कबायद (कवाज) खेल्नुसिवाय तिनीहरूको कुनै काम छैन । तिनीहरू खेलकुद गर्दैनन् । तराईमा जाँदाबाहेक तिनीहरू सिकार खेल्दैनन् । घरमा बसी पढ्नका लागि तिनीहरूको कुनै वाङ्मय छैन । छोटकरीमा भन्ने हो भने तिनीहरूलाई दिन काट्न चाहिने केही कुरा पनि देखिँदैन । यस कारण तिनीहरू गफ छाँट्छन्, जुवा खेल्छन् र भोगविलासमा भुल्छन् ।'

पछि मृगेन्द्रशमशेर मात्र नभएर केशरशमशेर, अर्जुनशमशेर, ब्रह्मशमशेर पुष्करशमशेर, बालकृष्णशमशेर आदि थुप्रै रोलवाला र रोलबाहिरका राणाजी ग्रन्थकारका रूपमा आए । मृगेन्द्रशमशेरका लागि रन्दगे रिमी छद्म नाममा लेख्नु जरुरी थियो ? किनभने, उनी चन्द्रशमशेरदेखि मोहनशमशेरसम्मले पत्याएका व्यक्ति थिए । "डाइरेक्टर जनरलले हल्का होइन्छ भन्ने हिसाबमा छद्म नाम राखेका हुन सक्छन्," रेग्मी भन्छन्, "नाम, पैसा वा सुरक्षाको कारण होइन ।" बरू मौलिक कृति नभएका कारण नाम

लुकाएका हुन सक्छन् ।

छद्म नाममा हल्काफुल्का या सस्तामस्ता साहित्य लेख्ने प्रेमा शाह एक्ली छैनन् । वरिष्ठ भाषाशास्त्री एवं प्राध्यापक बालकृष्ण पोखरेलका आठवटासम्म छद्म नाम भेटिएका छन् । वसन्त, रूपावासी, वत्सल, ईसावापुर, लक्ष्मीविलास पाध्या, केकेमनुक्ष्यो पोखरेल, गढतिरे साहिँलो, हिमालपाने बराल आदि उनले खुलमखुला स्वीकारेका नाम हुन् । उनले भनेकै छन्, 'साहित्यिक कृतिबाट केही पाउन सकिनँ । मलाई पाल्ने वसन्त नै हो ।'

विराटनगर छाडेपछि पोखरेललाई त्रिभुवन विश्वविद्यालयको मास्टरीले जीविका चलाउन धौधौ परेको थियो । त्यसैले उनलाई रत्न पुस्तकले युधीर थापामार्का चल्तीका साहित्य लेख्ने प्रस्ताव गर्‍यो । "पाठकले युधीर थापाका उपन्यास दुई-चारबाहेक अरू दोहोर्‍याएर पढ्न छाडे । युधीर थापाको जस्तै धारमा अर्को सिरिज चलाउने हिसाबले पोखरेललाई तयार गरिएको थियो," श्रेष्ठ सम्झिन्छन्, "बूढाले वर्षमा धेरै लेखे दुईवटा लेख्लान् भनेको त एकैचोटि आठवटा पाण्डुलिपि बुझाए । एक रातमै एउटा लेख्न थालेपछि बाजे तपाईंको किताबले पुग्यो भनेर फर्काएँ ।"

श्रेष्ठका अनुसार रत्न पुस्तकमा पोखरेलले वसन्त छद्म नाममा बुझाएका ३२ मध्ये २७ वटा उपन्यास मात्रै छापियो । बाँकी पाण्डुलिपि च्यातेर फाले । यसमा पोखरेललाई पनि कुनै दुःखमनाउ थिएन । किनभने, उनले सबै उपन्यासको 'कपी राइट' बेचेका थिए । त्यति बेला कपी राइटमा कुनै मोलमोलाइ हुँदैनथ्यो । 'टोकन अफ लभ'का रूपमा स्थापित लेखकले पाँच सय रुपियाँ पाउँथे, नवोदितले तीन सय मात्र । पुरस्कारस्वरूप दिइन्थ्यो लेखकस्व । लिनेदिने दुवै कुरा गोप्य हुन्थ्यो । "म रत्न पुस्तकको लेटरप्याड दिएर भन्थेँ- ल गुरुजी, गुरुदक्षिणा टक्राऊँ ?" श्रेष्ठ थप्छन्, "लेखकले जति लेखे, मैले त्यति दिएँ । यति दिने, उति लिने भन्ने थिएन ।"

त्यति बेला उपन्यासको मूल्य एक-दुई रुपियाँ थियो । १० प्रतिशत रोयल्टी कुरेर को बस्ने ? रत्न पुस्तकले बीचैमा रोकिदिएपछि पोखरेलले युधीर थापाको ३४ उपन्यासको रेकर्ड भंग गर्न पाएनन् । युधीर थापाको अश्लील उपन्यास मानिने *लुकेको समाज*ले *मुनामदन*को एक लाखको बिक्रीलाई उछिनेको थियो ।

पोखरेलजस्तै छद्म नाममा लेख्ने अर्का लेखक हुन्, श्रीधर खनाल । उनले दीर्घबाहुका छद्म नाममा १३ वटा जासुसी उपन्यास लेखे । उनको पहिलो उपन्यास *शब्दभेदी लडाइँ* नयाँ नेपाल प्रकाशनले छापेको थियो, ०२२ मा । त्यसपछि उनले लेखे, *मृगतलास* । उनले छद्म नाम पनि जासुसी उपन्यासकै लागि 'क्वाइन' गरेका रहेछन् । दीर्घ भनेको लामो, बाहु भनेको हात अर्थात् अपराधी जतिसुकै टाढा भए पनि कानुनको लामो हातले समाउँछ ।

अंग्रेजीका जासुसी उपन्यास पढ्ने लत लागेका जमानाका पत्रकार खनालका *भेनसका हिप्पीहरू, नांगिएकी सुन्दरी, मेजरको सर्प, बिखालु इच्छापत्र* र *बाह्र बजेको घन्टी* रत्न पुस्तक (पहिलेको नाम चन्द्रप्रसाद एन्ड ब्रदर्स) ले छापेको हो । ०२५ मा उनले १० वटा जासुसी मौलिक उपन्यास लेख्ने सम्झौता गर्दा पेस्कीस्वरूप तीन हजार रुपियाँ लिएका रहेछन् । "नामका लागि लेखेँ भने छद्म नाम छ, पैसाका लागि भनुँ भने कपीराइट बेचेको हुँ," उनी भन्छन्, "प्रकाशकले लिएको भन्दा पनि मैले दिएको हुँ । प्रकाशकले त कति कमाए-कमाए, कति संस्करण छापे-छापे ।"

८७ वर्षीय यी पाका लेखकलाई अझै पनि खेद लाग्छ, आफ्नो अन्तिम उपन्यास *बज्रयोगिनीको खजाना* छाप्न नपाएकामा । "भारतमा दीर्घबाहु स्तरको जासुसी लेखक नभएको चर्चा हुन्थ्यो तर के गर्नु मेरो सबभन्दा उत्कृष्ट उपन्यास नै छापिएको छैन," उनी भन्छन्, "अहिले त जासुसी उपन्यास पनि छैनन्, लेखक पनि छैनन् ।" आफ्नो उपन्यास छापिए जासुसी उपन्यासको बजार ब्यूँतिने उनको दाबी छ ।

त्यो जमाना जासुसी उपन्यासकै थियो । *अन्तर्राष्ट्रिय चितुवा, सुलसुले पस्दा, नारायणगढ हत्याकाण्ड, शेष पर्व* आदि हातहातै सकिन्थे । फिल्म रिलिज भएजसरी आउँथे हिन्दी उपन्यास । आगामी उपन्यास भनेर बकाइदा लेखिन्थ्यो । छाया नाममा उपन्यास लेख्नेमा विजय चालिसे पनि पर्छन् । उनले बीके चालिसेका नाममा लेखेको जासुसी उपन्यास हो, *होटल राँकीमा हत्या* । उनले रत्न पुस्तकलाई चार सय रुपियाँमा कपीराइट बेचेका रहेछन् । तर, दस्तखत भेटियो बाबु रमेश विकलको । आफ्ना मित्र त्रिरत्न मानन्धरले पनि त्रिनामाको नाममा जासुसी उपन्यास लेखेको शिव रेग्मीको कथन छ ।

सहयोगी प्रकाशन, एजुकेसन इन्टरप्राइजेज, राष्ट्रिय प्रकाशन, भक्तबहादुर बुक सेलर, नयाँ नेपाली प्रकाशन, पुस्तक संसार, सगरमाथा प्रकाशन आदिले त्यस्ता उपन्यास प्रकाशन गर्थे । अहिले ती दिन इतिहास भइसकेका छन् । "अहिले लेखकका रूपमा हरिवंश आचार्य, मदनकृष्ण श्रेष्ठ, रुक्मांगद कटवाल, विनोद चौधरीहरू बिक्छन्," श्रेष्ठ प्रश्न गर्छन्, "त्यो व्यक्ति बिकेको कि कृति बिकेको हो ? कृति भए त अरूको पनि बिक्नुपर्ने होइन ?"

जीवन गुजारा या अतिरिक्त आयआर्जनका लागि उपन्यासै लेख्नुपर्दैन । आफ्नै नाममा लेख्नु पनि पर्दैन । त्यसैले त शंकर लामिछानेले जेके मिश्रका नामबाट लेखे, *विश्वका ६ महान् राजनीतिज्ञ* (०२५) । मधुवन पौडेलले एमपी पौडेलका नामबाट लेखे, *ब्रिटिसकालीन भारतको इतिहास* । लेखकहरू साहित्यिक गुणवत्ता नभएका बिकाउ साहित्यमा आफ्नो नाम राख्न चाहँदैनथे वा डराउँथे । जे जस्तो हुन्छ, सबै किताबमा आफ्नो नाम दिएर पाठकलाई विस्मित तुल्याइदिने लेखकभन्दा ती कति गम्भीर थिए, थिए ।

नेपाली पुस्तक बजारको त्यो पाटोलाई साहित्यको मर्यादा राख्ने काम नै मान्छन्, सांग्रिला बुक्सका मणि शर्मा । "बजारु पुस्तकमा छद्म नाम लेख्नुमा आफ्नो स्तर नगिरोस् भन्ने मनसाय नै देखिन्छ," शर्मा भन्छन्, "जति रद्दी साहित्य लेखे पनि गजक्क फुलेर बस्नुभन्दा छद्म नाममा लेख्नु धेरै हदसम्म ठीक हो ।" त्यसबाट साहित्यको उन्नति भयो या अवनति ? त्यो बहसको छुट्टै विषय हो । ♦

नचिनिएको नचन

मगर समुदायको लोपोन्मुख नृत्य जोगाउने प्रयास

प्रताप राना मगर/तनहुँ

'हो हारे हामु तारे खेलन या हरि प्रभुजीको शरणमा हो हामु तारे, खेलन आयो, अघिदेखि धर्ती माता।'

मगर समुदायको मौलिक सांस्कृतिक नाच हो, नचन। कृष्ण चरित्रमा आधारित कथा भन्दै गाएर नाचिने यो नाचमा पारंगत रहेकाहरू नै मगर बाहुल्य तनहुँका गाउँमै घटेका छन्। दुई दशकअघिसम्म यो नाचको प्रवाह निकै हुन्थ्यो। गाउन र नाच्न जान्ने पनि धेरै थिए। यतिबेला पुराना पुस्तामध्ये पनि एकदम थोरैले मात्र यो नाचबारे जान्दछन्। नयाँ पुस्तामा संस्कृति हस्तान्तरण ढिला भएपछि लोपोन्मुख नाच अबचाहिँ जोगाउने प्रयास सुरु भएको छ।

छिपछिपे, देवघाट, बैदी, कोटा, ऋषिङ, काहुँ शिवपुर, धेनुङ, मिछ्रुर्लुङ र आमडाँडालगायतका गाउँमा यो नाच जोगाउने चासो सुरु भएको हो। कुनै समय जिल्लामा मेला-पर्वमा यो नाचले राम्रो स्थान पाउँदै आएको थियो। गाउँका शुभ कार्य र चाडपर्वमा नचन नचाउने गरिन्थ्यो। १२ देखि ५० जनासम्मको समूहमा नाच्न मिल्ने यो नाचमा ५ देखि १० जनाले मादल बजाउँछन्।

गीत गाउने र मादल बजाउनेलाई गर्रा भनिन्छ। नानीको रूप धारण गरी नाच्नेलाई मारुनी र मारुनीको बीचमा नाच्ने पुरुषलाई बिझाघरे भनिन्छ। शिरमा डोरी फोदा, चोली मखमल, त्यसमाथि काँधमा सतान घलेक, जामा घाक्री, पाउमा पैजरीको वेशभूषामा सजिएर दुई जना पुरुषले महिलाको रूप धारण गरी नचन नाच नाच्छन्। दौरा-सुरुवाल इस्टकोट र शिरमा पगरीको भेषमा सजिएर बिझाघरे प्रस्तुत हुन्छ।

'हो हारे दिया लाछै दिओ क्यारे प्यालीलाई...
बिरानो देशैमा दियो बालै मन कसै बुझाउँला।'

यस्तो बोलमा गर्रा भाइले गीत गाउनासाथ मादलको तालमा मारुनी र बिझाघरे नाच्न थाल्छन्। बिझाघरेले मारुनीलाई इसारा गर्दै

तस्बिर : प्रताप राना मगर

मगर समुदायको नचन नाच

जिस्कँदै नाच्छ। मारुनी र बिझाघरे गीतको शब्द अनुसार आकर्षक हाउभाउमा नाच्दा सबैको ध्यान खिच्छन्। "गीतको शब्द र मादलको तालमा उफ्री-उफ्री मारुनीसँग नाच्दाको क्षण निकै आनन्द हुन्छ," भिमाद-५ मिछ्रुर्लुङका नचन नाचका गुरु मनिलाल थापा मगर भन्छन्, "यो नाचको रमाइलो पक्ष नै गीतको शब्द, लय, मादलको ताल र नाच हो।" नचन नाच नचाउने चलन घटेपछि उनी चिन्तित छन्। "नयाँ पुस्तालाई पुराना नाचमा चासो कम भयो, हामीले पनि उनीहरूलाई सिकाउनुपर्ने रहेछ भनेर ढिला बुझ्यौँ," थप्छन्, "अबचाहिँ तन्नेरीहरूलाई सिकाउन थालिएको छ।"

१५ देखि ३० वर्ष उमेर समूहका युवाहरू हिजोआज गुरु मनिलालसँग नचन सिकिरहेका छन्। पुराना पुस्ताले सीप हस्तान्तरण गरेन भने यो त्यसै लोप भएर जाने अवस्था आउन सक्ने औँल्याउँछन् थापा मगर। भन्छन्, "हाम्रा पुराना नाचगान ज-जसले जान्दछन्, नयाँ पुस्तालाई सिकाउनै पर्छ।" प्रशिक्षण दिन थालेपछि अन्जन, विष्णु, दुर्गा थापा, बिसु राना, ईश्वर विक र सनम आलेले मारुनी नाच्न जानेका छन्। छविलाल सोमै र विष्णुहरि थापा बिझाघरे नाच्दै आएका छन्।

उमेरले ८० वर्ष पुगे पनि नचन नाच भनेपछि जहरसिं राना हुरुक्क हुन्छन्। गीतको तालमा मच्चिदै उनी झ्याली बजाउने गर्छन्। "यही संस्कृतिमा हुर्कियो," राना भन्छन्, "कतै यस्तो मौलिक नाच लोप हुन्छ कि भन्ने चिन्ता छ।" युवाहरूलाई हौसला दिन बुढ्यौलीमा पनि झ्याली बजाएर हिँडेका छन् उनी। उनका अनुसार नचन नाच खासमा कृष्णाष्टमीमा सुरु हुन्थ्यो। दसैँमा गाउँको कोटभैरव थानमा कालरात्रि जगाएर यो नाच विधिवत् नचाइन्छ अनि श्रीपञ्चमीमा सरस्वतीको पूजा गरी सेलाइन्छ। पुराना चलनलाई बिस्तारै नयाँ पुस्ताले पनि रुचि दिन थालेको छ।

मगर समुदायको प्रचलित र मौलिक नाच भए पनि समाजमा विभिन्न जाति-समुदायले यसलाई मन पराएका छन्। "गाउँमा जोकसैको घरमा सत्यनारायण पूजा होस्, जाग्राम राख्न बोलाउँदा पनि यो नाच रातभर नाचिन्थ्यो," ऋषिङ कोटदरबारका नचन गुरु जंगवीर आले भन्छन्, "तिहारमा देउसीभैलो पनि यो नाच नचाएर खेलिन्थ्यो।" समाजमा संस्कृतिले एकअर्कालाई जोड्ने भएकाले पुराना राम्रा चलन छाड्न नहुने उनको ठम्याइ छ। आलेका अनुसार यो नाच अझै पनि छ तर पहिलेजस्तो चाहिँ छैन। एउटा गाउँमा नाच्न जानेको टोलीलाई अर्को गाउँले बोलाउने भएकाले यो पूरै हराउनै लाग्यो भन्नु हुँदैन। नयाँ पुस्तालाई सिकाएर जान्ने बनाउनु जरुरी छ।

नचन नाच नचाउँदा टोलीलाई पैसा, धान, घैया र मकैजस्ता अन्न दान गर्ने चलन छ। संकलित पैसा सामाजिक कार्यमा खर्च हुन्छ। न्वारान, पास्नी, छेवर, आजापूजा, विवाह र मेला-महोत्सवमा अझै पनि नचन नाचको माग उस्तै छ। ♦

विश्वास हमाल

नखोलिएका केही पाटा

हाम्रो कार्यालयमा एक सहकर्मी छ। ऊ सधैं समयभन्दा दुई-तीन घन्टाअगाडि आइपुग्छ। तर, जाने बेलामा सबैभन्दा पछाडि। लाग्छ, उसको सारा जिन्दगी त्यही कामको वरिपरि घुमेको छ। अनि, प्रत्येक दिनजसो उसले केही न केही लिएर आएको हुन्छ- बिस्कुट, केक या फलफूल। त्यो उसको खुसी बाँड्ने तरिका रे ! कहिलेकाहीं अफिसको टेबलमा ती खानेकुरा देखिएन भने हामी सोध्छौं, 'आज थोमस आएन कि क्या हो ?' हामीसँगै काम गरेको दुई वर्ष भइसक्यो, उसको जिन्दगी त्यस्तै नै छ।

लाग्छ, उसको दुःख-सुख, आफ्नो-बिरानो सबै चीज त्यही कार्यालयमै छ। ५५ वर्षको भइसक्दा पनि विवाह गर्ने कोही पाएन रे ! उसले चाहेर एक्लो जीवन बिताएको होइन। ऊ चाहन्छ, उसको पनि कोही होस्। हेर्दा औसत अनुहार भए पनि कुनै केटीले बिहे नै गर्ने गरी पत्याएनन् भन्छ ऊ। उसको एक्लोपना, उसको जिन्दगी अनौठो छ। यदि नेपालमा जस्तो बाआमा, नातागोताले मिलाइदिएर मागी विवाह हुन्थ्यो भने सायद उसको पनि कोही हुन्थ्यो। विवाहपछि खुसी हुने/नहुने कुरा त आफ्नै ठाउँमा छ। तर, पनि मन बहलाउने परिवार हुन्थ्यो।



अहिले करोडौं 'थोमस'हरू यसरी नै बाँचेका छन्, पश्चिमी देशहरूमा। एक्लोपना अहिले विकसित देशहरूको ठूलो समस्या भएर निस्केको छ। रेडियो, टेलिभिजनमा विज्ञापन बज्छ, बिलबोर्डहरूमा अक्षर टाँसिन्छ, 'आफ्नो मान्छेलाई हेलो भनौं, केही शब्द बोलौं, एक्लोपना निराशापूर्ण हुन्छ।' यस्तै थोमसहरूको समस्या समाधानका लागि धेरै सामाजिक संस्थाहरू काम गरिरहेका छन्। बेलायतमा मात्रै करोडौं युवाहरू यो समस्याबाट गुज्रिरहेका छन्। यो समस्या यति जटिल भइसक्यो कि प्रधानमन्त्री टेरेसा मेले यसको समाधानका लागि एक्लोपना मन्त्रीसमेत चुनेकी छन्।

बेलायत, अमेरिका या विकसित देशहरूमा मोटोपनाको ठूलो समस्या छ। सस्तो र अस्वस्थ खानाले यति बिगारेको छ कि प्रत्येक पाँच जनामा तीन जना ओभरवेट छन्। जति ठूलो भुँडी, त्यति धेरै रोग हुने समस्याले पश्चिमी देशहरूलाई धेरै नै समस्या पारेको छ। खाना कम गरेर होस्, जिम धाएर होस् या डाइटिङ गरेर होस्, अहिले लाखौं-करोडौंको एक मात्र सपना छ, स्वस्थ रहने र त्यसका लागि 'तौल घटाउने' पहिलो काम। समस्या कहाँ छैन ? विकसित देशमा धेरै तौल भएर समस्या, हाम्रोतिर पौष्टिक आहार नपाएर समस्या। त्यसैले पनि होला, विश्वका थोरै तौल हुने देशहरूमा तेस्रो स्थानमा हाम्रो देश परेको छ।

पश्चिमी देशहरूमा १८ वर्ष पुगेपछि घर छोडेर एक्लै बस्नु एउटा जीवनशैली नै हो, जसका राम्रा या नराम्रा आफ्नै पक्ष छन्। तर, अहिले यो पनि समस्या बन्न गएको छ। बेलायती जीवनको कुरा गर्दा, यहाँ महँगी यसरी बढ्दैछ कि घर किन्ने पनि अब सामान्य बेलायतीको एउटा सपनाजस्तै भएको छ। पछिल्लो २० वर्षयता युवाहरू आमाबाबुसँगै बस्न थालेका छन्। आमाबाबुसँगै बसेको छु भन्न यिनीहरूलाई हीनताबोध हुन्छ।

उमेर पुगेपछि पनि छुट्टै बस्न नसक्नु असफल जिन्दगीको विशेषता मानिन्छ, पश्चिमी देशतिर। धनीहरूका लागि त केही समस्या छैन। तर, मध्यम र निम्न वर्गीयहरूको आफ्नै व्यथा छ। घरभाडा, जीवनशैली अनि यात्रा यति महँगो छ कि तलब आएको दुई-तीन दिनमै उनीहरू फेरि एक पाउन्डका लागि हारगुहार गर्छन्। क्रेडिट कार्ड र किस्तै-किस्तामा जसोतसो जिन्दगी चलेको छ सबैको। त्यसैले त बच्चा पाउने चाहना हुँदाहुँदै पनि आर्थिक समस्या अनि आफ्नो वासस्थान नहुँदा धेरै दम्पतीले त्यो चाहना पूरा गर्न सकेका छैनन्। काम नगरी यहाँ कसैलाई पनि खान छैन। अनि, बच्चा हुर्काउनका लागि श्रीमान्-श्रीमतीबाहेक हाम्रो नेपालतिर जस्तो काका-काकी, हजुरबुबा-हजुरआमा कोही हुँदैन। जागिर गरेर जीवन धान्ने समय बच्चा हुर्काउन परेपछि अरू व्यावहारिक समस्या आउँछन्।

वर्षको आठ महिना चिसो हुने बेलायतमा करोडौं मानिस यति गरिब छन् कि उनीहरू घर तताउने हिटर चलाउने सामर्थ्य पनि राख्दैनन्। सुन्दा पत्यार लाग्न गाह्रो पर्छ। तर, यही चिसो अनि गरिबीका कारण वर्षौं १५ हजारको मृत्यु हुने गर्छ। विद्यालय शिक्षा निःशुल्क भए पनि विश्वविद्यालयको महँगो शुल्क तिर्न नसकेर पढ्न नपाउनेहरू लाखौं छन्। पढ्नका लागि सरकारले शैक्षिक ऋणको सहुलियत दिए पनि पढाइ सकेर वर्षौंसम्म काम नपाई त्यही ऋण तिर्न नसकेर बेहाल हुनेहरूको पनि अर्कै कथा छ।

नेपाल बस्दा सोचिन्थ्यो, बेरोजगारी समस्या नेपालमा मात्रै होला। विकसित देशमा त त्यस्तो कहाँ हुन्छ होला। तर, यताका समस्या नेपालको जस्तो विकराल नभए पनि समस्या अनगिन्ती रहेछन्। हाम्रोतिर बाल अधिकार नै छैन भने यतातिर बाल अधिकारका नाममा चाहिनेभन्दा बढी नै स्वतन्त्रता दिइएको छ। घर होस् या विद्यालय, बालबालिकाहरू धेरै नै स्वतन्त्र देखिन्छन्, आफ्नै बा-आमा, अभिभावक अनि शिक्षक-शिक्षिकासँग पनि कुनै आदर र सम्मान नगरी व्यवहार गर्ने।

यौनलाई यति सस्तो साधनका रूपमा हेरिन थालिएको छ कि प्रत्येक दिनजसो समाचार आउँछन्, स्कुले विद्यार्थी र शिक्षक वा शिक्षिकाबीच यौन सम्पर्क। अनि, शिक्षक र शिक्षिका गिरफ्तार। अनि फेरि अर्को ठूलो समस्या छ किशोरी आमाहरूको। १४ देखि १९ वर्षका किशोरीहरू असुरक्षित यौन सम्पर्कका कारणले आमा बन्छन्। वर्षमा ५० हजार किशोरी बेलायतमा आमा बन्छन्।

नेपालजस्तो अभावैअभाव भएको देशमा हुर्किएर विदेशका चिल्ला सडक र अग्ला भवन देख्दा केही समयका लागि 'स्वर्ग' नै हो कि जस्तो लागे पनि बिस्तारै स्वर्गभित्रका पाटाहरू खोलिँदै जाँदा रहेछन्। अनेकौं छन् स्वर्गभित्र यस्ता नलेखिएका कथाहरू र नखोलिएका व्यथाहरू। ♦

विपक्षीका पनि विशेष

रोनाल्डिन्हो, जसले हालै फुटबलबाट संन्यासको घोषणा गरे

तस्बिर : एजेन्सी

ज्ञानेन्द्र आचार्य

सन् २००२ को विश्वकप क्वाटरफाइनलमा इङ्ल्यान्डविरुद्धको त्यो फ्रि–किक। रोनाल्डिन्होको नाम लिनेबित्तिकै धेरैले त्यही गोल सम्झन्छन् । मैदानको दायाँतिर र इङ्ल्यान्डको गोलपोस्टभन्दा करिब ४० यार्ड परबाट हानेको फ्रि–किकमा उनले गोल गरेका थिए। विश्वकपका उत्कृष्ट गोलको सूची बनाउने हो भने सायदै कसैले रोनाल्डिन्होको त्यो गोललाई छुटाउलान् । त्यही विश्वकपले रोनाल्डिन्होलाई चर्चाको

शिखरमा पुऱ्यायो । सन् २००२ मा विश्वकप जितेको ब्राजिल निकै बलियो टिम थियो । हरेक पोजिसनमा उत्कृष्ट खेलाडी । रोनाल्डो, रिभाल्डो, काफु, रोबर्टो कार्लोस आदि । यस्ता एकसेएक खेलाडीसँगै त्यसबेला ब्राजिलको टिममा सुरुआती ११ मा अटाउनुले नै रोनाल्डिन्हो कुन दर्जाका खेलाडी थिए भन्ने बुझ्न सकिन्छ । मैदानभित्र उनले जे गर्थे र जसरी खेल्थे, त्यो देख्नेजति सबै उनका फ्यान भइहाल्थे । चाहे त्यो ब्राजिलको समर्थक होस् वा नहोस् ।

ब्राजिलका खेलाडीहरू बलसँगको कौशलताका कारण चिनिन्छन् । यसको श्रेय उनीहरू ब्राजिलमा खेलिने बिच फुटबललाई दिन्छन् । ब्राजिलका लगभग सबै खेलाडी बगरको बालुवामा फुटबल खेल्दै हुर्किन्छन् । यसबाट उनीहरूले बलमाथि नियन्त्रण राख्न र मनै लोभ्याउने खालका कौशल सिकेका हुन्छन् । रोनाल्डिन्होको बाल्यकाल पनि लगभग यस्तै थियो । उनी दक्षिण ब्राजिलको पोर्टो अलेग्रो सहरमा जन्मिएका थिए । रोनाल्डिन्हो सानै छँदा ब्राजिलमा रोमारियोको चर्चा थियो । जो उनका आइडल पनि थिए । रोमारियोले जस्तै रोनाल्डिन्होले पनि ब्राजिलको राष्ट्रिय टिमबाट खेल्ने सपना बोकेका थिए । तर, बाल्यकालमा रोनाल्डिन्होका लागि प्रेरणाको स्रोत उनकै दाइ रोबर्टो थिए । फुटबल खेल्न उनले रोबर्टोबाटै सिकेका थिए । हृदयघातका कारण पिताको मृत्युपछि उनको परिवार रोबर्टोकै आशमा थियो । त्यतिबेला रोनाल्डिन्हो मात्रै आठ वर्षका थिए । धन्न रोबर्टोलाई ग्रेमियोले अनुबन्ध गऱ्यो, जसले ब्राजिलको ए डिभिजन लिग खेल्थ्यो । यही क्लबमा रोनाल्डिन्होले अझै सिक्ने र आफूलाई निखार्ने मौका पाए । १८ वर्ष पुग्दा नपुग्दै उनले ग्रेमियोको सिनियर टिमबाट खेले । त्यसपछि त उनको करिअरले जादुयी गति लियो । १९ वर्षमा ब्राजिलको राष्ट्रिय टिमबाट डेब्यु गरे, २० वर्षमा फ्रान्सको पीएसजी पुगे, २२ वर्षमा विश्वकप जिते र २३ वर्षको हुँदा बार्सिलोना पुगे । बार्सिलोनामा हुँदा रोनाल्डिन्हो करिअरको उच्च फर्ममा थिए ।

विपक्षी खेलाडी र समर्थकहरूको पनि सम्मान र माया पाउने कमै खेलाडीमा पर्छन् रोनाल्डिन्हो । सन् २००५ मा रियल म्याड्रिडविरुद्ध उसकै मैदानमा रोनाल्डिन्होले दुई गोल गरे । ती दुवै गोल यति स्तरीय थिए कि रियल म्याड्रिडका समर्थकले पनि उनको सम्मानमा ताली बजाएका थिए । एल क्लासिकोमा (रियल म्याड्रिड र बार्सिलोनाबीचको खेल) एउटा क्लबको समर्थकले अर्को क्लबका खेलाडीलाई सम्मान गर्नु निकै दुर्लभ घटना हो । रोनाल्डिन्होभन्दा अघि यस्तो सम्मान म्याराडोनाले बार्सिलोनाका लागि खेल्दा सान्टियागो बर्नबाउ (रियल म्याड्रिडको मैदान)मा पाएका थिए । त्यसयता यस्तो सौभाग्य अन्य कुनै खेलाडीलाई मिलेको छैन ।

बार्सिलोनामै पनि उनलाई राम्रो सम्मान गरिन्थ्यो । उनको कुशल खेलबाट सबै कायल थिए । बार्सिलोनाले त सन् २००३ मा उनलाई भित्र्याएपछि क्लबको इतिहास नै बदलिएको मान्छ । किनभने, उनको आगमनसँग बार्सिलोनाको सुखका दिन फर्किएका थिए । त्यसबेला बार्सिलोना एउटा स्तरीय मिडफिल्डरको खोजीमा थियो । सन् २००३ मा डेभिड बेकह्यामलाई म्यानचेस्टर युनाइटेडबाट रियल म्याड्रिडले खोसेपछि मात्रै बार्सिलोनाको ध्यान उनीमाथि परेको थियो । त्यतिबेला बार्सिलोनामा नयाँ प्रशिक्षक आएका थिए, फ्रन्क रायकार्ड । रायकार्ड र रोनाल्डिन्हो आएपछि बार्सिलोनाले घरेलु फुटबलमा राम्रो नतिजा ल्याउन थाल्यो र १४ वर्षपछि बल्ल च्याम्पियन्स लिग पनि जित्यो । यसका लागि रोनाल्डिन्हो मुख्य हतियार थिए । बार्सिलोनामा हुँदै रोनाल्डिन्हो एकपटक बलुन डियोर र दुईपटक फिफा वर्ष खेलाडी पनि बने ।

बार्सिलोनाका आइकनिक खेलाडी जाभीले पनि रोनाल्डिन्हो आएपछि बार्सिलोनाले प्रगति गर्न थालेको बताएका छन् । रोनाल्डिन्हो पाँच वर्ष बार्सिलोनमा हुँदा जाभीसँगै खेलेका थिए । बार्सिलोनाका अहिलेका कप्तान आन्द्रेस इनियस्टाका अनुसार महत्त्वपूर्ण खेलअघि टिमलाई प्रेरित गर्ने अद्भुत क्षमता पनि रोनाल्डिन्होमा थियो । उनको प्रशंसा गरेर नथाक्ने बार्सिलोनाका अर्का खेलाडी हुन्, लियोनल मेसी । जसलाई रोनाल्डिन्होले भाइजस्तै मान्छन् । मेसी अन्तर्मुखी स्वभावका छन् । तर, रोनाल्डिन्होप्रति उनको ठूलै सम्मान छ । यी दुवैलाई आफ्नो पहिलो भेट राम्रै याद छ । मेसी बार्सिलोनाको सिनियर टिमका लागि छानिएका थिए । सिनियर टिमसँगको पहिलो प्रशिक्षणपछि नै रोनाल्डिन्होलाई लागेको थियो, मेसी नै पछि बार्सिलोनालाई माथि पुऱ्याउने खेलाडी हुनेछन् । रोनाल्डिन्होकै सहयोगमा मेसीलाई सिनियर टिमसँग घुलमिल हुन सजिलो भयो । यहाँसम्म कि बार्सिलोनाका लागि मेसीको पहिलो गोलमा रोनाल्डिन्होले नै पास मिलाइदिएका थिए ।

सन् २००८ ताका रोनाल्डिन्हो चोटका कारण सताइन थाले । त्यसमाथि पेप ग्वार्डिओला प्रशिक्षक बनेपछि उनले बार्सिलोनाको टिम फरक ढंगले बनाउन थाले । र, रोनाल्डिन्हो इटालीतिर लागे । त्यहाँ एसी मिलानबाट उनले लिग पनि जिते । तर, त्यहाँ पनि चोटका कारण उनी त्यति प्रभावकारी भएनन्, जति पाँच वर्ष बार्सिलोनाका लागि थिए । एसी मिलानपछि उनले केही वर्ष ब्राजिलमै लिग खेले र एकपटक मेक्सिको गएर पनि खेले । र, हालै मात्र उनले खेल जीवनबाट संन्यासको घोषणा गरेका छन् ।

रोनाल्डिन्होको मैदानबाहिरका किस्सा पनि उत्तिकै रंगीन छन् । भनिन्छ, उनी प्रशिक्षणमा खासै ध्यान दिँदैनथे । कहिलेकाहीं त उनी ट्रेनिङ किटबिनै प्रशिक्षण थलो पुग्थे । किनभने, अघिल्लो रातभरि नै उनी पार्टीमा हुन्थे । उनको यही स्वभावका कारण पीएसजीले उनलाई बेच्ने निर्णय गरेको पनि भनिन्छ । र, बार्सिलोनामा हुँदा पनि उनको यो बानी सुधिएन । उनले बार्सिलोना छोड्नुपछाडि चोटबाहेकको अर्को कारण यो पनि होला ।

बार्सिलोना छोडेपछि पनि त्यहाँको इतिहासमा उनको छुट्टै स्थान छ । क्लब र खेलाडी सबैले उनलाई आदर पनि गर्छन् । यस्तै एउटा मन छुने घटना पनि छ । हरेक सिजनअघि बार्सिलोनाले क्लब स्थापना गर्ने जोआन ग्याम्परको नाममा खेल खेल्छ । सन् २०१० मा ग्याम्पर ट्रफीका लागि एसी मिलानलाई निम्त्याइएको थियो । त्यतिबेला रोनाल्डिन्हो एसी मिलानमै थिए । खेल सुरु हुनुअघि खिचिने टिम फोटोका लागि बार्सिलोनाका कप्तान कार्लेस पुयोलले रोनाल्डिन्होलाई पनि बोलाए । सायद यो एक मात्रै यस्तो घटना होला, जहाँ टिम फोटोमा विपक्षी खेलाडी पनि थिए । त्यो पनि विपक्षीकै जर्सीमा । बार्सिलोनाको जर्सी लगाएका ११ खेलाडीसँगै एसी मिलानको जर्सीमा रोनाल्डिन्हो टिम फोटोमा अटाउनुको एउटै कारण छ । बार्सिलोनाको क्लब, समर्थक र खेलाडी सबैले उनीप्रति दर्शाउने सम्मान र माया । त्यसैले उनी आजसम्म पनि बार्सिलोनाका सद्भावना दूत छन् ।

चोटका कारण उनको खेल जीवन एकाएक ओरालो लाग्यो, जसले फुटबल रुचाउने सबैलाई दुःखी बनायो । किनभने, उनको खेल नै त्यस्तै थियो, सबैको मन लोभ्याउने । आठ–दस वर्ष मात्रै उनी उच्च फर्ममा देखिए । र, यत्तिमै उनले ब्राजिलबाट विश्वकप, कोपा अमेरिका र कन्फेडरेसन्स कप सबै एक–एकपटक जिते । यत्तिमै उनले यस्तो खेल देखाए कि उनलाई अझै पनि सबैभन्दा कुशल खेलाडी नै मानिन्छ । ब्राजिलका एक पूर्वफुटबल खेलाडी टोस्टाओ त उनीबारे यसरी व्याख्या गर्छन्, "रोनाल्डिन्होसँग रिभेलिन्होको जस्तो ड्रिबलिङ, गेरसनको जस्तो भिजन, गारिन्चाको जस्तो जोस, जर्जिन्हो र रोनाल्डोको जस्तो पेस र पावर अनि जिकोजस्तै प्राविधिक क्षमता र रोमारियोको जस्तै रचनात्मक क्षमता छ ।" यी सबै नामहरू ब्राजिलका सर्वकालीन राम्रा खेलाडी भनेर चिनिन्छन् । सीधा र सजिलोसँग टोस्टाओको कुरा बुझ्न खोज्ने हो भने रोनाल्डिन्हो उत्कृष्ट, जादुयी र पूर्ण फुटबल खेलाडी हुन् । ◆

कूटनीतिमा कोइराला

लेखनाथ पाण्डे

सुशील कोइरालाको निधन भएको दुई वर्ष बित्यो । धेरैले उनलाई स्मृतिमा बिसाइसके । तर, प्रधानमन्त्री छँदा उनका समग्र विदेश-नीति संश्लेषित एक पुस्तकले ती सादगी नेताको पुनःस्मरण गराएको छ । कोइरालाका परराष्ट्र-सम्बन्ध सल्लाहकार दिनेश भट्टराईद्वारा सम्पादित पुस्तक *सुशील कोइराला : नेपाल्स फरेन पलिसी फ्रम एक्पिडियन्सी टू प्रयाग्मटिज्म* विशेषतः भारत र चीनसँगका कूटनीतिक उतार-चढावका पाटा केलाउन केन्द्रित छ । साथै, पुस्तकमा सार्क, बिमिस्टेक र संयुक्त राष्ट्रसंघजस्ता क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मञ्चमा उनको भूमिका, विदेश-नीतिसम्बन्धी भाषण, अन्तर्वार्ता, उनको निधनपश्चात्का 'मिडिया कभरेज' समेटिएको छ ।

कोइरालाको प्रधानमन्त्रीत्वकालमा विदेश-नीतिसम्बन्धी चार महत्त्वपूर्ण घटना भए, जसमा उनीबाट एक निर्भीक नेताको भूमिका अपेक्षित थियो । प्रयास पनि गरे तर भूराजनीतिक चपेटा र घरेलु राजनीतिक संक्रमणले थिच्दा उनले मिश्रित सफलता हासिल गरे । प्रथम दुई घटना- भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमण र सार्क सम्मेलनमा उनको भूमिका प्रशंसनीय रह्यो । तर, लिपुलेक विवाद र भारतीय नाकाबन्दीको जमेर सामना गर्न सकेनन् ।

उनी पहिलो नेपाली प्रधानमन्त्री थिए, जसले 'नेपालको विदेश-नीतिको प्राथमिकता छिमेकी मुलुकबाट सुरु हुन्छ' भनी स्पष्ट शब्दमा उल्लेख गरे । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले दक्षिण एसियामा चीनको प्रभाव न्यून गर्न 'नेबरहुड फर्स्ट' अवधारणा अघि सार्नुअगावै उनले यस्तो खाका प्रस्तुत गरेका हुन् । तर, कूटनीतिक चुनौती भने यिनै छिमेकीहरूसँग झेल्नुपर्‍यो ।

नेपालबाट सात प्रधानमन्त्रीहरू पटक-पटक भारत भ्रमणमा गइसकेका थिए । करिब १७ वर्षको एकपक्षीय यात्रा तोड्दै मोदी अगस्ट २०१४ मा नेपाल आए । मोदीको भ्रमणसँगै माथिल्लो कर्णाली, अरुण तेस्रो, पञ्चेश्वर परियोजना अघि बढाउने सम्झौता मात्र होइन, द्विपक्षीय ऊर्जा व्यापार सम्झौतासमेत भयो । साथै, सन् १९५० को द्विपक्षीय शान्ति तथा मैत्री सन्धिलगायतका असमान सन्धि-सम्झौता पुनरावलोकन गर्न भारत राजी भयो । तर, तीन महिनापछि सार्क शिखर



सुशील कोइराला : नेपाल्स फरेन पलिसी फ्रम एक्पिडियन्सी टू प्रयाग्मटिज्म

सम्पादक : दिनेश भट्टराई
प्रकाशक : जननायक बीपी कोइराला मेमोरियल ट्रस्ट
पृष्ठ : ३४८
मूल्य : ७०० रुपियाँ

सम्मेलनमा उनी दोस्रोचोटि काठमाडौं उत्रिँदा सम्बन्ध चिसिँदै थियो । उनको प्रस्तावित जनकपुर भ्रमणलाई लिएर सत्तारूढ नेपाली कांग्रेस र एमाले दुवैले 'राजनीति' गरेपछि भ्रमण नै रद्द भयो ।

यसैबीच, मोदी मे २०१५ मा चीन भ्रमणमा गए । भारत-चीन संयुक्त वक्तव्य जारी भयो, जहाँ दार्चुलास्थित नेपालले दाबी गर्दै आएको लिपुलेक 'ट्राइजङ्सन' हुँदै भारत-चीन नाका खोल्ने उल्लेख थियो । नेपालसँग बिनापरामर्श गरिएको उक्त वक्तव्यले सबैलाई झस्काउने नै भयो । किनभने, त्यो नेपाली भूमिमाथि भारतीय अतिक्रमणको चिनियाँ अनुमोदन थियो । त्यस आसपासको क्षेत्रलाई राजा महेन्द्रले अनिच्छापूर्वक भारतीय उपस्थिति स्वीकारेको प्रसंग छ । कोइराला सरकारले उक्त अतिक्रमणप्रति लिखित रूपमै असन्तुष्टि व्यक्त गर्दै त्रुटि सच्याउन आग्रह गरे पनि सुनुवाइ भने कतैबाट भएन ।

प्रधानमन्त्रीका रूपमा उनको चीनको औपचारिक भ्रमण भएन । तर, दक्षिण एसियाली व्यापार मेलाको सन्दर्भ पारेर कुनमिन भ्रमण गरी चिनियाँ समकक्षीसँग भेटवार्ता गरे । चीनको महत्त्वाकांक्षी 'वान बेल्ट वान रोड' परियोजनामा सक्रिय रूपले सहभागी हुने नेपालले उतिबेलै वचन दिएको हो, जुन गत मेमा औपचारिक सम्झौतामा परिणत भयो । उनकै कार्यकालमा संघाई कोअपरेसन अर्गनाइजेसनमा नेपाल 'डाइलग पार्टनर' बनेको थियो । द्विपक्षीय सम्बन्ध यति बहुआयामिक बन्दै गर्दा लिपुलेक घटना भएको थियो, जसले दुवै छिमेकीप्रति सशंकित बन्नुपर्ने स्थिति सिर्जना गर्‍यो ।

०७२ मा विनाशकारी भूकम्प जाँदा कोइराला इन्डोनेसियाबाट बैंकक उड्दै थिए । विमानस्थलमा ओर्लिनासाथ थाइल्यान्डस्थित नेपाली राजदूत खगनाथ अधिकारीले जानकारी गराए । लगत्तै, उनले कार्यवाहक प्रधानमन्त्री वामदेव गौतमलाई टेलिफोनबाट आवश्यक निर्देशन दिए । विमानस्थलमै छँदा उनले भारतीय प्रधानमन्त्रीको फोन 'रिसिभ' गरेका थिए । मोदीले त्यसबारे ट्वीट गरेपछि भारतीय र नेपाली मिडियामा समेत कोइरालाले भारतीय समकक्षीबाट भूकम्पबारे थाहा पाएको गलत खबर दिए, जसलाई पुस्तकले सच्याउन मद्दत गरेको छ ।

कोइरालाको सबैभन्दा ठूलो योगदान संविधानसभाबाट संविधान जारी गर्न नेतृत्व प्रदान गर्नु हो । तर, त्यो सफलता नै उनका लागि कूटनीतिमा सबैभन्दा कठिन घडी बन्न पुग्यो । तराई-मधेसकेन्द्रित दलहरूको असन्तुष्टिलाई 'क्यास' गर्दै भारतले भूकम्पबाट थलिएको नेपालविरुद्ध नाकाबन्दी लगायो । कोइरालाले भाषणमा त्यस कदमको निन्दा गरे पनि औपचारिक रूपमा त्यसलाई 'नाकाबन्दी' भन्न सकेनन् । परराष्ट्र मन्त्रालयले पनि नाकाबन्दी भनेर ठोकुवा गर्दा त्यसलाई कानुनी रूपमा स्थापित गर्न अप्ठ्यारो हुने सुझाएको थियो ।

संविधान जारी गर्नुअघि भारतीय प्रधानमन्त्रीका विशेष दूत बनेर विदेशसचिव एस जयशंकर नेपाल आएका थिए । मोदीका सन्देश, सर्त र प्रस्तुतिलगायत विषयमा यो पुस्तक मौन छ । साथै, संविधान जारी गरेपश्चात् एमालेलाई सत्ता हस्तान्तरण गर्ने वाचा तोड्दै कोइरालाले स्वयं प्रधानमन्त्रीमा प्रतिस्पर्धा गरे र केपी ओलीसँग पराजित भए । वास्तवमा त्यो एक चुनावी हार मात्रै थिएन, नौ वर्ष लामो संक्रमण टुंग्याउन सराहनीय भूमिका खेल्ने नेताको राजनीतिक विचलन पनि थियो । धेरैले कोइरालाको त्यस निर्णयका पछाडि बाह्य शक्तिको निर्णायक भूमिका रहेको ठान्छन् । यस्ता धेरै जिज्ञासाप्रति पनि पुस्तक अनुत्तरित छ । यद्यपि, विदेश-नीति र कूटनीतिक मुद्दाहरूमा कोइरालाको दृष्टिकोण, भूमिका र सत्प्रयास केलाउन यो पुस्तक निकै उपयोगी छ । ♦

यारका अनुहारहरू

दिपेश नेपाल

एउटा मित्रले आफ्ना संगतमा आएका उकाली-ओरालीहरू गम्न थाल्यो भने उसलाई मानवीय सम्बन्धहरूको क्षीणता, महत्त्व र त्यसमै आफ्ना अनेक रूपको याद ताजा भएर आउँछ। केही धमिला, केही प्रस्ट अनुहारहरूसँग आफ्ना मित्रवत् सम्बन्धको रूपरेखालाई रर्कीएर हेर्दा ग्लानि पनि होला, जीवनप्रति धन्य पनि भइएला । नयनराज पाण्डेको संस्मरणात्मक कृति *यार* उनले संग्रह गरेका २५ त्यस्तै साथीहरूसँगको सम्बन्ध र घटनामा आधारित मित्रताको कसीमा गरेको आत्मदृष्टि हो, जसमा कहीँ हामीले उनकै लयमा आफ्नो कथा भेट्टाउँछौँ, कतै उनलाई नियाल्छौँ र मित्रताप्रति सचेत हुन्छौँ ।

बाल्यकालका छुटेका यादहरू र त्यससँगै याद आउने पात्रहरूको कृतिमा स्थान छ । मित्रताका रोचक, कतै हास्यपूर्ण कथाहरूमा लेखकले स्वाभाविक बालमनोविज्ञानलाई मीठो ढंगले प्रस्तुत गरेका छन् । पुस्तकमा कसैको व्यक्तिचित्र भेटिन्छ, कसैसँगको लगाव, प्रेम र कतै सानो बेलाको सम्झना सल्किएर वयस्क हुँदा पनि तिनले लेखकलाई पछ्याइरहेको थाहा हुन्छ, कुनै विस्मय भएर कुनै कालान्तरमा तीतो सम्झना भएर ।

लेखकले काठमाडौँ आएपछि अनेक मित्र कमाए र आफ्नो निजी संघर्षमा त्यही मित्रबाट इखले जन्माएको धोका बेहोरे, कसैका लागि अल्लारे भइदिए र सुमधुर भइरहेको आउजाउमा उनकै उपस्थिति हाबी भइदियो र त्यो तुहियो । यसो हुँदा पनि लेखकले निरपेक्ष हुने र कृतिको केन्द्रमा रहेको मित्रताको विषयलाई नै उज्यालो पार्ने कोसिस गरेका छन् । पाठकले उनलाई सही देख्दा पनि उनले आफ्नो बचाउ र श्रेष्ठतालाई भन्दा घटना, सम्बन्धको नियति र त्यससँग सम्बन्धित कुराहरूलाई नै प्राधान्य दिएका छन्, यसले संस्मरणलाई स्वतन्त्र बनाइदिएको छ ।

मान्छेका द्वैध चरित्र, करुणा, कुण्ठा आदि अनेक मानवजातिले धारण गरेका विशेषणहरू जीवनमा प्रत्यक्ष रुपान्तरण हुँदा यसका प्रतिक्रियाहरूमा लेखक परेका छन् । शैलीमा अतिशयोक्ति छैन र जीवन-व्यवहारमा मित्र कमाउने र गुमाउने प्रक्रिया मात्र नभएर तिनको स्थायी अवशेषले आफ्ना हदहरूप्रति सचेत र विवेकी तुल्याएको उदाहरण संस्मरणको अन्त्यसम्म पुग्न प्रेरित कथाहरूमा पाइन्छ । 'टिकट', 'पेटीकोट', 'हेलमेट', 'राम्री', 'कमिज'जस्ता संस्मरणमा मानव सम्बन्धहरूका अनेक कोण देख्न पाइन्छ र त्यसमा सिंगो मान्छे नदेखिएर समाजका अवयवहरू, चरित्रका स्खलनहरू, सम्बन्धका नरम केन्द्रहरू र दैनिक जीवनका कठिनाइ र विचलनहरू देखिन्छन् । प्रत्येक संस्मरणको अन्त्य आइपुग्दा त्यसले निजत्व निखारेर हामीलाई आफ्नै अनुहार देखाएको पनि भान हुन्छ ।

लेखकले आफूलाई चोखो पारेर उपस्थित गराएका छैनन्, गल्ती गरेको स्वीकार गरेका छन् । र, त्यसलाई बाध्यकारी देखाएका पनि छैनन् । यसर्थ विधाको सौन्दर्य कायमै राखेका छन् । राजनीतिक वृत्त, मुकुण्डे परोपकारसित सम्बन्धित किस्साहरूमा लेखकले देखाउन खाजेको पात्र, परिवेश र प्रवृत्ति घतलाग्दा छन् । प्रत्येक पाठको सुरुमा प्रयोग गरिएका चित्रहरूले संस्मरणको ओज बढाएको छ । लेखकका साहित्यिक वृत्तका यारहरूसितका संस्मरणमा लेखक विशेषतः आफ्नै मूल्यको खोज गरिरहेका देखिन्छन्, जसमा सामान्य जीवन-व्यवहारमा जो कोही अविवेकी र एकोहोरो हुने मनस्थिति उत्पन्न हुन सक्ने र तिनको पछिपछि ग्लानिको भाव आउने निर्क्योल छ । संस्मरणका पछिल्ला पाठहरूमा मित्रता जोगाउन गरेको प्रयास, एकअर्कालाई सहन, पचाउन सक्ने खुबी, सहभाव र आदरको संस्मरणात्मक विम्ब पाइन्छ ।

भावनात्मक बल गरेका छैनन् लेखकले । संस्मरणहरूमा निचोड निकाल्न भन्दा जस्तो हो, त्यस्तै भन्न गरेको इमानदार प्रयास देखिन्छ र प्रभाव पार्न नाटकीयताको प्रयोग गरेको पनि त्यति पाइँदैन । उनले आफ्नो जीवनमा स्थान दिएका पात्रहरू पुनः सजीव भएर आएका छन् । लेखक र उनीहरूबीचको सम्बन्ध बन्ने, बिग्रने, सम्झने प्रक्रियामा र लेखक स्वयंको मनोविज्ञानमा हामीले औसत मान्छेका रूपहरूको कल्पना गर्न सक्छौँ ।

तर, पछिल्ला पाठहरूमा जसरी भूमिकाले रोचकता र गोप्यताको साहित्यिक प्रयोग पाइएको छ, तिनै सुरुका पाठहरूमा भने बोझिला छन् । अझ 'मजाक'मा लेखकले अतिशय भावनात्मक भएर संस्मरण होइन कि टिप्पणी लेखेका हुन् कि जस्तो लाग्छ । मित्रतालाई केन्द्रमा राखेर पनि धेरै वाक्यहरूमा लेखक विषयविमुख भएका पनि देखिन्छन् र निजी जीवनका बयानहरूलाई असरल्ल छरिदिइएको पनि लाग्छ । संस्मरणसँग साझै सम्बन्धित नभए पनि प्रयोग गरिएका चित्रहरू कुनैले भर गुमाएको पाइन्छ । लेखकले आदर्श बयान गरिरहने धारलाई पछ्याएका त छैनन् । तर, सिर्जनाका दृष्टिले संस्मरणहरू सबै उत्तिकै सशक्त भने छैनन् । र, लेखक जत्ति आफ्ना लागि संवेदनशील भएका छन्, त्यो सबै ठाउँमा पाठकमा प्रवाह भएको पाइँदैन ।

कथात्मक शैलीका संस्मरण पठनका हिसाबले सामान्य र रोचक छन् । तिनमा क्लिष्टताको गन्ध छैन । सबै पाठहरूमा लेखकलाई जानेका बाहेकलाई यथेष्ट सामग्री उपलब्ध छैन । तर पनि, तिनले संकेत गर्ने हाम्रो समयका मान्छेको जीवन र त्यसैबीच गाह्रो गरी बन्ने र सजिलैसँग मेटिने मित्रवत् सम्बन्धहरूमा गहिरो चासो राखेको छ । संस्मरणहरूमा लेखकले खोजी गरेका र सम्झिएका मित्रताको मूल सामान्य मान्छेले पनि खोजी गर्न सक्छ, यसका लागि आफूलाई विरलता र तिक्तताको तराजुमा भारी भएर तल गएको हेर्न पनि सक्नुपर्छ । सायद यही आँट नै कृतिको केन्द्रमा छ । ◆



यार
लेखक : नयनराज पाण्डे
प्रकाशक : फाइनप्रिन्ट बुक्स
पृष्ठ : २४०
मूल्य : ४७५ रुपियाँ

अनुभूति

। देवेन्द्र भट्टराई

भाडबारी एक्सप्रेस

आज माघे बिहानी, सरस्वती पूजाको शुभसाइत । आफ्नो दुईवर्षे छोरा देभांसलाई ललितपुरको एउटा प्लेग्रुप स्कुलमा भर्ना गर्न पुग्दा मैले अनायास आफ्नो त्यो दिन सम्झिएँ । चर्को बाडुली लागेझैं सम्झना उर्लिएर आयो, थामी नसक्नु गरी । सुदूर अतीतको यो सम्झना हिजोको जस्तो र अझ, आजैको जस्तो भएर आयो । सम्झनामा तैरिँदै आयो- उही भाडबारी स्कुल । पहिलो प्रेमजस्तो, पहिलो यात्राजस्तो, पहिलो स्वादजस्तो ।

स्कुलको औपचारिक नाम भृकुटी थियो तर शिशु (कक्षा) चेतनादेखि भाडबारी स्कुल आइरह्यो- जानीनजानी । अहिलेजस्तो प्रि-स्कुल, मोन्टेश्वरी, नर्सरी आदिको जमाना गाउँघरमा भने भित्रिएकै थिएन । धुमिल सम्झना छ- एउटा सुन्दर बिहानीमा मेरा भान्जा दाइ प्रकाश दाहाल (मेरा कखरा गुरु)ले मेरो हात समातेर भाडबारी स्कुल लैजानुभएको थियो- शिशु कक्षामा नाम लेखाउन । आज त्यही मेरो चेतनाको पहिलो झिल्कोजस्तो प्रिय स्कुलको स्वर्ण जयन्ती (स्थापना विसं ०२४) समेत परेकाले समयको विगत-आगत हरहिसाब यो बेला गर्दैछु ।

सम्झिल्याउँदा, पण्डित पिताजी टेकनाथले पाठपूजामा पाएको कपडाबाट सिलाइएको रंगीचंगी झोला साथमा हुन्थ्यो । लामो इजार भएको कट्टु वा हाफपाइन्ट पनि त्यस्तै रंगीचंगी हुन्थ्यो- टालाटुली कपडाबाट सिलाइएको । साथीभाइ सबैले परैबाट चिन्थे मलाई- मेरो रूप, काँट वा व्यक्तित्वका कारण होइन, रंगीचंगी लुगाफाटोका कारण । त्यो झिल्के झोलामा अलिकति चक, एउटा स्लेट अथवा प्लाइबोर्डको टुक्रोमा कखरा सुरु भएको थियो । सबै गुरुहरूबारे गाढा सम्झना नभए पनि हेडसर भवानी गौतम सबैजसो विद्यार्थीका निम्ति कण्ठस्थ-गुरु थिए । भवानी सरको बोली-वचन-व्यवहार सबै कडा मिजासको थियो । चर्को बोल्ने, उपद्रो गर्ने अथवा अह्राएको पाठ/काम पूरा नगर्ने स्थिति आइपर्नासाथ हेडसरको चेतावनी आइहाल्थ्यो- 'कान्छा ! पख्लास् भरे गुरुजीलाई भन्दिउँला ।'

दमकको सिरान बजारमा घर भएका हेडसर हाम्रै घरको बाटो हुँदै साइकलमा आवतजावत गरिरहनुहुन्थ्यो । पिताजीसँग बाटोछेक पर्दा हेडसरको कुराकानी भइरहेकै हुन्थ्यो, मेराबारेमा कुनै 'कम्प्लेन' पो भइहाल्ने हो कि ? यसकारण हेडसर र पिताजीको जुनसुकै, जेजस्तै जम्काभेटमा पनि सबैभन्दा बढी 'सतर्क' म हुने गरेको थिएँ । सतर्क हुनेभन्दा बढी डरत्रास मनमा रहन्थ्यो । स्कुलको दुनियाँ अर्कै थियो, रमितलाग्दो । साथीहरू दमक बजारदेखि रतुवा-चाँजु खोलापारिसम्मका थिए । तर, संगत भने खासै थिएन । विशेषत: म अलिक सानो काँटको, पाखे टाइपको र पण्डित घरपरिवारबाट आएकाले जानाजानी मैले संगत बढाउन सकिरहेको थिइनँ अथवा नचाहेरै कोही पनि नजिक हुनै चाहँदैनथे ।

स्कुलमा हामी केटाकेटीलाई मन तान्ने खालको खासै केही थिएन, खेल्ने कुरा वा विषय । एउटा भकुन्डो थियो, हामी केटाकेटीको पहुँचबाहिरको चीज । एउटा लुडो र एउटा चेस थियो- त्यो पनि परैबाट हेर्ने कुरा । टिफिन हुनासाथै स्कुल चौर वरपर कुद्यो, स्कुलमा आउने चाक्छोला (सक्खर डल्ला) व्यापारीका छेउछाउ रमिते बनेर उभियो अथवा स्कुलपछाडि गएर गुच्चा वा खोपी खेल्नमै अलमलियो । गोजीमा सुको पैसा हुन्नथ्यो । अरूले खाएको हेर्‍यो, त्यसै कुदाकुद गर्‍यो । शिशु कक्षा एक प्रकारले सजिलो थियो, पढ्नै नपर्ने टाइपको । क, ख लेखपढ गर्ने कुरामा म स्कुल आउनुअघि सक्षम भइसकेकाले शिशु कक्षामा कुनै ठूलो बोझ रहेन, अरू कठिनाइ थिएन ।

सानोतिनो मेरो चिनारीसँगै घटनाले अर्को मोड त्यसबेला लियो, जब म शिशु कक्षाबाट स्कुल-फस्ट भएर एकैचोटि दुईमा पुगें । परीक्षाको नतिजा आएको दिन स्कुलबाट घर फर्किने बेलामा एकाएक कसैले मेरो कठालो समातेर भन्यो, 'ओए बाहुन ! तँ किन फस्ट भइस् ?'

म रनभुल्लमा थिएँ । जीवनमा पहिलोपटक कोही पराईबाट हुन लागेको हातपातको त्यो क्षण अत्याशलाग्दो थियो । मेरा साथमा थियो, छिमेकी साथी रामप्रसाद । ऊ पनि ट्वाल्ल पर्‍यो । हेर्दाखेरी माथि बेल्डाँगीतिरका तीन/चार जना केटा आजको भाषामा पूरै ग्याङफाइट गर्ने मुडमा उत्रिएका थिए । त्यसमा मेरो हातै समाएर 'साले गधा'को भाषामा कुरा गर्ने भने लाखमान आङदम्बे थियो ।

"भन् त बाहुन, तँ किन फस्ट भइस् ?" फेरि लाखमानको प्रश्न थियो ।

खासमा म फस्ट भएको मलाई नै थाहा थिएन । अथवा भनौँ, फस्ट भएर के हुन्छ, कहाँ पुगिन्छ भन्ने पनि पत्तो थिएन । तैपनि, ममाथि हमला भयो, नसोचेको कुरो । "मैले होइन, मलाई केही थाहा छैन," मैले डराउँदै जवाफ दिएँ ।

"अझै ढाँट्छस् ? साले बाहुन, फस्ट किन भइस् ?" फेरि कठालो समातिएकै अवस्थामा जिज्ञासा आयो ।

छिनभरमै म रुन थालेँ । अनाहकमा आइपरेको आपत्तिका सामु म के गर्न सक्थेँ ? 'फेरि पनि फस्ट भइस् भने मैले जान्या छ बाहुन' भन्दै लाखमान र उसका साथीहरू बाटो लागे ।

धन्य, रामप्रसाद साथैमा थियो । सम्हालिँदै म घर पुगेँ, रामप्रसादको हात समातेर । घरमा पुगेर भान्जा दाइ र आमालाई सबै वृत्तान्त सुनाएँ, रुँदैरुँदै । भोलिपल्ट भान्जा दाइ स्कुल आउनुभयो, मेरा साथमा । स्कुल आएर बुझ्दा थाहा लाग्यो, लाखमान १ कक्षाबाट फस्ट भएर २ मा पुगेको रहेछ । म भने शिशुबाट 'होल स्कुल फस्ट' भएर २ मा पुगेको रहेछु । यसो हुँदा कक्षा २ मा पुग्नेमध्येको 'फस्ट' विद्यार्थी म बनेको रहेछु, रजिस्टर्डमा पनि म फस्ट, लाखमान सेकेन्ड । यो अलमल र अन्योलको माहोलमाझ वादी-प्रतिवादी दुवै पक्षलाई एकै थलोमा राखेर कसोकसो मेलमिलाप गराउने काम भयो- हेडसर भवानी गौतम न्यायाधीश बनेर । "अब कक्षामा दुवै जना फस्ट हुने, दुवैलाई सरले बोलाउँदा पनि फस्ट भन्ने, रजिस्टर्ड कापीमा पनि दुवैको नाम फस्ट-फस्ट लेख्ने ।" यस्तै कुनै उपाय निकालेर लाखमान हातपात-काण्ड तत्कालका लागि सुल्झियो ।

"लेखान्त भनौँ कि संयोग, पछि गएर त्यही लाखमान मेरो निकटवर्ती दोस्त बन्यो । भाङबारी हुँदै हाई स्कुलसम्मै को फस्ट, को सेकेन्डको ख्याल हुनै छाड्यो ।"

●●●

लेखान्त भनौँ कि संयोग, पछि गएर त्यही लाखमान मेरो निकटवर्ती दोस्त बन्यो । भाङबारी हुँदै हाइस्कुलसम्मै को फस्ट, को सेकेन्डको ख्याल हुनै छाड्यो । मोजामा कागज, कपडा, घाँस कोचेर बनाएको फुटबल खेल्नेदेखि कहिलेकाहीँ दमके हटियामा रमिता हेर्नेसम्मको साथी । त्यो हुलमा रामप्रसाद, डिल्लीप्रसाद, अम्बिके आदि पनि मिसिन्थे । गोजीमा सुको हुन्नथ्यो, अरू रमाइलोको भरथेग थिएन । खालि उडनतस्तरी कुरा गर्‍यो, यताउता कुदिरह्यो ।

विशेष चाडपर्व, शिक्षा दिवस, बाल दिवसको वरपर भाङबारी स्कुलमा विभिन्न प्रतियोगिता भइरहन्थ्यो- खेलकुद, वक्तृत्व वा यस्तै केही । एकपटक तीनखुट्टे प्रतियोगिता पनि भएको थियो । त्यो कस्तो भने एउटा खुट्टा उचालेर पछाडि लग्दै दुवै हात पनि पछाडि लगेर (साङ्लो आकारमा पछाडि हात बाँधेर) एक खुट्टाका भरमा बालुवामा कुद्नुपर्ने प्रतियोगिता । त्यसमा म थर्ड भएको थिएँ । तर, त्यस्तो विचित्रको प्रतियोगिता मेरो समयपछि र अरूतिर कहींकतै भएको मलाई याद छैन अथवा जानकारीमा छैन ।

एकपटक बाल दिवसको अवसरमा स्कुलमा फुटबल प्रतियोगिता हुने भयो । हाइस्कुल, बेलडाँगीदेखिका विद्यार्थीहरूको समूह हाम्रो स्कुल आएको थियो । कति रमाइलो ! हामी ४ कक्षाका अलिक निम्छरा काँटका विद्यार्थीहरू पनि स्कुलको मैदानबाहिर (सेतो घेराबाहिर) हातमा चप्पल बोकेर उभिएका थियौँ । कुनै बेला मैदानको घेराबाहिर फुटबल आउला र छुन पाउँला भनेर । नभन्दै मलाई बल मैतिर आइरहेको आभास मिल्यो । हाई स्कुल डाँडाको काजीमानले हानेको बल थियो त्यो । हेर्दाहेर्दै त्यो बल मेरै नजिक आइपुग्यो, म पनि जीवनमा पहिलोपटक फुटबल हान्न पाइने भो भनेर तम्तयार भएर बसेको थिएँ । तर, दुर्भाग्य ! स्थिति फरक आइपर्‍यो ।

'ड्याम्म...!' मेरो छातीमा गोल लागेको सम्झना छ, अरू सबै अवस्था धूमिल-धूमिल बन्दै गएको मात्रै थाहा छ ।

हातमा सिउरिएका फित्ते चप्पल कहाँ पुगे, कापी-किताब कता उछिट्टिए, केही पत्तो छैन । त्यो गोलको प्रहारलगत्तै म भुइँमा पछारिएछु, बेहोसै भएछु । ओहो ! फुटबलको चौतर्फी रमित टुंगिएछ । ममाथि पानी छ्याप्ने, टाउको र पैताला छामछुम गर्नमा स्कुलका सरहरू लाग्नुभएको थियो रे ! झन्डै पाँच मिनेटजति बेहोस भएपछि आँखा खुल्नासाथै यो दुनियाँ निकै रंगीचंगी लाग्यो, वरपरका साथीभाइ पनि मंगलग्रहबाट उत्रेर आएका हुन् झैँ गोला-चेप्टा देखिरहेको थिएँ । कसैले बुद्धि पुर्‍याएर हुन सक्छ- मलाई झ्यानाकुटी पार्दै मेरो घरमा लगिएछ । र, बाआमाको जिम्मा लगाइएछ । त्यसपछि झन्डै सात दिन कामज्वरो आएर मात्रै यो फुटबलको ह्याङओभर टुंगिएको रहेछ । यसरी एक होइन, अनेक प्रकरणहरू मनमस्तिष्कमा पलाइरहन्छन्, भाङबारी स्कुल सम्झनासाथ ।

●●●

आज यही मेरो भाङबारी स्कुल स्थापनाको स्वर्ण जयन्तीको सन्ध्यामा पुगेको छ भन्ने थाहा पाउँदा शिक्षा र चेतनाको आफ्नो 'पहिलो प्रेम' सम्झिएसरह भएको छ । विसं ०४० वरपरका भाङबारीका मेरा गुरुदेवहरू आज कहाँ, के-कस्तो जीवनजगत्मा हुनुहुन्छ होला ? म अनुमान गर्न पनि सक्दिनँ । तर, म आज जहाँ छु, जे-जस्तो सही (अथवा गलत) कर्मधर्मको अभ्यासमा छु- भाङबारी स्कुलले दिएको अन्तर्चेतना, विवेक र संवेदनाले सधैँसधैँ साथ दिएको छ ।

हरेकपटक म आफ्नो दमक, झापाको मूल घर पुगिरहेका बेला कुद्दै भाङबारी स्कुल जाने गर्छु । त्यो खुला चौर, चौरबाट देखिने बेलडाँगी, भाङबारी, भालुकुँडी, ढुकुरपानी आदिको सग्लो दृश्यमा म केहीछिन हराउँछु । उहिले आफूले पढेको शिशु कक्षाको कोठा र त्यो भवन त्यही रूपमा अब रहेका छैनन् । तर, म जब गाउँ पुग्छु- खिया लागेर मक्किसकेको टिनको जस्ता र धुलिँदै गएको इँटाको भित्ता छोएर मात्रै म बाटो लाग्छु । मेरो प्रातःस्मरणीय भाङबारी स्कुलको धूलोलाई एकपटक सुँघेर मात्रै अरूतिर लाग्छु ।

संयोग भनौँ, त्यो स्कुल छाडेको झन्डै ३० वर्षपछि आज दुईवर्षे आफ्नो छोरालाई प्रि-स्कुलमा भर्ना गराउन गएकै क्षण म भाङबारी स्कुललाई औंधी सम्झिरहेको छु । बितेको समय, अनुभव र संघर्षको आफ्नो पालाको कथानक अहिले सम्झँदा 'उडन्ते किस्सा'जस्तो मात्रै लाग्न थालेको छ । विशेषतः जाउलाखेलको एउटा किन्डरगार्डेन स्कुलमा छोरालाई भर्ना गरेर आउँदा गोजीको ५० हजार रुपियाँ खर्चिनुपरेपछि मैले भाङबारी स्कुल सम्झिएँ, दोहोरिँदै-तेहरिँदै ! जहाँ मेरा भानिज दाइले मलाई शिशु कक्षामा १० रुपियाँ शुल्क तिरेर भर्ना गरिदिएका थिए ।

धन्यवाद, प्रिय भाङबारी स्कुल ! ◆



जीबोर्डमा अपडेट

गुगलले जीबोर्डमा नयाँ अपडेट ल्याएको छ । जीबोर्ड एन्ड्रोइड वा आईओएस डिभाइसमा प्रयोग गर्न सकिने किबोर्ड हो । अपडेटपछि अब प्रयोगकर्ताले यही जीबोर्डबाट जीआईएफ इमेज बनाउन सक्नेछन् । फोटोहरूलाई गाँसेर बनाइने निकै छोटो गतिशील फोटोलाई जीआईएफ इमेज भनिन्छ । सोसल मिडियामा अचेल कुनै कुराप्रति आफ्नो प्रतिक्रिया व्यक्त गर्न इमोजी र जीआईएफ इमेजको प्रयोग निकै बढेको छ ।

अपडेटपछि प्रयोगकर्ताले जीबोर्डको दायाँतर्फ क्यामेराजस्तै नयाँ आइकन देख्नेछन् । त्यसबाट नै जीआईएफ इमेज बनाउन सकिनेछ । यसका लागि प्रयोगकर्ताले स्मार्टफोनका दुवै क्यामेरा प्रयोग गर्न सक्नेछन् । जीआईएफका लागि आवश्यक फोटो खिचेपछि प्रयोगकर्ताले त्यसमाथि केही टेक्स्ट पनि राख्न सक्नेछन् । त्यसपछि त्यसलाई सेन्ड गरेमा त्यो जीआईएफ जीबोर्डमा कपी हुन्छ । र, प्रयोगकर्ताले चाहेको ठाउँमा पेस्ट गर्न सक्छन् । यसरी जीबोर्डबाट बनाइएका सबै जीआईएफ सेभ हुन्छन् । त्यसकारण प्रयोगकर्ताले आफूले नै बनाएका जीआईएफ जुनबेला पनि प्रयोग गर्न सक्नेछन् ।

भारतमा अडीको नयाँ कार

भारतमा अडी क्यू फाइभ कारको नयाँ जेनेरेसनमा एसयूभी लन्च गरिएको छ । नयाँ जेनेरेसनको अडी क्यू फाइभको मूल्य ५३ लाख २५ हजार भारतीय रुपियाँबाट सुरु छ ।

यसको डिजाइन अडीकै अर्को गाडी क्यू सेभेनबाट प्रभावित रहेको छ । यसमा दुई हजार सीसीको डिजेल इन्जिन छ । जसले १ सय ८८ ब्रेक हर्सपावर अधिकतम शक्ति निकाल्छ । र, यसले पुरानो मोडलको तुलनामा २० प्रतिशतभन्दा बढी माइलेज दिने दाबी गरिएको छ ।

यसमा पाँच फरक ड्राइभिङ मोड छन् । क्यू फाइभमा सात गियरको अटोमेटिक ट्रान्समिसन सिस्टम छ । र, यसमा आठ एयरब्याग पनि छन् । यसका अन्य मुख्य नयाँ फिचर पार्किङ एसिस्ट, एक्टिभ लेन एसिस्ट आदि हुन् ।

कलर्सको नयाँ स्मार्टफोन बजारमा

कलर्सको नयाँ स्मार्टफोन एस नाइन नेपाली बजारमा लन्च गरिएको छ । कम बजेटका लागि यो स्मार्टफोन राम्रो विकल्प हुन सक्छ । नेपालमा एस नाइनको मूल्य मात्रै ११ हजार ९ सय ९९ रुपियाँ तोकिएको छ ।

एस नाइनको मुख्य विशेषता यसको क्यामेरा हो । यसमा आठ मेगापिक्सेलको रियर क्यामेरा छ । र, सेल्फीका लागि पाँच मेगापिक्सेलको फ्रन्ट क्यामेरा पनि छ । तर, दुवै क्यामेराका लागि छुट्टै फ्ल्यास लाइट पनि छ । र, यो नै यसको सबैभन्दा राम्रो पक्ष हो भन्दा फरक नपर्ला ।

एस नाइन एन्ड्रोइडको नुगट अपरेटिङ सिस्टममा आधारित स्मार्टफोन हो । यो स्मार्टफोनमा फिङ्गरप्रिन्ट सेन्सर पनि राखिएको छ । जुन रियर क्यामेराको ठीक तल छ । र, यसको डिस्प्ले स्क्रिन ५.२ इन्चको छ । यो मेटालिक बडी भएको स्मार्टफोन पनि हो । यसको र्‍यामको क्षमता दुई जीबी र आन्तरिक स्टोरेज १६ जीबी क्षमताको छ । यसमा १ सय २८ जीबीसम्मको मेमोरी कार्ड प्रयोग गर्न सकिन्छ । यसको ब्याट्रीको क्षमता भने तीन हजार एमएएच छ ।



ह्वाट्सएपको नयाँ एप

साना बिजनेसलाई लक्षित गरेर *ह्वाट्सएपले* नयाँ एप सुरु गरेको छ । यो नयाँ एपलाई ह्वाट्सएप बिजनेस एप भनिएको छ । यसलाई ह्वाट्सएप भर्सनको *फेसबुक* पेज पनि भनेर व्याख्या गरिएको छ । यसमा प्रयोगकर्ताले आफ्नो बिजनेसको प्रोफाइल पेज बनाउनेछन् । जसमा बिजनेसका थुप्रै जानकारीमूलक कुरा राखिन्छ । जस्तै : त्यसको आधिकारिक वेबसाइट, सम्पर्क नम्बर, ठेगाना, इमेल आदि । जसका कारण ग्राहकलाई उनीहरूबारे बुझ्न र सम्पर्क गर्न सजिलो होस् । यसमा म्यासेजिङ टुल पनि राखिएको छ, जसबाट उनीहरूले ग्राहकसँग सम्पर्क गर्न सक्छन् । ग्राहकले जान्न चाहेका कुराबारे यही म्यासेजिङ टुलमार्फत तुरुन्तै जवाफ पठाउन सकिन्छ । अनलाइन सपिङको बिजनेस गर्नेहरूका लागि पनि यो निकै उपयोगी हुन सक्छ ।

हाल भने यो एप एन्ड्रोइड प्रयोगकर्ताका लागि मात्रै उपलब्ध छ । त्यो पनि अमेरिका, बेलायत, मेक्सिको, इटाली र इन्डोनेसियामा मात्रै । तर, केही समयमा नै यो एप सबैतिर उपलब्ध हुने र आईओएस भर्सनमा पनि आउने ह्वाट्सएपले जनाएको छ ।



भाइनको अर्को रूप

एकताका सोसल मिडियामा *भाइन* निकै चलेको थियो । *भाइन* यस्तो भिडियो होस्टिङ प्लेटफर्म हो, जहाँ ६ सेकेन्डभन्दा कमको भिडियो बनाइन्थ्यो र सोसल मिडियामा सेयर गर्न सकिन्थ्यो । *भाइनलाई ट्वीटरले* अधिग्रहण गरेपछि त यसको लोकप्रियता एकताका निकै चुलिएको थियो । तर, अहिले यो बन्द छ । किनभने, *ट्वीटरले* यसबाट आम्दानी गर्ने कुनै बाटो देखेन ।

तर, अहिले *भाइनका* निर्माणकर्ता यसलाई अर्को स्वरूपमा बनाउन लागिपरेका छन् । सम्भवतः *भाइनको* नयाँ भर्सन भीटू यही वर्षसम्म तयार भइसक्नेछ । निर्माणकर्ताहरूले जानकारी दिए अनुसार पुरानो *भाइनमा* जस्तै यो पनि निकै छोटो भिडियोमै केन्द्रित रहनेछ । यसमा दुईदेखि ६ सेकेन्डका भिडियो रहनेछन् । नयाँ एपकै स्वरूपमा आउने भीटूमा प्रयोगकर्ताले स्मार्टफोनका क्यामेरा प्रयोग गर्न सक्नेछन् । तर, यी भिडियोमा कुनै खालका फिल्टर भने रहने छैनन् । र, यसमा कमेन्ट डिसेबल गर्ने सुविधा पनि रहनेछ ताकि भिडियो निर्माणकर्ता ह्यारेसमेन्टको सिकार नबनून् ।

संयोजन : ज्ञानेन्द्र आचार्य

सडक-सपना



■ शब्द/तस्बिर : प्रदीप बस्याल

सिन्धुपाल्चोकको उत्तरी गाउँ तेम्पाथाङलाई सडक जोडिएको गाउँ गुम्बासँग जोड्ने एक मात्र बाटो हो, यो । झन्डै ६ सय जनसंख्या भएको तेम्पाथाङ पुग्न यस्तै अप्ठ्यारो बाटोमा सामान्य मानिसलाई पनि ६ देखि ८ घन्टासम्म लाग्छ । स्थानीय बासिन्दाले बिरामी या घाइते हुँदा ऋण काढेरै भए पनि हेलिकप्टर बोलाउनुपर्छ । नत्र, गुम्बासम्म ओराल्न मात्र पूरै एक दिन बित्छ । त्यहाँ न बिजुली छ, न त स्वास्थ्य चौकी नै । सरकारी कार्यालयका नाममा एउटा जीर्ण प्राथमिक विद्यालय मात्र छ, जहाँ शिक्षक विरलै भेटिन्छन् । तर, पछिल्लो चुनावमा स्थानीयको एउटै माग थियो, सडक-बाटो बनाइदेऊ । नेताहरू जनतालाई सडक-सपना देखाउन किन पछि हट्थे र ! ◆

तस्बिर : महेश प्रधान

अब आइटमतिर

केकी अधिकारी र रिमा विश्वकर्माले एकै समयमा फिल्मी यात्रा सुरु गरेका हुन्, *स्वरबाट* । त्यसयता केकीले लोभलाग्दो सफलता चुमिन् । बीचमा उनको करिअर केही धरमरमा नपरेको होइन । तैपनि, सम्हालिन् । तर, रिमाको हालत भने उत्साहजनक रहेन । मुख्य भूमिकामा असाध्यै कम फिल्म पाइन्, सहायक भूमिकामा देखिएका फिल्मले पनि कमाल गरेनन् । फलतः फिल्म पाउनै मुस्किल पर्‍यो । सायद यही कारण हुनुपर्छ, उनी आइटम डान्समा रमाउन थालेकी छन् । गज्जबको संयोगचाहिँ उनले आइटम डान्स गरेको फिल्म *कोहलपुर एक्सप्रेस*को निर्मात्रीचाहिँ केकी हुन् । उक्त फिल्मको 'काउ...' गीतमा रिमाले कम्मर मर्काएकी हुन् । यसअघि उनले *राहदानी*मा आइटम डान्स गरेकी थिइन् । धन्न ! फिल्मको खडेरी भए पनि आइटम र म्युजिक भिडियोले टिकाइरहेको छ रिमालाई । ♦

प्रचारको सास्ती

फिल्म *मंगलम*की दर्शकमाझ सबैभन्दा चिनिएकी कलाकार हुन्, शिल्पा पोखरेल । अनि, उनी हिरोइन मात्र होइनन्, यही फिल्मबाट निर्मात्रीका रूपमा उदाउँदै छिन् । तर, यसलाई रिलिज गर्नु फलामको चिउरा चपाउनुसरह भएको छ । कारण, रिलिज पटक-पटक सर्दै २५ फागुनमा पुगेको छ । त्यही दिन पनि अरू कुनै गिनेचुनेको फिल्म आयो भने *मंगलम्* फेरि नसर्ला भन्न सकिन्न । विगत यस्तै छ । तैपनि, उक्त मितिमा जसरी पनि रिलिज गर्ने धुनमा छिन् शिल्पा तर समस्या भनेको प्रचारप्रसारकै हो । फिल्ममा नायकद्वय पुष्प खड्का र पृथ्वीराज प्रसाईं त छन् । तर, उनीहरूको प्रभाव खास छैन । सोही कारण प्रचारमा शिल्पा आफैँले खट्नुपरेको छ । जबकि, बाहिरी ब्यानरका फिल्मको प्रमोसनमा उनी अनुदार रहन्थिन् । ♦

फ्लप भएर के भयो त !

अर्पण थापा र ऋचा शर्मा अभिनीत *आधा लभ*, *बाटोमुनिको फूल २* र *फिर्कें* न निर्माताका गोजी भरे, न सकारात्मक प्रतिक्रिया पाए । अझ *फिर्कें* त रिलिजको सुरूआतबाटै दर्शक पाएन । फिल्म हिट नभएपछि स्वाभाविक रूपमा अर्पण-ऋचाको जोडी ओझेलमा पर्नुपर्ने हो । तर, यथार्थ उल्टो छ । उनीहरूलाई एकपछि अर्को फिल्ममा रोमान्स गर्ने अवसर जुरेको छ । पछिल्लोपटक यो जोडी *फेरि-फेरिमा* औपचारिक रूपमा अनुबन्ध भएका हुन् । जसको निर्देशनको कमान्ड हास्य कलाकार पुरन थापाले सम्हाल्नेछन् । त्यस्तै, ऋचाले प्रमुख चरित्र निर्वाह गरेको अनि अर्पणले निर्देशन गरेको *सुनकेसरी* रिलिज हुनै बाँकी छ । फ्लप हुँदा पनि एकसाथ फिल्म पाइरहने काइदालाई चाहिं मान्नैपर्छ । ◆

नवनायकको क्रेज

आकाश श्रेष्ठको पहिलो फिल्म *म त तिम्रै हुँ* व्यावसायिक रूपमा असफल भयो नै, उनकै कामले समेत स्याबासी पाएन । पहिलो गाँसमै ढुंगा परे पनि आकाशको करिअर रोकिएन, बरू फलदायी प्रतीत भयो । किनभने, चकलेटी लुक्सका धनी आकाशलाई फिल्मको ओइरो लाग्न थालेको छ । साम्राज्ञीराज्यलक्ष्मी शाहको अपोजिटमा काम गरेको *तिमीसँग* प्रदर्शनका लागि तयार भएको छ । अर्को फिल्म *ड्रिम गर्ल* पोस्ट प्रोडक्सनका क्रममा छ । र पनि, आकाशले *रामकहानी* नामक फिल्ममा शीर्ष भूमिका पाएका छन् । जसलाई निर्देशन गर्दैछन्, सुदर्शन थापाले । पल शाहसँग कुरा नमिलेपछि यो फिल्ममा आकाशलाई लिइएको हो । खासमा अनमोल केसी, प्रदीप खड्का र पलपछि चकलेटी भूमिकाको रोजाइमा आकाश पर्न थालेका छन् । तर, फिल्म रिलिजपश्चात् पनि यो व्यस्तता कायम होला त ? प्रतीक्षा त्यसकै छ । ◆

आकर्षक रंगको औसत पेन्टिङजस्तो

गोकर्ण गौतम

तमाम लफडा र हिंसात्मक घटनालाई झेल्दै सञ्जयलीला भन्साली निर्देशित फिल्म *पद्मावत* प्रदर्शन भएको छ । सुरुमै दुई कुरा भनौँ । एक, न यो फिल्ममा राजपुतको आस्था र संवेदनामा चोट पुऱ्याउने कुनै दृश्य छ । दुई, न यसले *रामलीला* र *बाजीराव मस्तानी*पछि भन्सालीप्रति चुलिएको अपेक्षा पूरा गर्छ । 'लार्जर देन लाइफ' कथामार्फत पर्दामा चमत्कार गर्न माहिर भन्साली यसपटक 'लुक्स'मै रमाएको आभास हुन्छ । चौधौँ शताब्दीको संसारलाई चित्रित गर्ने मामलामा चाहिँ उनको अब्बलता देखिन्छ । यो फिल्म सुफी कवि मलिक मुहम्मद जयासीद्वारा सोह्रौँ शताब्दीमा रचित कविता 'पद्मावती'मा आधारित छ, जसले पद्मावती रानीको सौन्दर्य, सौर्य र समर्पणको बखान गरेको छ । तर, भन्सालीको फिल्ममा रानीभन्दा सुल्तान अलाउद्दीन खिलजी हाबी छन् ।

सिंघल राज्यकी राजकुमारी पद्मावती (दीपिका पादुकोण) र मेवाडका महाराज रावल रतन सिंह (साहिद कपुर)को संयोगले भेट हुन्छ । दुवै एकअर्कालाई औंधि मन पराउँछन् र पद्मावती मेवाडकी महारानी बन्छिन् । दिल्लीका सुल्तान खिलजी (रणवीर सिंह)ले उनको सौन्दर्यबारेमा सुन्छन् । र, उनलाई एक झलक देख्नकै खातिर मेवाडमाथि हमाल गर्छन् । निकै हिंस्रक र धोकेबाज खिलजीले पद्मावतीलाई पाउलान् ? रतन सिंह आफ्नो राज्य र रानीको रक्षा गर्न सक्षम होला ? फिल्म यिनै सवालवरपर घुमेको छ । क्लाइमेक्समा संघर्षभन्दा कोरा आदर्शलाई आत्मसात् गरिएको छ

खिलजीमा बढिरहेको महत्त्वाकांक्षाबाट फिल्मको सुरुआत हुन्छ । उनी राज्य विस्तारका लागि जस्तोसुकै निकम्मा काम गर्न पनि तयार हुन्छन् । यता, पद्मावतीको जोडी आदर्श र सद्गुणलाई शिरोपर गर्छ । तर, एउटा राजगुरुलाई देशनिकाला गर्नु नै उनीहरूका लागि अभिशाप भइदिन्छ किनभने खिलजीलाई पद्मावतीको बयान गर्दै मेवाडसम्म आउने बाटो तिनै गुरुले देखाउँछन् । यसले तत्कालीन समयको प्रतिशोध, प्रेम र आशक्तिलाई चित्रण गर्छ । तर, मेवाडको सिमानामा खिलजीको सैनिक डफ्फा सेल्टर लिएर बसेपछि फिल्मको लय बिग्रन्छ । खिलजीको सन्काहा चरित्र स्थापित गर्न एकै प्रकृतिका अनेक दृश्य देखाइन्छ । जबकि, खिलजी र मेवाडका राजाको चर्को द्वन्द्व र पद्मावतीको पराक्रमको गाथाको अपेक्षा हुन्छ त्यतिबेला । किनभने, पद्मावती युद्धनीतिमा जानकार पनि हुन्छिन् । तर, प्रकाश कपाडियासँग मिलेर भन्सालीले लेखेको पटकथा पात्रहरूबीचको टकराव र त्यसले निम्त्याउने परिणामभन्दा झिनामसिना दृश्यमै अल्झिएको छ ।

त्यसअगाडि क्षणभरमै हुने रतन सिंह र पद्मावतीको प्रेमको विकासक्रमले पनि मन छुँदैन । तर, पद्मावतीको सौन्दर्य शब्दमा मात्र सीमित छैन, पर्दामा उनलाई अझ सुन्दर देखाउन भन्सालीले कुनै कसर बाँकी राखेका छैनन् । उनको आभूषण, गहना र व्यक्तित्व साँच्चै महारानीकै लाग्छ । यहाँ उल्लेख गर्नुपर्ने अर्को पक्षचाहिँ, रानीको नामबाट फिल्मको नाम राखिए पनि यो पूरापूर खिलजीको सनक, आक्रोश, महत्त्वाकांक्षा, धोका र राक्षसी प्रवृत्तिको फेहरिस्त हो । जसरी *बाजीराव मस्तानी*मा मस्तानी अर्थात् दीपिकाको जबर्जस्त भूमिका थियो । त्यही अपेक्षा *पद्मावत*मा गरियो भने निराश हुनुपर्छ । यद्यपि, राजगुरुसामु परीक्षा दिएको, रतन सिंहलाई मुक्ति दिलाउन दिल्ली पुगेको, राज्यका महिलालाई त्यागका लागि उत्प्रेरित गरेको जस्ता दृश्यमा उनको प्रभाव देखिन्छ । बरू, आकर्षणको केन्द्रमा खिलजी बनेका रणवीर छन् । कतै-कतै 'लाउड' लागे पनि पर्दामा साँच्चै भयंकर लाग्छन् । उनले फेरि एकपटक आफूलाई अथाह क्षमता भएको अभिनेताका रूपमा पुष्टि गरेका छन् । रतन सिंहका रूपमा साहिद विश्वसनीय लाग्दैनन् । अन्तिम दृश्यले चाहिँ उनको चरित्र बचाएको छ । बरू, खिलजीका गुलाम बनेका जीम सब्रको अभिनय र भूमिका दुवै सम्झनलायक छ ।

भन्सालीका फिल्ममा गीतको प्रयोग र खिचाइ जादुयी हुने गर्छ । तर, यसपटक फिल्मको गति धीमा बनाउने अपजस गीतलाई नै जान्छ । 'घुमर...' र 'एक दिन...' बाहेक अन्य गीतको प्रयोग सान्दर्भिक लाग्दैन । खिचाइ त भव्य छ नै, त्यसमा के शंका भयो र ! लाग्छ, सुन्दर क्यानभासमा आकर्षक रंग पोतिएको औसत पेन्टिङ हो, *पद्मावत* । जहाँ पात्रको संवेदनाभन्दा सेट डिजाइन, गरगहना, पहिरन, फ्रेमजस्ता पक्ष सबल छन् । मेवाडमाथि खिलजीको आक्रमण शैली बडो चातुर्य, वैज्ञानिक र आधुनिक लाग्छ ।

पद्मावत हेर्दा हुन्छ, रणवीरको अभिनय, दीपिकाको सौन्दर्य र चौधौँ शताब्दीको समाज थोरबहुत बुझ्नका लागि । तर, यसलाई हेर्नैपर्ने फिल्मको कोटिमा चाहिँ राख्न सकिन्न । यत्ति पक्का छ, फिल्म हेरेपछि पद्मावतीप्रति प्रेमभन्दा यो फिल्मलाई लिएर भारतमा भइरहेको राजनीतिप्रति बढी घृणा जाग्छ । ♦

अचानक

'अनुसन्धान किन असफल भयो, समीक्षाको बेला हो'

तस्बिर : भास्कर ओझा

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) गम्भीर र संगठित अपराध अनुसन्धानका लागि खडा भएको निकाय हो । अहिले यसका निर्देशक हुन्, प्रहरी नायव महानिरीक्षक (डीआईजी) **पुष्कर कार्की** । सीआईबीले निर्माण व्यवसायी शरद गौचन र एमाले समर्थित युवा संघ रुपन्देहीका दुर्गा तिवारीलाई गोली हानी हत्या गर्ने सुटर श्यामबहादुर गोम्बी गुरूङलाई ८ माघमा पक्राउ गऱ्यो । यीसहितका अरू हत्या, जबर्जस्ती असुलीमा कुख्यात समीरमानसिंह बस्नेतको समूहका लगभग सबै नै सीआईबीको फन्दामा परिसकेका छन् । यसै सन्दर्भमा सीआईबीका निर्देशक डीआईजी कार्कीसँग गरिएको कुराकानी :

गम्भीर, संगठित र जटिल अपराधको अनुसन्धान गर्ने निकाय सीआईबीले फरार अपराधी धमाधम समातिरहेको छ, फरार अभियुक्त समात्ने निकायजस्तो मात्रै त भइरहेको छैन ?

अदालतले दोषी ठहऱ्याए पनि त्यस्ता व्यक्ति पक्राउ नपर्दा राज्यले ठूलो धनराशि उठाउन बाँकी देखियो । यो काम प्रहरीका अरू निकायले गर्न सक्थे । तर, राजस्वको मात्रा बढी देखिएकाले केही समय सीआईबीले अदालतसँग सहकार्य गरेको मात्र हो । विकसित मुलुकमा आर्थिक सम्पत्ति 'रिकभर' गर्ने प्रहरीको भिन्नै निकाय हुने भए पनि नेपालमा त्यो छैन ।

अपराधसँग जोडिएका हाई-प्रोफाइल व्यक्ति पक्राउ गर्दा दबाब आउँछ कि आउँदैन ?

स्वाभाविक रूपमा आउँछ । तर, त्यसबारेमा कसरी 'कन्भिन्स' गराउने भन्नेचाहिँ प्रहरीकै हातमा हुन्छ ।

सबैभन्दा बढी दबाब आएको घटनाचाहिँ कुन हो ?

परिस्थिति अनुसार दबाबको घनत्व थपघट हुन्छ । चुनावका बेला एक किसिमको हुन्छ भने अन्य बेला अर्कै खालको । यी जम्मै कुरा भन्नु 'इथिकल' हुन्न । कहिलेकाहीं 'ग्रे एरिया'मा बसेर काम गर्नुपर्ने हुन्छ ।

द्वन्द्वकालीन मुद्दामा बालकृष्ण ढुंगेल पक्राउ पर्दा दबाब आएन ?

शान्ति प्रक्रियासँग जोडिएको विषय भएकाले यो प्रकरणलाई फरक ढंगले हेर्न मिल्छ कि मिल्दैन, त्यो प्रहरीले भन्दा माथिल्लो तहबाट सोच्नुपर्ने कुरा हो । हामीले अदालतको फैसला कार्यान्वयन मात्रै गरेको हो ।

भूमिगत शैलीमा नेपालमा अपराध बढेको भनिन्छ, यसलाई कसरी रोक्ने ?

विदेशमा बसेर नेपालमा अपराधको जालो फिजाउने प्रयास भएको छ । तर, हामी त्यो सञ्जाल लगभग निस्तेज पार्ने चरणमा छौं । त्यो बाटोमा जान खोज्ने समीरमानसिंह बस्नेतको समूहका मुख्य व्यक्ति प्रहरीले समातिसक्यो ।

मनोज पुन समूह त बाँकी नै छ ?

मनोज र समीरले प्रयोग गर्ने व्यक्तिलाई पनि हामीले पक्राउ गरिसकेका छौं । जस्तासुकै खुंखार अपराधी पक्राउ गर्न पनि सीआईबी सक्षम छ ।

तर, सीआईबीले अभियोग लगाएका अधिकांश त अदालतबाट धरौटीमा रिहा भइरहेकै छन् नि ?

सुन तस्करीलगायतका कुरा गर्नुभएको होला । अदालतको फैसलाबारे टिप्पणी नगरौं ।

प्रहरीको अनुसन्धान नै चुकेको हो कि ?

मुलुकी ऐन परिवर्तन भएर फौजदारी आचारसंहिता लागू भएको छ । विगतमा प्रहरीका अनुसन्धान किन असफल भए भनेर समीक्षा गर्ने अवसर हो, यो । प्रहरी अनुसन्धानको पनि समीक्षा हुनुपर्छ र यस्तो संयन्त्र निर्माणको बेला पनि यही हो ।

त्यो संयन्त्र कसरी तयार हुन्छ ?

अपराध गर्नेहरू जहाँ कानुनी छिद्र भेट्छन्, त्यहीं छिर्छन् । यदि प्रहरी अनुसन्धान बलियो बनाउने, सुधार्ने हो भने अदालतको फैसलापछि महान्यायाधिवक्ताको कार्यालय र प्रहरीले त्यसको समीक्षा गर्ने संयन्त्र बनाउन सक्छ ।

प्रहरी अनुसन्धान पनि त प्रमाणमुखीभन्दा बयानमुखी छ, होइन र ?

प्रमाणले 'लिंक' गराउने 'ट्रेन्ड' पनि बिस्तारै बढिरहेको छ । जबकि, पहिलेचाहिँ अपराध कबुल गराउने बढी हुन्थ्यो । अब बदलिँदैछ प्रहरीको अनुसन्धान शैली । प्रविधिको द्रुत विकास प्रहरीका लागि चुनौती बन्दैछ ।

कसरी ?

हामीसँग सीमित स्रोत-साधन छन् । कतिपय प्रविधिमा प्रहरीको पहुँच छैन । *फेसबुक, भाइबर, ट्वीटर, वाट्सएप*मार्फत अपराध बढिरहेका छन् । तर, त्यहाँको सर्भरमा पुग्ने कानुनी आधार हामीसँग छैन ।

सीमित स्रोत साधनबाट प्रभावकारी काम हुनै सक्दैन र ?

अनुसन्धानका लागि प्रहरीमा छुट्टै बजेट छैन । नियमित बजेटबाटै तानतुन पार्ने हो । आफ्नो तलब खर्चेर पनि अनुसन्धान गरेका छौं, कतिपय अवस्थामा । समीरमानको समूहलाई खोज्न पनि करिब १० लाख रुपियाँ खर्च भयो । सीमित स्रोत-साधनबाट अधिकतम जनशक्ति प्रयोग गरेर यत्तिको काम गरिरहेका छौं ।

मनबहादुर बस्नेत

नोटबुक

॥ रामबहादुर रावल

गरिबविहीन देश !



त्रि.वि. चिकित्सा शास्त्र अध्ययन संस्थान

त्रिभुवन विश्वविद्यालय
चिकित्सा शास्त्र अध्ययन संस्थान, डीनको कार्यालय
परीक्षा नियन्त्रण महाशाखा, महाराजगंज
MBBS शैक्षिक कायक्रमको आरक्षित सीट सम्बन्धी अत्यन्त जरुरी सूचना

त्रि.वि.चि.शा.अ.संस्थान अन्तर्गत महाराजगंज चिकित्सा क्याम्पसको शैक्षिक वर्ष २०७४/०७५ को MBBS शैक्षिक कार्यक्रममा नयां विद्यार्थी भर्ना गर्ने विभिन्न समुदायका विपन्न व्यक्तिहरुलाई आरक्षण गरिएको सीटहरुमा उक्त कार्यक्रमको प्रवेश परीक्षामा उत्तीर्ण सूचिमा भएका परीक्षार्थीहरु मध्ये "त्रिभुवन विश्वविद्यालय अन्तर्गतका आंगिक क्याम्पसमा आरक्षण सम्बन्धी सीटमा भर्ना गर्ने सम्बन्धी विनियम २०७४ को व्यवस्था अनुसार निवेदन माग गरिएकोमा प्राप्त निवेदन तथा साथमा पेश गरिएका कागजातको अध्ययन हुंदा उक्त विनियम २०७४" अनुसार कुनै निवेदकको पनि सम्बन्धित निकायबाट भै आएका विपन्नताको सिफारिश नेपाल सरकारले तोकेको मापदण्ड अनुरुप न्यून आयश्रोत भई गरिबीको रेखा मुनी परेको भनी प्रमाण सहित आधार र कारण खुलाईएको नपाईएकोले कुनै पनि निवेदकलाई आरक्षीत सीटका लागि निर्धारण गरिएको न्यूनतम योग्यता नपुगेको पाइएको हुंदा सम्बन्धित सबैलाई जानकारी गराईन्छ । साथै, त्यस्ता आरक्षीत सीट नियमानुसार सहुलियत शुल्किय सीटमा परिणत गरी Open House Counseling मार्फत भर्ना गरिने व्यहोरा पनि सम्बन्धित सबैलाई सूचित गराईन्छ ।

सदस्य सचिव
स्नातक तह प्रवेश परीक्षा संचालक समिति २०७४/०७५
मिति: २०७४/०९/२५

२५ पुस ०७४ मा त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थान (आईओएम), डिनको कार्यालयले एक अनौठो सूचना निकाल्यो– चिकित्साशास्त्रमा स्नातक (एमबीबीएस) अध्ययनका लागि प्रवेश परीक्षामा सामेल विद्यार्थीमध्ये कसैले पनि विपन्नता प्रमाणित हुने कागजपत्र पेस गर्न नसकेकाले आरक्षित २० प्रतिशतलाई शुल्कीय सिटमा परिणत गरेको । यो सूचनाको अर्थ हुन्छ, कि यो मुलुकमा विपन्न नै छैनन्, कि त विपन्नहरू चिकित्सा शास्त्र अध्ययनको सपना नै देख्दैनन् ।

हो, वास्तविक विपन्नले चिकित्साशास्त्र अध्ययनको सपना देख्न मुस्किल छ । करोड खर्च गर्न नसक्नेले हत्पत्ति यो सपना देख्दैनन् पनि । गरिब घरमा जन्मेर मेधावी छात्रछात्रा हुनु कतिपयले त अभिशापै ठान्छन् । हुनेखाने र पहुँचवालाले मात्र देख्ने यो सपना समाजको निमुखा वर्गले पनि देख्न सकून् भनेर आरक्षण तथा छात्रवृत्तिको व्यवस्था गरिएको छ । तर, आईओएमले विपन्नको त्यो कोटा पनि हुनेखानेकै पोल्टामा हालिदिएपछि कसको के लाग्छ ?

हुन पनि हुनेखानेलाई नै पोस्न आईओएमले गरेको बहाना गज्जब रहेछ । सुरुमा नियम अनुसारै सूचना निकाल्ने । खुला प्रतिस्पर्धाका निम्ति आउने आवेदन मात्र दर्ता गर्ने । विपन्न दाबी गर्नेहरूलाई यो कागज मिलेन, त्यो कागज मिलेन भनेर फर्काइदिने । तर, 'कस्तो कागज लिएर आउनुपर्‍यो, ढाँचा देऊ न त' भन्दा कसैले जानकारी नै नदिने । थप प्रश्न गरे ढोकैबाट पालेले फर्काइदिने । उपल्लो निकायमा सोधीखोजी गर्दा डिनले त्रिवि उपकूलपतिलाई देखाउने, उपकूलपतिले डिनलाई देखाउने । हुँदाहुँदा कतिपयले त डा गोविन्द केसीलाई समेत देखाउन भ्याए । जसले जसलाई देखाए पनि अन्ततः मारमा विपन्नकै छोराछोरी परे । अब भन्नूस्, हाम्रो शिक्षाको अगुवा संस्थामै राज्यको समावेशी नीतिको त्यो हविगत छ भने यो व्यवस्था र सामाजिक न्यायका गफ कसका लागि ?

प्रधानमन्त्री कार्यालय नै डेरा

राजधानीमा डेरा पाउन मुस्किल । पाएको डेरामा सुखसँग बस्न झन् मुस्किल । तर, के गर्नु ! कसैकसैलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका विलासी कोठा नै डेरा भएका छन् । राजधानीको महँगो डेराभाडा जोगाउने सिंहदरबारभित्र एउटा यस्तो समूह रहेछ, जो दिनभर सिंहदरबारतिर कतै अल्मलिन्छ । साँझ परेपछि प्रधानमन्त्री कार्यालयभित्र छिर्छ ।

साँझपख सचिव, सहसचिव वा अन्य यस्तै उच्च अधिकारीका कार्यकक्षमा पस्नेहरूलाई कस्तोसम्म मस्ती छ भने ओढ्ने–ओछ्याउनेको आवश्यकता पनि पर्दैन । एसी खोल्छन्, लचकदार सोफामा आनन्दले सुत्छन् । बिहान कोही कर्मचारी नआउँदै नित्यकर्म सकेर आफ्नो बाटो लाग्छन् । यस्तै एक महोदय केहीअघि प्रधानमन्त्री कार्यालयका एक सहसचिव बिहानै आफ्नो कार्यकक्ष पुग्दा सुतिरहेकै भेटिएपछि यसको खुलासा भएको हो ।

हुन त सिंहदरबार छिर्न त्यति सहज छैन । दक्षिण गेटबाट प्रवेश पाउनै महाभारत पर्छ, आममानिसलाई । कुनै सांसद वा कर्मचारीलाई ज्यू नगरी त्यहाँभित्र छिर्ने कल्पना नै नगरे हुन्छ । दक्षिण गेट प्रवेश गरिसकेपछि पनि प्रधानमन्त्री कार्यालयमा अर्को तगारो आउँछ । त्यहाँ गेटमा खानतलासी गरिन्छ । प्रहरी पहरा छ । कसलाई भेट्न जाने, समय लिएको छ कि छैन, झोलामा केके बोकेको छ आदि इत्यादि सोधिन्छ । तर, यो सब दिनभरका लागि गरिने नौटंकी मात्रै रहेछ । नपत्याए साँझपख मन्त्रिपरिषद् कार्यालय छिरेर काठमाडौंको महँगो डेराभाडा जोगाउनेलाई सोध्ने कि, गृहसचिवबाट मुख्यसचिवमा बढुवा भएका लोकदर्शन रेग्मीज्यू ?

गाडी गनगन

पूर्वराष्ट्रपति रामवरण यादवलाई चारवटा गाडी सुविधा दिने विषयमा निकै गलफत्ती चल्यो । यो रोगको जरा खोज्दै जाँदा प्रशासनतन्त्रभित्रै पुगिन्छ । गाडीमोहको पछिल्लो एउटा उदाहरण हेर्न सञ्चार मन्त्रालय जाँदा हुन्छ । त्यहां सचिव केदारबहादुर अधिकारीलाई चौबीसै घन्टा एउटा गाडी, चालक र त्यसको इन्धनले मात्रै पुगेको छैन । एउटा स्कुटीसमेत नभई भएको छैन । पुरूष सचिवले स्कुटीमा न्याल काढेपछि अरू कर्मचारीलाई झन् सहज भइगो । एउटी महिला शाखा अधिकृत स्कुटीको आधिकारिक हकदार आफैं रहेको भन्दै प्रस्तुत भइन् । ती अधिकृतलाई पनि बाइकको खाँचो थिएन । मन्त्रालयकै एउटा गाडीले उनलाई ल्याउने–पुर्‍याउने गरिरहेकै थियो । तर, उनलाई एउटा स्कुटी जसरी पनि चाहिएको छ । त्यसको हकदाबीका निम्ति उनको प्रमुख तर्क थियो, 'बजेट ल्याउने बेलामा दौडधूप हामीले गर्नुपर्ने, अहिले स्कुटी आएपछि एउटै नपाउने ?' ◆

shanker
JAGDAMBA STEEL
देशको मेरुदण्ड
RHINO
GUARANTEED DUCTILITY
Fe 500D
GUARANTEE
*नेपाल अधिराज्य भरी ५०० के.जी. भन्दा बढीको खरिदमा ढुवानीको व्यवस्था गरिएको छ ।
नेपालमा पहिलो पटक
Guaranteed Rebar
RHINO 500D
GUARANTEE CARD
Lowest Carbon
Less Impurities (S+P= 0.075)
Min. Elongation 16 %
हरेक खरिदमा पाउनुहोस् ग्यारेन्टी कार्ड
NS:191
IS : 1786
OYSTER
RHINO 500D 12
नेपालमा पहिलो पटक, नेपालकै लागि
Available at : Samakhushi (01-4384786), Sanobharang (9841356008), Satungal (9841687562), Dhumbarai (01-4446169), Sanepa (01-5555259, 01-5525049), Bhaktapur (01-6616205), Banepa (9851054994), NGT (056-570695), Parsa Chitwan (9855055795), Bardibas (044-550702), Birtamode (9842871718), Balkhu (01-4450166, 9851120096), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467), Sallaghari (9851118515), Janakpur (9844104194, 9854020183, 9854026965), Birgunj (9855025151), Sitapaila (9851133746), Kalanki (9851152480), Melamchi (9851058093), Sukute (9851089323), Dharan (9852056372), Biratnagar (9852020186, 9842360444), Itahari (9852020953), Hetauda (9855067550, 9845030450)

ELEVATE
YOUR EXPECTATIONS
OLD DURBAR
OLD DURBAR®
BLENDED RESERVE WHISKY
A BLEND OF ENGLISH GRAIN SPIRIT AND 8 YEARS OLD SCOTCH MALT WITH SPRING WATER FROM THE HIMALAYAS FINISHED IN EUROPEAN OAK OLOROSO SHERRY BARRELS IN NEPAL
TWO CONTINENTS
FIRST BARREL
Maturation of the IMPORTED SCOTCH MALT constituent for eight years in traditional AMERICAN OAK BARRELS in SCOTLAND mellows the maturing spirit and imparts warming layers of vanilla spiciness and ripe berry overtone with a sweet taste, rich in barley malt.
SECOND BARREL
The IMPORTED SCOTCH MALT is blended with ENGLISH GRAIN SPRIT and SPRING WATER from THE HIMALAYAS and matured for few months in EUROPEAN OAK OLOROSO SHERRY BARRELS, which imparts fruity and honeyed depths to this exceptional whisky.
ADAM WALLIS
FOURTH GENERATION MASTER BLENDER
PRODUCED BY YETI DISTILLERY IN NEPAL
750ml/75cl ℮
42.8%alc/vol
http://www.facebook.com/olddurbar
का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८